साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ८ ✪ ३ चैत २०८२, मङ्गलबार ✪ 17 March 2026, Tuesday ✪ मूल्य रू. १०।-

## अध्यक्ष बिजुक्छेँद्वारा महासचिव किमलाई बधाई एवं शुभकामना





भक्तपुर । हालै सम्पन्न कोरियाली मजदुर पार्टीको नवौँ महाधिवेशनबाट महासचिव पदमा पुन: निर्वाचित हुनुभएकोमा महासचिव किम जङ उनलाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एक पत्र पठाई नेपाली जनता र नेमकिपाको तर्फबाट बधाई एवं शुभकामना व्यक्त गर्नुभएको छ ।

पत्रमा अध्यक्ष बिजुक्छेँले महासचिव किमको चयन उहाँको समर्पण, नेतृत्वदायी गुण र भविष्यबारे उहाँको दृष्टिकोणप्रति कोरियाली जनताको अगाढ विश्वास भएको बताउनुभयो । कोमपाको नवौँ महाधिवेशन पार्टी र त्यस देशको निम्ति महत्त्वपूर्ण क्षेत्र भएको उल्लेख गर्दै उहाँले उहाँको नेतृत्वमा कोरियाली मजदुर पार्टी र प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले उत्तरोत्तर प्रगति हासिल गर्ने, शक्तिशाली मुलुक बन्ने तथा जुछे क्रान्तिको झन्डालाई अझ उँचो उठाउने विश्वास व्यक्त गर्नुभयो ।

पत्रमा अध्यक्ष बिजुक्छेँले दुई पार्टी र दुई देशका जनताबिचको लामो मित्रवत् सम्बन्ध र ऐक्यबद्धता आगामी दिनमा अझै बलियो बन्दै जाने विश्वास व्यक्त गर्दै कोमपा र न्यायप्रेमी कोरियाली जनताको नेतृत्व गर्नमा निरन्तर सफलताको कामना व्यक्त गर्नुभयो । उहाँले महासचिव किमको व्यक्तिगत सुस्वास्थ्यको पनि कामना व्यक्त गर्नुभयो ।

# विदेशी र आर्थिक चलखेलबारे जनता सचेत हुनुपर्ने




भक्तपुर । वागीश्वरी माध्यमिक विद्यालयको ६७ औं, वागीश्वरी कलेजको १८ औं र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तेस्रो वार्षिकोत्सव विविध कार्यक्रम गरी फागुन २८ गते सम्पन्न भयो ।

सो वार्षिकोत्सवको अवसरमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वागीश्वरी स्मारिका, साहित्यिक सँगालो र विद्यालय गीत विमोचन गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई पुरस्कार, सम्मान तथा छात्रवृत्ति प्रदान गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेँले विश्वविद्यालयहरू मुलुकको उच्च शिक्षाको आधार तय गर्ने महत्त्वपूर्ण निकाय भएको बताउँदै देशभक्त र इमानदार व्यक्तिहरू राजनीतिमा आउनुपर्ने बताउनुभयो ।

सत्तासीन दलले स्वच्छ राजनीति नगरेरै देशको राजनीतिमा उतारचढाव भइरहेको उल्लेख गर्दै उहाँले युवाहरू राजनीतिबाट टाढा बस्ने होइन, राजनीतिलाई सुधार्ने जिम्मेवारीका साथ अगाडि बढ्नुपर्छ भन्नुभयो ।

भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा अगाडि बढाउन र समाजलाई शिक्षित बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न कलेजहरू सञ्चालनमा ल्याएको स्मरण गर्दै उहाँले जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित बनाउन सकेमात्र सभ्य समाजको परिकल्पना पूरा हुने बताउनुभयो ।

उहाँले निर्वाचनको समयमा हुने विदेशी र आर्थिक चलखेलबारे पनि जनता सजग हुनुपर्ने बताउनुभयो ।

नेपालमा विदेशीहरूको चलखेल व्यापक भइरहेको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले युवा विद्यार्थीहरूलाई विदेश पलायनबाट रोक्न सरकारले अब पनि ढिला गरे देशले ठुलो दुर्घटना व्यहोर्नुपर्ने अवस्था सिर्जना हुने खतरा औँल्याउनुभयो ।

कार्यक्रमका सभापति, वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०६४ सालमा स्थापना भएको वागीश्वरी कलेज क्यु.ए.ए. प्राप्त भक्तपुर जिल्लाकै पहिलो सामुदायिक कलेज भएको बताउनुभयो ।

देश बनाउने वा बिगार्नेमा बुद्धिजीवीहरूको महत्त्वपूर्ण भूमिका हुने धारणा राख्दै प्रमुख प्रजापतिले शिक्षित जनता राजनैतिक रूपमा सचेत र सङ्गठित भए मात्र देश सही दिशामा जाने बताउनुभयो ।

कलेजले राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन गर्नेमा जोड दिँदै जाने उल्लेख गर्दै उहाँले शैक्षिक संस्थाहरूले सचेत र देशभक्त नागरिक उत्पादनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

नेमकिपा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यार्थीहरूमाझ किताबी ज्ञानसँगसँगै आलोचनात्मक दृष्टिकोणको विषयमा पनि छलफल आवश्यक भएको र राजनैतिक नैतिकतामा सङ्कट आउनुमा विद्यालय शिक्षाको पनि दोष रहेको बताउनुभयो ।

"देशलाई राम्रो गर्ने या नगर्ने भन्ने कुरा सत्तासीन दलका नेता र राजनीतिक नेतृत्वमा भरपर्छ" उहाँले भन्नुभयो ।

राजनीति नीति निर्माण गर्ने क्षेत्र भएकोले राजनीतिमा इमानदारी र

**बाँकी पृष्ठ १२ मा**

# युद्धको विरोध गर्नु विदेशी कुरा होइन



भक्तपुर । गणेश माध्यमिक विद्यालय छालिङको ४५ औं वार्षिकोत्सव समारोह, अभिभावक दिवस, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन ३० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "विद्यार्थीहरूलाई पाठ्यक्रमभित्रका नेपाली र विदेशी भाषा सँगसँगै अन्य नेपाल र विदेशका थप भाषा सिकाउनु जरुरी छ । रुसमा दुई सय वर्षअगाडि नै १५ वर्ष उमेरका नयाँ पुस्तालाई ५ देखि ८ विदेशी भाषामा पोख्त बनाइएको दस्ताबेज उपलब्ध छ ।"

"विद्यार्थीहरूलाई जिम्नास्टिकबाट खेलकुद सुरु गर्नुपर्ने र ठुलालाई सम्मान र सानालाई माया गर्ने संस्कार सिकाउनुपर्ने विज्ञहरूको मत रहेको छ । शिक्षण पेसा नयाँ पुस्ता तयार गर्ने बीउजस्तै हो । योग्य शिक्षक शिक्षिकाहरूबाटै देशभक्त नयाँ पुस्ता तयार हुने हो, देशभरि नै विज्ञान, गणित र अङ्ग्रेजी विषयका शिक्षक अभाव भएको धेरै भयो । सरकारले योग्यहरूलाई पनि वैदेशिक रोजगारीमा पठाएको हुँदा थप समस्या भयो । विद्यालय व्यवस्थापन समितिले शिक्षकहरूलाई थप तालिम र अध्ययनको अवसर दिएर समयसँगै योग्य बनाउनु आवश्यक छ । विद्यार्थीहरूलाई मोबाइल, ल्यापटप, कम्प्युटरलगायत सूचना-प्रविधिका उपकरणहरूबाट पाठ्यपुस्तकलाई मद्दत पुग्ने विषय अध्ययन गर्ने गराउनु जरुरी छ" सचिव सुवालले भन्नुभयो ।

प्रमुख अतिथि सुवालले भन्नुभयो, "संरा अमेरिकी सरकारले सन् १९४५ मा जापानमा अणु बम खसालेर संसारभर डर पैदा गर्‍यो । सन् १९६१ सम्म पुग्दा सोभियत सङ्घले पहिलो पटक भूउपग्रहलाई मानिससहित अन्तरिक्ष यात्रा गरायो । सन् १९७३ मा अमेरिकाले मानिससहित चन्द्रमामा भूउपग्रह उडायो । यी सबै विज्ञान र गणितको उपलब्धि हो । नेपालमा विज्ञान, गणित र अङ्ग्रेजी शिक्षकको अभाव छ । शासकहरू फेरिन्छन् तर सरकारले सियो पनि बनाउन सकेन ।"

**बाँकी पृष्ठ १२ मा**

# विद्यार्थीमा देशको सार्वजनिक सम्पत्तिप्रति माया हुनुपर्ने

भक्तपुर । बाल विकास सेकेन्डरी स्कूल भक्तपुरको ३८ औं स्थापना दिवसको अवसरमा कक्षा ५ देखि १० सम्मको अर्थात् तेस्रो चरणको वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी फागुन २९ गते सम्पन्न भयो । वार्षिकोत्सवको अवसरमा विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले नयाँ पुस्तामा सही र गलत छुट्याउन सक्ने गुण तथा हल्लाको पछि दौड्न नहुने बताउनुभयो ।

उहाँले सार्वजनिक सम्पत्ति नास गर्नेहरू जतिसुकै ठुलो पदमा पुगे पनि देशलाई कुनै फाइदा नपुग्ने धारणा राख्दै विद्यार्थीमा देशको सार्वजनिक सम्पत्तिप्रति माया हुनुपर्ने बताउनुभयो ।

व्यावहारिक ज्ञानबिनाको किताबी ज्ञानले मानिसलाई कुनै पनि क्षेत्रमा सफल बन्न नदिने भएकोले विद्यालय र अभिभावकले नयाँ पुस्तालाई व्यावहारिक ज्ञान सिकाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

आफूमात्र ज्ञानी बन्न खोज्ने वा एक्लै अघि बढ्न खोज्ने प्रवृत्तिले मानिसलाई पतन बनाउने भएकोले विद्यार्थीहरूमा सामूहिक भावना हुनुपर्ने बताउँदै उहाँले विद्यार्थीहरूलाई स्वार्थी नबन र अग्रज तथा गुरुहरूप्रति कृतज्ञ बन्न सल्लाह दिनुभयो ।

खराब सङ्गतले भविष्य बर्बाद हुने भएकोले विद्यार्थीले आफ्नो सङ्गत सुधार्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रिन्सिपल गोसाईले अनुशासन नै सफलताको कडी भएको बताउँदै जीवनका जुन क्षेत्रमा लागे पनि असल, इमानदार र अनुशासित बन्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षिका सीतालक्ष्मी प्रजापतिले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने शिक्षकहरू सूर्यबहादुर पञ्च, शङ्कर आचार्य, सृष्टि प्रधान तथा चिनियाँ भाषा शिक्षिका सोफियाले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।


कार्यक्रमको दोस्रो चरणमा विद्यार्थी तथा शिक्षक/शिक्षिकाहरूले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

❖ मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
❖ मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
❖ प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
❖ जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
❖ वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
❖ ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
❖ वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



जब एक ध्रुवमा समाजको सबै धन जम्मा हुन्छ त्यही समयमा अर्को ध्रुवमा गरिबी, बँधुवा श्रमको कष्ट, दासता, अज्ञानता, नृशंसता र मानसिक पतन जम्मा हुन पुग्छ ।

कार्ल मार्क्स

## सम्पादकीय

# अर्काको योजनामा नलागौँ, आफै गम्भीर होऔँ !

कुनै पनि सरकार विदेशीको भरमा टिक्न सक्दैन बरू आफ्नै देशको आधारमा चल्ने सरकारहरू तुलनात्मकरूपले स्थिर रहेको हाम्रै देशको अनुभव हो । प्रजातन्त्रको पुन:स्थापना र गणतन्त्रदेखि २०८२ भदौको दोस्रो हप्तासम्मका सरकार र पञ्चायतकालीन सरकारहरूको अस्थिरताबारे अध्ययन गर्दा नेपालको शासनमा जाने राजनीतिक दलहरू जानेर वा नजानेर विदेशीहरूकै कारण अस्थिर भएको साबित हुन्छ । कतिपय मन्त्री हुनेहरू आफैलाई थाहा छैन आफूलाई कसले मन्त्री हुन सिफारिस गरेका हुन् ! २०८२ भदौको चौथो हप्तापछि मात्रै नेपाली जनता र नेपालको प्रजातन्त्रका वास्तुकलाविद्हरू कुन देशका व्यक्तिहरू थिए ? नेपाली जनतालाई थाहा छैन । नेपालको कम्युनिस्ट आन्दोलनमा 'कम्युनिस्ट' नामका सबै पार्टी र 'समाजवादी' नामका सबै दलहरू झूटा साबित भए । अहिले प्रस्ट देखिएका दुई शक्ति संरा अमेरिकाको ट्रम्प प्रशासन र भारतको मोदी सरकार कसरी चल्दै छ भन्ने प्रस्ट हुन्छ । साँच्चै वर्तमान अमेरिकी राष्ट्रपतिलाई 'तानाशाही' र मोदीलाई 'सशक्त' र 'स्वतन्त्र शासक' हो भनी मानेमा त्यो अड्कल र समझदारी फितलो तर्कमा आधारित भएको साबित हुनेछ ।

विदेशका राष्ट्रपति वा प्रधानमन्त्रीहरूलाई अमेरिकी राष्ट्रपति ट्रम्पले गर्ने व्यवहार र क्यानाडा, युक्रेन, ग्रीनल्यान्ड र डेनमार्कका प्रधानमन्त्री वा जिम्मेवार शासकहरूलाई ट्रम्पले गर्ने भाषा र व्यवहारलाई सामान्य राजनीतिक सदाचारको कसीमा जाँचेर हेरेमा ट्रम्पलाई स्वस्थ व्यक्ति भन्न सकिन्न वा उनको लुगाभित्र अर्कै पोशाक लगाएका तानाशाही व्यक्तित्व कल्पना गर्न पाठकहरू बाध्य हुनेछन् ।

यसको एउटा कसी हो - वर्तमान नेपालका प्रधानमन्त्री सुशीला कार्कीलाई सत्तामा ल्याउँदाका अस्पष्टता र अलमलका दृश्यहरूले प्रस्ट पार्छ र नेपालको स्वतन्त्रता र सार्वभौमिकता कति कमजोर भइरहेको छ भन्ने तस्बिर छर्लङ्ग हुन्छ । यसकारण, पदमा बस्नेहरू निर्वाचनमा विजय प्राप्त गरेका हुन् वा कतै आफूहरू कुनै मन्दिरमा चढाउन भाकल गरेका वाहन वा बलिका बोका हुन् ?! राणा कालमा 'श्री ३ हरू बग्गीमा बसेर सवारी हुँदा' नयाँ नयाँ मोहर र रुपैयाँ दर्शकहरूको दायाँ र बायाँ लहरमा छर्थे र केटाकेटीहरू आपसमा लुछाचुँडी गर्थे । ३०-४० वर्षपहिले पश्चिमेली पर्यटकहरू बजार र मन्दिरमा केही पैसा फाल्थे वा छर्थे, अनि पैसा टिप्न केटाहरू आपसमा लछारपछार गरेका दृश्यहरू क्यामरामा कैद गर्थे । नेपालका शासक दलहरू त्यसरी नै सरकारमा जान लुछाचुँडी गर्थे र नेपालको राजनीतिक स्थितिबारे वाशिङटन र दिल्लीबाट आकलन गरिरहेका हुन्थे सम्बन्धित व्यक्तिहरू !

आजको नेपालको राजनीतिक स्थिति र राजनीतिक स्तरबारे अस्तिको संसदीय निर्वाचनको परिणाम नौलो र सुध्रिएको भाषामा समाचारपत्रहरूका शीर्षकहरूबाट थाहा हुन्छ -

'आमाको आदर्श !' 'जाँदाजाँदै नराम्ररी चुक्नुभयो प्रधानमन्त्री कार्की ।'

*(नेपाल समाचारपत्र - २ चैत, २०८२)*

'बालेन रास्वपामा सर्वसम्मत संसदीय दलको नेता बन्दै, लगत्तै प्रधानमन्त्रीमा नियुक्ति गर्ने तयारी ।"

'आफ्नो हात जगन्नाथ, प्रमुख स्वकीय सचिवलाई कोषको जिम्मा ।'

'बेस्ट पर्फमेन्स' दिने मन्त्रिपरिषद् गठनको गृहकार्य ।'

*(अन्नपूर्ण पोस्ट, २ चैत २०८२)*

जाँदाजाँदै अन्तरिम सरकारबाट अख्तियारको चरम दुरूपयोग', 'आफ्नै सिफारिसमा भावी गृहमन्त्रीको लक्ष्यसहित राष्ट्रियसभामा अर्याल ।'

*(राजधानी, २ चैत २०८२)*

सरकारबाट बाहिर पाइला राख्नुभन्दा पहिले नै व्यक्ति व्यक्तिको चीरहरण गर्छन् ज-जसले व्यक्तिलाई काँधमा बोकेर थुक्ने क्षेत्रमा राख्ने गर्छन् ।

'काङ्ग्रेस समानुपातिकमा सभापतिका ज्वाइँदेखि पूर्वराष्ट्रपतिका छोरासम्म ।' शासक दल र नेताहरूको मानसिकतामा परिवर्तन आएन ।

'जेन-जी आयोग प्रतिवेदन', 'सुरक्षा अङ्गलाई कमजोर पार्ने षड्यन्त्र ।'

*(नागरिक दैनिक, २ चैत २०८२)*

२००७ सालदेखि नै नेपाल विदेशीहरूकै तमासा हेर्ने खेलमैदान हुँदै छ । बुद्धिजीवीहरू मौन बस्ने यो समय होइन, नत्र देशमा एकपछि अर्को दुर्भाग्य निम्तिने छ ।

# सरकार विदेशीको चङ्गुलमा फस्ने खतरा के कति छ ?

✍ प्रज्ज्वल

चुनाव ताजा जनादेश लिने अवसर हो । मौजुदा सरकार असक्षम भएपछि ताजा जनादेशमा जानु अपरिहार्य हुन्छ । गत भदौ २३ गतेको हत्या र भदौ २४ गतेको देशभरि आगजनीपछि तत्कालीन नेका समर्थित एमालेको ओली सरकारले राजीनामा दियो । भदौ २७ गते रातिसम्म पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा निर्वाचन सरकार गठन र यो सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन भई फागुन २१ गते निर्वाचन पनि सम्पन्न भयो ।

केही विश्लेषकहरूले भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न गठित आयोगको प्रतिवेदन उम्मेदवारीको मिति माघ ६ गते अगाडि नै सार्वजनिक गर्नुपर्ने र दोषी आरोपीलाई उम्मेदवार हुन नमिल्ने व्यवस्था गर्नुपर्ने विषय जोडका साथ उठाएका थिए । निर्वाचन सरकार यो विषयतर्फ गम्भीर भएन ।

कतिपय विश्लेषकहरूले रास्वपाले निर्वाचन अगाडि नै संसद्मा प्रतिपक्षी नहुने घोषणा गर्नु र नतिजा त्यतैतिर उन्मुख हुनु संयोगमात्र नभएको, सुरक्षा निकायको बलमा चुनाव भएको र निर्वाचन सरकार

*संविधान निर्माणको अन्तिम बेला २०७२ सालमा पनि भारतीय शासक वर्गले तत्कालीन विदेश सचिव नेपाल पठाएर आफ्नो अनुकूल संविधान बनाउन दबाब दिएको थियो । त्यसो त बेलायती शासकवर्गले भारतमा उपनिवेश चलाएको २१० वर्षको अवधिमा नेपाललाई पनि बेलायतले अर्धउपनिवेश बनाएको थियो । २०४६ सालमा बहुदलीय व्यवस्था पुन:स्थापनायता पालैपालो सरकारमा गएका नेका, एमाले र माओवादीले देश र जनताको नि:स्वार्थ सेवा नगरेको हुँदा भदौ २३ र २४ गतेको घटना घटेको पुष्टि भइरहेको छ ।*

पूर्वाग्रही भएको समेत प्रसङ्ग उठाए । विदेशी सञ्चारले भदौ २३ गतेको घटनालाई मात्रै उछाल्ने, भदौ २४ गतेको घटनालाई लुकाउने र परिणाम सोहीबमोजिम निस्केको बारे कतिपयले आश्चर्य प्रकट गरे ।

छानबिन आयोगका पदाधिकारीले नै भदौ २३ गतेको घटनाबारे दोषी किटान गरिएको र भदौ २४ गतेको घटनाबारे व्याख्या विश्लेषण गर्ने ठाउँ छाडेको बताएकोलाई केही विश्लेषकहरूले त्यस्ता पदाधिकारीहरू देशद्रोहका मतियार हुने उल्लेख गरे ।

निर्वाचन नतिजाअनुसार रास्वपाको प्रत्यक्ष १२५ र समानुपातिक ५७ सहित १८२ सदस्य, नेकाको प्रत्यक्ष १८ र समानुपातिक २० सहित ३८, एमालेको प्रत्यक्ष ९ र समानुपातिक १६ सहित २५, नेपाली कम्युनिस्ट पार्टी (दाहाल) को प्रत्यक्ष ८ र समानुपातिक ९ सहित १७, श्रम संस्कृति पार्टीको प्रत्यक्ष ३ र समानुपातिक ४ सहित ७, राप्रपाको प्रत्यक्ष १ र समानुपातिक ४ सहित ५ सदस्य, एक स्वतन्त्र महावीर पुनसहित २७५ जनाको प्रतिनिधिसभा बन्ने भयो ।

राष्ट्रियसभामा नेका २५, नेकपा १८, एमाले ११, जसपा ३, राजमो १ र सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत निर्वाचन सरकारका गृहमन्त्री ओम अर्यालसहित ५९ जना हुने भयो ।

विश्लेषकहरूले रास्वपाका कतिपय उम्मेदवारहरू अन्य शासक दलबाट तानतुन गरी बनाइएको हुँदा यी सांसदहरू स्थायी सरकारको कर्मचारीतन्त्रका कतिपय लोभीपापी र अवसरवादीहरूको प्रभावमा पर्ने बताए । वास्तवमा भदौ २३ गतेको हत्या र भदौ २४ गतेको डरलाग्दो आगजनीको लागि सिंहदरबारका कतिपय मुख्य कर्मचारीहरू पनि जवाफदेही हुनुपर्ने विषय धेरै अगाडि नै सार्वजनिक भएको हो । नेपालको यो डरलाग्दो घटनामा भारतीय र अमेरिकी सरकारको संलग्नता हुने पनि यसअघि नै बाहिरिएको हो । निर्वाचन नतिजालगत्तै अमेरिकी राजदूतावासबाट सुरक्षा सहकार्यको प्रस्ताव बाहिरिएको पनि संयोगमात्र नहोला । यसलाई एमसीसी र एसपीपीसँग जोडेर नेपाली जनताले अब बन्ने सरकारलाई खबरदारी गर्नुपर्दछ ।


संविधान निर्माणको अन्तिम बेला २०७२ सालमा पनि भारतीय शासक वर्गले तत्कालीन विदेश सचिव नेपाल पठाएर आफ्नो अनुकूल संविधान बनाउन दबाब दिएको थियो । त्यसो त बेलायती शासकवर्गले भारतमा उपनिवेश चलाएको २१० वर्षको अवधिमा नेपाललाई पनि बेलायतले अर्धउपनिवेश बनाएको थियो । २०४६ सालमा बहुदलीय व्यवस्था पुन:स्थापनायता पालैपालो सरकारमा गएका नेका, एमाले र माओवादीले देश र जनताको नि:स्वार्थ सेवा नगरेको हुँदा भदौ २३ र २४ गतेको घटना घटेको पुष्टि भइरहेको छ ।

एमाले र माओवादी संयुक्त भएर निर्वाचन भएको २०७४ सालमा झन्डै दुईतिहाइ बहुमत पुऱ्याइयो । तर, ओली र दाहालमा अहङ्कार बढ्दा दुईतिहाइको सरकार एक डेढ वर्षमा पतन भयो । रास्वपाबाट प्रधानमन्त्री हुन लागेका बालेन्द्र साह र अन्य सहयोगीहरूमा यस्तै अहङ्कार बढिरहेको हो कि ? नभए निर्वाचन सरकारका प्रधानमन्त्री र सुरक्षा निकाय प्रमुखलाई राष्ट्रपति र उपराष्ट्रपति किन सार्वजनिक भयो ? निर्वाचन सरकारका कसैलाई पनि निर्वाचित सरकारले पुरस्कार दिनु सम्पन्न चुनावमा प्रश्न उठ्ने विषय हो ।

बालेन्द्र साहको सरकारले सुरक्षा र प्राकृतिक स्रोत साधनबारे सन्धि सम्झौता सामान्य बहुमतबाट हुने गरी संविधान संशोधन गरेमा नेपाली जनता सडकमा ओर्लनु आवश्यक छ । निर्वाचन सरकारका प्रम सुशीला कार्कीले निर्वाचनअघि भदौ २३ र २४ गतेको घटनाबारे एकतर्फी प्रचार गरेका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई निर्वाचनलगत्तै अन्तर्वार्ता दिएको पनि संयोग मात्र नहोला ।

एक विश्लेषकले प्रश्न गरे, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका जलिरहँदा निभाउन नजाने सरकारी निकायका अधिकारीहरू त्यो दिन कसरी सुते होलान् ? काठमाडौँ महानगरपालिकाले साढे ३ वर्षयता कायापलट गरेको केही होइन, देशका अन्य कतिपय नगरपालिका शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणमा नमुना भए । तर, विदेशी सञ्चारले भदौ २३ गतेको घटनालाई अपहरण गर्ने को को हुन् खोजी गरेनन् । विदेशीको आडभरोसामा पार्टी गठन र सञ्चालन गरी चुनाव जित्ने र सरकारमा पुग्नेहरूबाट नेपाली जनता सचेत हुनु आवश्यक छ । 'सिस्नो रोपेर तुल्सी उम्रन्न ।'

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिले उपभोक्ता मारमा




शुक्र

अमेरिकी र इजरायली सरकारले इरानमा सैन्य आक्रमणपश्चात् अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल औसत ६० देखि ८० डलर रहेको कच्चा तेलको मूल्य २०० डलर पुग्ने अनुमान गरिँदै छ । विश्वको २० प्रतिशत तेल ढुवानी गर्ने 'हर्मुज जलडमरु' को समुद्री मार्ग बन्द भएपछि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ भारी मात्रामा मूल्यवृद्धि भइरहेको हो । इन्डियन आयल कर्पोरेशनले गत शनिबार पेट्रोलियम पदार्थको मूल्य बढाएपछि नेपाल आयल निगमले पेट्रोलियम पदार्थको भारी मूल्यवृद्धि गऱ्यो ।

दशकअघिसम्म पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुँदा सडकमा विरोध हुन्थ्यो । अहिले सरकारले पेट्रोलमा प्रतिलिटर १५ रुपैयाँ, डिजेल र मट्टीतेलमा १० रुपैयाँ मूल्य बढाएको छ । नेपाल आयल निगमका अनुसार इन्डियन आयल कर्पोरेसनले पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ, डिजेल र मट्टीतेलमा ५४ रुपैयाँ र एलपी ग्यासमा प्रतिसिलिन्डर २१६ रुपैयाँ बढाएको जनायो ।

नेपालको कूल आयातमध्ये पेट्रोलियम पदार्थको आयात २५ प्रतिशत छ । यति धेरै आयात हुने वस्तुको अचाक्ली मूल्य बढेपछि त्यसको असर सबैतिर पर्ने स्वाभाविक हो । पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै ढुवानी भाडा बढ्ने र आम उपभोक्ता मूल्यवृद्धिको मारमा पर्नेछन् । आज नेपाली जनताले खाना पकाउने ग्यास सहजरूपमा पाउन सकेको छैन । आपूर्ति सहज गर्न बजारमा आधार सिलिन्डरको ग्यास पठाए पनि आम उपभोक्ताले ग्यास पाउन सकेका छैनन् । उद्योगीले बिनाकारण सिमेन्ट र दण्डीमा ४० प्रतिशतसम्म मूल्यवृद्धि गर्दासमेत सरकार चुप बस्नु लाचारी हो ।



नेपाल बिजुलीमा आत्मनिर्भर हुनुपर्ने आवाज उठेको धेरै भयो । शासक दलहरूले आफ्नो कुर्सी जोगाउनकै लागि कोसी, गण्डकी, महाकाली, कर्णालीलगायतका ठुला नदी भारतीय विस्तारवादलाई दिएको हुँदा जनतालाई थप दु:ख भयो । नेपालीकै लगानीमा नेपालको जलस्रोतको विकास गरेको भए नेपालीले सस्तोमा खाना पकाउन पाउन र विद्युतीय यातायात सञ्चालन गर्ने थिए ।

दक्षिण एसियामा बिजुलीको एउटै ग्रिड बनाउने र दिल्लीबाट त्यसको सञ्चालन गराउने सम्झौता गर्ने शासक दलले आज नेपाली जनतालाई जवाफ दिनुपर्छ । भारतीय विस्तारवादले २०७२ सालमा नाकाबन्दी गर्दा पनि नेपाली जनता भोकै सुत्नु परेको थियो ।

विगतमा नेपाल सरकारले संयुक्त राष्ट्र सङ्घमा रुसको विरोध गर्दै युक्रेनको पक्षमा मतदान गऱ्यो । आजको जटिल परिस्थितिमा नेपाल सरकारले विश्वका स्वतन्त्र र सार्वभौम देशहरूमाथि हमला गर्ने अमेरिकी साम्राज्यवादको विरोध गर्नु जरुरी छ ।

# नयाँ सांसदहरूले संसदीय व्यवहार सिकेनन् भने हिजोझैं भ्रष्टाचार हुने

*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** सँग अन्नपूर्ण पोस्टका प्रतिनिधि श्रेया श्रेष्ठले प्रतिनिधिसभाको निर्वाचन परिणामलाई लिएर गरेको अन्तर्वार्ता जानकारीको लागि यहाँ प्रस्तुत छ - सं.)*

## अन्तर्वार्ता



**● यत्रो वर्षसम्म भक्तपुर-१ मा नेमकिपाले जित्दै आएको थियो, यसपालि किन रास्वपाले जितेको जस्तो लाग्छ हजुरलाई ?**

- सिद्धान्त र विचारले नेमकिपा एक राष्ट्रिय र अन्तर्राष्ट्रिय पार्टी हो । यसकारण, नेमकिपा भक्तपुर-१ मात्र नभई देशैभर चुनावमा होमिएको हो । यसपालि पनि हामीले पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिण देशैभरि उम्मेदवारी दिएका थियौं । त्यस क्रममा भक्तपुरकै नयाँ र पुराना साथीहरू प्रचारको क्रममा अनुभव सिक्न जिल्ला-जिल्ला जानुभएको थियो । परिणामले हाम्रा सङ्गठनका नयाँ-पुराना साथीहरूले विभिन्न जिल्लामा अनुभव बटुल्नुभयो । यसको अप्रत्यक्ष फाइदा यसपालि रास्वपालाई भक्तपुर-१ मा भयो ।

**● अहिलेको पुस्ताका मान्छेहरू हजुरहरूसँग अलि डिस्कनेक्ट भएको हो कि, तपाईंलाई के लाग्छ, ?**

- निर्वाचन आयोगको आचारसंहिताअनुसार हामीले कलिला नयाँ पुस्तालाई चुनावमा अगाडि लगाएनौं । तर, अन्य दलहरूले नयाँ पुस्तालाई प्रभाव पार्न र अभिभावकहरूलाई मानसिक दबाब दिन नयाँ प्रचार यन्त्र प्रयोग गरे, जो निर्वाचन आयोगले आकलन गर्न सकेन । अभिभावकहरूलाई "हामीले भनेको चिह्नमा मत नदिए घरमा पैसा पठाउँदैनौं, घर फर्केर आउँदैनौं वा देशमै बस्दैनौं" भनी घुर्की लगाई घरहरूमा रुवाबासी चलेको जानकारी आएको थियो । त्यस्ता गतिविधिहरू निश्चय पनि धम्की र मानसिक यातनाकै स्वरूप थियो जो निर्वाचन आयोगले पहिले नै अनुमान गर्न सकेन भन्ने चर्चा पनि छ ।

**● अब नयाँ पार्टीले के गर्ला जस्तो लाग्छ, अनि उनीहरूप्रति विश्वास छ कि छैन ?**

- देश र जनताको सेवामा समर्पित नभएसम्म जस्तोसुकै साधन प्रयोग गरेर निर्वाचनमा सफलता प्राप्त गरे पनि संसदीय व्यवस्थाअनुसार काम गर्ने प्रतिबद्धता भएन भने गुनासो गर्ने धेरै ठाउँ रहने गर्छन् । विघटित संसद्मा पुराना र नयाँ सांसदहरूले 'राहदानी बेच्ने', 'रक्सी खाएर बाटोमा लड्ने', 'मेच तोडफोड गर्ने', 'सीडीओलाई चड्कन लगाउने' जस्ता अनेक अनैतिक कार्य र भ्रष्टाचारका काण्डहरू मच्चाए । पहिले जनताले भनेकै थिए, "सिंहदरबारमा बाँदर पस्यो", "सांसदहरूलाई कुस्ती र बक्सिङ खेल्न संसद्भित्रै बक्सिङ क्लव खोल्नुपर्यो" इत्यादि । देश यही हो, समाज यही हो, नयाँ सांसदहरूले संसदीय व्यवहार सिकेनन् भने हिजो जस्तै हातपात, मारपिट र भ्रष्टाचार हुनेछ ।

**● यो चुनावमा तपाईंहरू एकदमै कन्फिडेन्ट हुनुभएको भन्ने पनि दाबी छ, यसबारे केही भन्न चाहनुहुन्छ ?**

- यो सत्य होइन । बरु, यसपालि हाम्रा कार्यकर्ताहरूले इमानदारीपूर्वक विभिन्न जिल्लामा सहयोग गर्न र अध्ययन गर्न दुःख गर्नुभएकोमा हामी सन्तोष अनुभव गर्दै छौं । भनिन्छ, युद्धमा हारेको सिपाहीं अझ लडाइँ लड्न जान्ने हुन्छ । हाम्रो नयाँ पुस्ताले पनि नेपाललाई आध्यात्मिक रूपले मात्र होइन भौतिक रूपले बुझ्ने अवसर पायो ।

*हाम्रो देशले केही वर्षदेखि प्रजातन्त्रको अभ्यास गर्दै छ, जब कि पश्चिमी देशहरूले ४-५ सय वर्षदेखि यो अभ्यास गर्दै आएका हुन् । हाम्रो देश करिब २०० वर्ष बेलायतको अर्ध-उपनिवेश रह्यो र झन्डै ७० वर्षदेखि भारतीय एकाधिकार पुँजीको छायामा छटपटिँदै रह्यो । यस्तो परिवेशमा आफ्नो खुट्टामा उभिने र आत्म-निर्भरतामा ध्यान दिनेबारे दलहरू अभ्यस्त भइसकेका छैनन् । हरेक विषय सिक्दै जाने हो । नेपाली जनताले यी सबै छिट्टै सिक्ने हाम्रो विश्वास छ ।*

**● सामाजिक सञ्जाल (सोसियल मिडिया) को कारणले पनि रास्वपाले जितेको भनिएको छ नि, यसबारे के लाग्छ तपाईंलाई ?**

- सरकार र निर्वाचन आयोगले कम समयमात्रै प्रचार गर्ने अवसर दिए । राजनैतिक छलफल र राजनैतिक चेतनालाई अझ चम्किलो पार्ने अवसरको लागि कम समय हुँदा प्रजातान्त्रिक गतिविधिमा बाधा परेको प्रस्ट छ । अन्य दलहरूले सबै प्रकारका निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दा पनि समयमै त्यसलाई रोक्न आयोग असफल रह्यो ।

तर, नेमकिपा बडो संयमित र नागरिक परिपाटीलाई कायम गर्दै रह्यो । यसको निम्ति हाम्रो पार्टीले हाम्रा कार्यकर्ताहरूलाई स्याबासी दिएको छ ।

**● यसपालिको हारले केही सिक्नुभएको अथवा अनुभव भएको छ पार्टीलाई ?**

- निश्चय पनि नेमकिपाका कार्यकर्ताहरूले सरकार र निर्वाचन आयोगको कमी कमजोरीलाई बुझ्ने र वर्तमान सरकार अझै संरा अमेरिका र भारतको प्रभावमा परेको र भारतीय प्रचार यन्त्रले नेपालको प्रजातान्त्रिक गतिविधिमा हस्तक्षेप गरेको प्रत्यक्ष रूपले अनुभव गरे । मतगणना केन्द्रमा विदेशी पत्रकार र फोटोग्राफरहरूलाई प्रवेश दिनु, केही जिल्लामा अमेरिकी सेना देखिनुले देशको परराष्ट्र नीति कतातिर जाँदै छ भनेर बुझ्न सकिन्छ ।

**● अहिलेको पार्टी (रास्वपा) ले राखेको एजेन्डा के ५ वर्षमा पूरा होला ?**

- सरकारमा रहेर उहाँहरूले गर्ने प्रदर्शनले देखाउने विषय हो यो ।

**● हजुरहरूले पहिलेदेखि जति पनि काम गर्नुभएको थियो, अहिले मानिसहरूले त्यसलाई अनदेखा गरेको जस्तो लागेको छ ?**

- हाम्रो देशले केही वर्षदेखि प्रजातन्त्रको अभ्यास गर्दै छ, जब कि पश्चिमी देशहरूले ४-५ सय वर्षदेखि यो अभ्यास गर्दै आएका हुन् । हाम्रो देश करिब २०० वर्ष बेलायतको अर्ध-उपनिवेश रह्यो र झन्डै ७० वर्षदेखि भारतीय एकाधिकार पुँजीको छायामा छटपटिँदै रह्यो । यस्तो परिवेशमा आफ्नो खुट्टामा उभिने र आत्म-निर्भरतामा ध्यान दिनेबारे दलहरू अभ्यस्त भइसकेका छैनन् । हरेक विषय सिक्दै जाने हो । नेपाली जनताले यी सबै छिट्टै सिक्ने हाम्रो विश्वास छ ।

# भावी सरकार र एसपीपी सम्झौताबारे चर्चा

**● विवेक**

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा रास्वपाले प्रत्यक्षमा १२५ स्थान र समानुपातिकमा ५७ गरी १८२ स्थानमा जित हासिल गऱ्यो । यो प्रतिनिधि सदस्यको झण्डै दुईतिहाइ सङ्ख्या हो । २०४६ सालपछि कुनै पनि राजनीतिक दलले यतिको बहुमत प्राप्त गर्न सकेको थिए । २०७९ सालको निर्वाचन समय अघिमात्र पार्टी गठन भई चुनावमा होमिएको रास्वपाले पहिलो पटक २१ जना सदस्य प्रतिनिधिसभामा पठाउन सफल भयो ।

भदौ २३ र २४ गतेका युवाहरूको प्रदर्शनपछि आएको राजनैतिक घटनाक्रमले ६ महिनाभित्रै रास्वपालाई देशकै ठुलो मात्र होइन, दुईतिहाइको सरकार गठन गर्न पुग्ने बहुमत दियो । यो जनताको मत रास्वपाका नेताहरू राम्रो भएर वा जनताको विश्वास भएर भन्दा पनि २०४६ सालपछि सरकारमा गएका नेका, एमाले र माओवादीको शासनबाट जनतामा व्याप्त असन्तुष्टिको परिणाम हो ।

बितेको ३५/३६ वर्षको अवधिमा केपी ओली, प्रचण्ड, झलनाथ खनाल र माधवकुमार नेपालजस्ता 'कम्युनिस्ट' नेताहरू पटक पटक प्रधानमन्त्री भए । त्यस्तै नेकाका नेताहरू गिरिजा प्रसाद कोइराला, शेरबहादुर देउवा र सुशील कोइरालाहरू प्रधानमन्त्री भए तर देशमा जनताले चाहेको जस्तो कुनै परिवर्तन भएन । भ्रष्टाचार चुलिँदै गयो, युवाहरू विदेश जाने लहरलाई रोक्न सकेन, हरेक क्षेत्रमा परनिर्भरता बढ्दै गयो र देश आर्थिक रूपमा टाट पल्टिने अवस्था पुग्यो । पटक पटक विभिन्न पार्टीहरूलाई मत दिँदा पनि परिवर्तन नदेखेपछि हाल सम्पन्न निर्वाचनमा नयाँको आधारमा रास्वपालाई मत दिएको देखिन्छ ।

निर्वाचनपछि रास्वपाको उदयसँगै अमेरिकासँगको स्टेट पार्टनरशीप प्रोग्राम (एसपीपी) सम्झौताबारे चर्चा हुन थालेको छ । यसअघिकै सरकारहरूले त्यसलाई पारित गर्न खोजेका थिए तर संसद् र सडकबाटै त्यसको चर्को विरोधपछि पारित हुन सकेको थिएन ।

एमसीसीका शूत्राधारमध्येका एक स्वर्णिम वाग्ले अब बन्ने नयाँ सरकारको अर्थमन्त्री बन्दै छन् । उनले एसपीपी नेपाल भित्र्याउन, नेताहरूलाई मनाउन निकै समय खर्च गरेको दाबी गर्दै छन् । संसद्बाट एमसीसी अनुमोदनको क्रममा निकै विरोध भएको थियो । अमेरिकी कानुन र नीति उल्लङ्घन गर्न नपाइने, उक्त परियोजना कार्यान्वयन गर्दा नेपालीको मृत्यु भएमा उजुरी गर्न नपाइने, एमसीसीअन्तर्गतका सबै क्षेत्रमा अमेरिकी कानुन लागु हुने र एमसीसीलाई चित्त बुझ्ने योजना मात्र भारतको अनुमतिमा कार्यान्वयनमा आउनेजस्ता देशघाती बुँदाहरू त्यस सम्झौतामा रहेको कुरा सार्वजनिक भएको विषय हो ।

एमसीसीको विरोधमा नेपाल मजदुर किसान पार्टीले संसद् र सडकमा चर्को आवाज उठायो । देशका १०० भन्दा बढी ठाउँमा जुलुस प्रदर्शनहरू गर्यो र जनतालाई एमसीसीका देशघाती बुँदाहरूबारे सचेत पार्ने काम गऱ्यो । माओवादीभित्रका थुप्रै नेताहरू पनि त्यस सम्झौताको विरोधमा थिए । एमसीसी सम्झौताले नेपालमा अमेरिकी प्रभाव बढ्दै जाने र नेपालले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीति विपरीत भएकोमा देशभक्त नेपाली बुद्धिजीवीहरू पनि एकमत छन् । त्यस्ता सम्झौतालाई 'व्याख्यात्मक टिप्पणी' को नाउँमा नेका, एमाले र माओवादीसहित सबैले पारित गरे । त्यस सम्झौताको विरोध नेमकिपाले मात्रै गऱ्यो ।

रास्वपा नेता स्वर्णिम वाग्लेले भने -"एमसीसी नेका, एमाले र माओवादी मिलेर पारित गर्ने अनि दोष जति मलाई दिने ?" जनतामा एमसीसीको विरोध र आक्रोस देखेपछि आएको वाग्लेको अभिव्यक्ति हो त्यो ।

एमसीसी संसद्बाट अनुमोदन भइसकेकोले अब फिर्ता हुन सक्ने सम्भावना अत्यन्त कम छ । जाबो ५५ करोड डलरको निम्ति हाम्रा शासकहरूले अमेरिकी हस्तक्षेप स्वीकार गरे, देशको सार्वभौमिकता बन्धकमा राखे; अमेरिकासामु आत्म समर्पण गरे एमसीसीकै कारण देशमा अमेरिकी प्रभाव बढ्दै गएको छ । केही समयअघि काठमाडौँको शिवपुरी माविमा अमेरिकीहरूले सैनिक पोशाकमै व्याण्ड बाजा प्रस्तुत गरेका थिए । घोडाजात्राको दिन काठमाडौँको टुँडिखेलमा सैनिक व्याण्डसहित नृत्य प्रदर्शन गरे । त्यस्तै १ वर्षअघि अमेरिका, बेलायत, भारत र नेपालको संयुक्त सैनिक व्याण्डले काठमाडौँ र ललितपुरमा सैनिक ब्याण्ड प्रस्तुत गरेका थिए । नेपालमा अमेरिकी प्रभाव बढ्दै जानुको योभन्दा राम्रो उदाहरण अरू के हुन सक्छ ? यस अवधिमा धेरै सैनिक उच्च पदाधिकारीहरू नेपालमा आउजाउ गर्न थालेका छन् । नेपालमा विगतमा भारतको अत्यधिक प्रभाव रहेकोमा अब अमेरिका पनि पछि पछि आउन थालेको छ ।

पछिल्लो युवा प्रदर्शनमा एकै दिन देश जल्नु त्यसै कारण सम्भव भएको देखियो । अमेरिका र भारतजस्ता शक्तिशाली देशहरूको हात नभई कुनै पनि हालतमा यति छोटो अवधिमा यति धेरै राज्यको सम्पत्तिमा क्षति पुऱ्याउन सक्ने सम्भावनै थिएन । ५/६ घण्टाभित्र देशका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरू जले । केही समय देश संविधानविहीनताको अवस्थामा पुग्यो । त्यो घटनामा मोहडामा स-साना कलिला बालबालिकाहरू परे पनि पछाडि त्यस्तै शक्तिको भरपुर सहयोग हुन सक्ने धेरैको अनुमान थियो ।

एसपीपीको कुरा चर्चामा आइरहेको बेला तत्कालीन प्रधानसेनापति प्रभुराम शर्माको एउटा भिडियो फुटेज अहिले सार्वजनिक भएको छ । उनले एसपीपीले नेपालमा विपद्को बेला काम लाग्ने सामान ल्याउने एमसीसीअन्तर्गत सहज हुने भएकोले मानवीय सहायता नेपालमा ल्याउने लक्ष्यका साथ काम भएको कुरा व्यक्त गरेका छन् । वास्तवमा एमसीसी अमेरिकाले नाटो देशको सदस्य बनाउन चालिने पहिलो कार्यक्रम हो । अमेरिकाले पहिले एसपीपी सम्झौतामा हस्ताक्षर गराउँछ, त्यसपछि उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) को सदस्य बनाउँछ ।

संसारका धेरै देशहरूसँग एसपीपी सम्झौता पछि अमेरिकाले नाटो देशको सदस्य बनाएको उदाहरण छ । अल्वानियाले सन् २००१ मा एसपीपी सम्झौतामा हस्ताक्षर गऱ्यो, २००९ मा नाटोको सदस्य बन्यो । क्रोयसियाले सन् १९९६ मा एसपीपीमा हस्ताक्षर गऱ्यो र सन् २००९ मा नाटोको सदस्य बनायो । युक्रेनले सन् १९९३ मा एसपीपीमा हस्ताक्षर गऱ्यो र नाटोको सदस्यता लिन प्रक्रिया अगाडि बढाएपछि युक्रेन र रुस युद्ध सुरु भएको हो ।

अमेरिका संसारभर आफ्नो सैनिक बेस क्याम्पहरू राखेर संसारै कब्जा गर्न चाहन्छ । रुसको लागि युक्रेन नाटो सदस्य बन्नुको अर्थ आफ्नो अन्त्य निम्त्याउनु सरह हो । त्यसैले रुसले युक्रेनलाई नाटो सदस्य हुनबाट रोक्न बारम्बार प्रयास गऱ्यो । कलाकारिता क्षेत्रबाट राजनीतिमा आएका जेलेन्स्कीले भविष्यको दुर्गतिबारे कुनै अनुमान लगाउन सकेनन् । अमेरिकाको लहैलहैमा उसले युद्धलाई अगाडि बढाइ रहे । अहिले हजारौँ युक्रेनी जनताले ज्यान गुमाइसके । खर्बौं डलरको राज्यको सम्पति नोक्सान भयो । उसको साथमा न अमेरिकानै सक्रिय छ न आफ्नो भूमि आफ्नो मातहतमा नै छ । कच्चा राजनीतिको परिणाम कस्तो हुन्छ ? त्यो युक्रेनी जनताले अहिले भोग्दै छन् ।

नेपालमा रास्वपा सरकारपछि एसपीपी सम्झौता हुनेबारे निकै चर्चा भइरहेको छ । नेपाल चीन र भारत जस्ता विशाल भूमि र जनसङ्ख्या रहेका देशहरूको बिचमा छ । यो भौगोलिक अवस्थितिलाई संरक्षण गरिरहन उपयुक्त विदेश नीति अवलम्बन गर्नुपर्दछ । नेपाल सरकारले कुनै एउटा देशको पक्ष लिएर अर्को छिमेकीलाई चिढाउने काम गऱ्यो भने त्यसले नेपालको सुरक्षामा खतरा उत्पन्न हुन सक्छ ।

नेपालमा रास्वपाले जितेपछि नै अमेरिकाले सुरक्षा क्षेत्रमा सहकार्यको कुरा गर्न चाहेको सञ्चार माध्यममा आएको छ । निर्वाचनमा जस्तो सुकै भए पनि रास्वपाले अत्यन्त ठुलो बहुमत ल्याएको छ । उसले भ्रष्टाचारको अन्त्य र सुशासनको कुरा गरेको हो । जनताले त्यसलाई पत्याए वा विश्वास गरे । निर्वाचनमा उसका अधिकांश उम्मेदवारहरू जिते ।

अब जनताले २०४६ सालपछि सरकारमा गएका प्रधानमन्त्री, मन्त्री र विभिन्न सरकारी संस्थाहरूको मुख्य मुख्य पदाधिकारीहरूको सम्पत्ति छानविन गर्ने र अवैध सम्पत्ति जम्मा गरेको पाइएमा कानुनबमोजिम कारबाही गर्नेलगायतका उसको वाचापत्र उल्लिखित कुराहरू पूरा गर्नेजनताको अपेक्षा छ ।

# ०८२ को निर्वाचनमा एक्का ट्रेल (आर्मी, अल्गोरिडम र अमेरिका) को चर्चा



रामप्रसाद प्रजापति

भ्रष्टाचारविरुद्ध सुशासन र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपति हुने शासन व्यवस्थाको माग गर्दै तत्कालीन ओली सरकारले गरेको सामाजिक सञ्जालमा प्रतिबन्धको विरोधमा सुरु भएको जेनजी (नयाँ पुस्ता) प्रदर्शनका क्रममा सरकारले दमन गर्दा १९ युवाहरूको ज्यान गयो ।

ओली सरकारले सोही दिन साँझ सामाजिक सञ्जाल सुचारु गरिसकेको थियो ।

भोलि पल्ट बानेश्वरस्थित सङ्घीय संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायत देशभर सयौँ प्रहरी चौकी, नगरपालिका र वडा कार्यालयहरू जले ।

अहिले सामाजिक सञ्जालमा जेनजीको नाममा भएको भदौ २४ गतेको आगजनीसहितको प्रदर्शनका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीको प्रत्यक्ष सहभागी रहेको विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा सेयर गरेका भिडियोहरूबाट स्पष्ट देखाउँदै छन् ।

रास्वपाले भदौ २३ को अघिल्लो दिन भदौ २२ गते नै महामन्त्री कविन्द्र बुर्लाकोटीको हस्ताक्षरमा एक विज्ञप्ति प्रकाशित गरी पछिल्लो पुस्ताको सडक प्रदर्शनमा रास्वपासँग आबद्धलगायत समस्त युवाहरूलाई कुनै पनि दलीय सङ्केत, नारा र परिचय प्रयोग नगरी ऐक्यबद्धता प्रकट गर्न आग्रह गरिएको थियो ।

उक्त विज्ञप्तिमा "भोलि हुन लागेको नेपालको पछिल्लो पुस्ता (जेनजी) को स्वस्फूर्त प्रदर्शनबारे जानकारी पाएर उत्साहित भएको, नवयुवा पुस्ताको यस अभूतपूर्व प्रदर्शनमा सरकारको प्रतिक्रिया एवं वक्रदृष्टिमाथि हाम्रो निगरानी रहनेछ । जेनजीले उठाएका विषयहरूलाई निष्कर्षमा पुर्याउन अपिल गर्दै जेनजीको यो प्रयासलाई बिथोल्ने, घुसपैठ र दमन गर्ने लगायतका कार्य नगर्न सरकार र सत्तापक्षीय दलहरूलाई खबरदारी गर्दछौं ।"

यस अर्थमा रास्वपा लगभग जेनजी प्रदर्शनको आयोजन नै देखियो कि प्रदर्शन अभूतपूर्व हुने, सरकार र सत्तापक्षीय दलहरूले प्रदर्शन बिथोल्न पर्ने स्थितिमा पुऱ्याउने, घुसपैठ र दमनको आरोप लगाउनुपर्ने अवस्थाको समेत आँकलन रास्वपाले भदौ २२ गते नै गरिएको प्रस्ट देखिन्छ ।

भदौ २३ गते धादिङमा रहेर रास्वपाकी आशिका तामाङले 'संसद् भवन जल्न लाग्दैछ है' भन्दै युवाहरूलाई उक्साइरहेको देखिन्छ । त्यसको भोलिपल्ट बानेश्वरस्थित सङ्घीय संसद् भवन जल्छ । दशरथ भण्डारीले शेयर गरेको उक्त भिडियोमा भोलिपल्ट संसद् भवन जल्न लागेको छ भन्ने जानकारी उनलाई कसरी जानकारी भयो ? प्रश्न उठाइएको थियो ।

भदौ २४ मा भएको संसद् भवन, सर्वोच्च अदालत, सिंहदरवार, राष्ट्रपति भवनलगायतका सरकारी संरचना ध्वस्त बनाउने, रास्वपा नेता रवि लामिछानेलाई नख्खु जेलबाट बाहिर निकाल्नेलगायतका तोडफोड, आगजनीको घटनामा रास्वपाका प्रवक्ता मनिष झा, सुमना श्रेष्ठ, रुकेश रंजितलगायतका समस्त रास्वपाजनको प्रत्यक्ष संलग्नता रहेको बारे "भदौ २३ र २४ को घटनासम्बन्धी छानबिन गर्न बनेको गौरीबहादुर कार्की अध्यक्ष रहेको आयोगको प्रतिवेदन सार्वजनिक भएसँगै अब कुनै दुविधा बाँकी रहेन ।

राष्ट्रपति भवनभित्रै २५० जनाको सेनाको टुकडी रहेको, सिंहदरबारभित्रै सेनाको गण (ब्यारेक) रहेको अवस्थामा आगजनी हुनु र उक्त आगो निभाउन सेनालाई कुनै आदेश नआउनु, काठमाडौँ महानगरपालिकाको मात्रै नभई सेनाको भद्रकालीस्थित दमकल समेत ४० घण्टादेखि ७२ घण्टासम्म घटनास्थलमा नपुग्नुले जेन जीको नाममा भएको प्रदर्शन र भोलिपल्ट भएको तोडफोड एवं आगजनीको घटनामा नेपाली सेनाको संलग्नता रहेको पुष्टि हुने विज्ञहरू बताउँछन् ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले त भारत र संरा अमेरिकाको संलग्नताबिना नेपालमा यस्तो घटना हुनै नसक्ने बताउनुभएको छ ।

सोही प्रदर्शनको आँडमा ओली सरकारलाई सत्ताच्यूत गरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको निर्वाचन सरकार गठन भएको थियो । जसका लागि जेनजीका प्रतिनिधिहरूले नेपाली सेनाको हेडक्वाटर भद्रकाली, काठमाडौँमा प्रधानसेनापतिसँग वार्ता गरेका थिए ।

प्रधानसेनापति अशोक सिग्देलसँग वार्ता गर्न जेनजी (युवा पुस्ता) का समूहहरूलाई काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाहले सुझाएको सर्वविदित्तै थियो । निर्वाचन सरकारको प्रधानमन्त्री सुशीला कार्कीलाई बनाउन पनि उनैले सुझाएको बताइन्छ ।

नेपालको संविधानबमोजिम प्रधानन्यायाधीशको पदबाट अवकास पाएका व्यक्ति मानवअधिकार आयोगबाहेक कुनै पदमा नियुक्त हुन नसक्ने संवैधानिक व्यवस्थाका बाबजुत पनि न्याय र कानुनका जानकार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले प्रधानमन्त्री पदमा बहाल भइन् ।

प्रधानमन्त्री पदमा बहाल भएको केही मिनेटमै जनप्रतिनिधिमूलक प्रतिनिधिसभाको विघटन गरिन र फागुन २१ गते निर्वाचन घोषणा गरिन् ।

फिल्मी ढङ्गले रवि लामिछानेलाई नख्खु जेलबाट निकालेका रास्वपाजनलाई सुशीला कार्कीको सरकार आएपछि अदालतको आदेशबाट धरौती जमानीमा निकाल्न कुनै कसरत गर्ने परेन । त्यतिमात्रै कहाँ हो र उनीविरुद्ध पाँच वटा जिल्ला अदालतहरूमा चल्दै गरेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा नेपाल सरकार महान्यायाधिवक्ताको कार्यालय आफैले निर्णय गरी फिर्ता लिएर रवि लामिछानेलाई उन्मुक्ति दिए ।

त्यो उन्मुक्तिविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परी मुद्दा विचाराधीन छ । तर, सर्वोच्च अदालतमाथि समेत शङ्का गर्न थालेको चर्चा जनआस्थाले प्रकाशित समाचार छ । रविविरुद्धको सम्पत्ति शुद्धीकरणको मुद्दा यथावत कायम रहे उनले सांसदको शपथ ग्रहण गर्न र मन्त्री बन्न पाउने छैन ।

फिल्मी ढङ्गले जेलबाट निस्केका रवि लामिछाने र जेन जी प्रदर्शनका अप्रत्यक्ष रूपमा निर्देशकको भूमिकामा रहेका बालेन्द्र शाह उर्फ बालेन बिच जादुमय ढङ्गले एकता भयो ।

रास्वपाको विधान, २०७९ को दफा ६६ विपरित बालेनसँग रविले पुस १३ गते सम्झौता गरे । सम्झौताको बुँदा नं. ४ मा "रास्वपाको सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र साह हुने ।" लेखिएको पाइन्छ ।

जबकि रास्वपाको विधानको दफा ६६ को उपदफा ८ मा पार्टीका साधारण सदस्यले संसदीय दलको नेता चयन गर्ने व्यवस्था गरेको पाइन्छ ।

साथै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २५ ले सम्बन्धित दलको निर्देशनबमोजिम सङ्घीय संसद् वा प्रदेशसभाको संसदीय दलका सदस्यले आफूमध्येबाट एक जना संसदीय दलको नेता निर्वाचित गर्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । बाँकी अन्य निर्वाचन प्रक्रिया सम्बन्धित दलको विधानमा उल्लेख भएबमोजिम हुने व्यवस्था गरेको पाइन्छ ।

नेपालको निर्वाचन इतिहासमै पहिलोपल्ट नेपाली सेनाको प्रत्यक्ष सहभागितामा प्रतिनिधिसभाको निर्वाचन भयो ।

दश वर्ष सशस्त्र युद्धबाट आएका तत्कालीन नेकपा माओवादीले भाग लिएको २०६४ सालमा भएको संविधानसभाको निर्वाचनमा समेत नेपाली सेनाको प्रत्यक्ष संलग्नता थिएन ।

यसपटक निर्वाचनको मतपेटिका ओसारपसार गर्नेसम्मको कार्यमा प्रत्यक्ष रूपमा नेपाली सेनाको संलग्नता देखियो ।

यस पटक नेपाली जनताले देख्दै नदेखेका, सुन्दै नसुनेका, के कुन राजनीतिक दर्शन, विचार र सिद्धान्तबाट के कस्तो शासन व्यवस्था निर्माण गर्न आएका भनी बुझ्नै नपाई रास्वपालाई करिब दुईतिहाई बहुमत सहितको जनादेश प्राप्त भयो । के सामान्य अवस्थामा यो सम्भव छ ? पक्कै छैन ।

विज्ञहरूको भनाइअनुसार संसारका विभिन्न देशमा संरा अमेरिकी प्रशासनले सबैभन्दा कम खर्चमा निर्वाचनमा प्रभावित पार्ने र आफ्नो इशारामा चल्ने कठपुतली सरकार निर्माण गर्ने काम गर्दै आएको पाइन्छ । त्यसको सबैभन्दा जल्दोबल्दो उदाहरण युक्रनमा राष्ट्रपति जेलेन्स्की निर्वाचित भएको निर्वाचन पनि एक हो ।

जोकरको अभिनयबाट चर्चा कमाएका राजनीतिक वृत्त बाहिरबाट राष्ट्रपति बनेको जेलेन्स्की र उनले हाँकेको युरोपको निक्कै सुन्दरमध्येको एउटा देश युक्रेनको हालत अहिले संसारले देखिसकेको छ ।

अरबौँ डलरको मिसाइल खर्च गरेर भन्दा निर्वाचनलाई प्रभावित बनाएर आफ्नो कठपुतली सरकार गठन गराई काम गराउनु संरा अमेरिकाको लागि निक्कै कम खर्चले देश कब्जा गर्नु वा युद्ध जित्नुसरह भएको मानिन्छ ।

नेपालमा पनि र्‍यापरको रूपमा चर्चा कमाएका बालेन्द्र साह, करिब साढे तीन वर्षअघि अमेरिकन युथ काउन्सिलको सहयोगमा काठमाडौँ महानगरको मेयरको रूपमा जिताउँदै उनैलाई रातारात हिरो बनाउँदै नेपालको निर्वाचन प्रक्रियाबाट प्रधानमन्त्रीको पदमा पुऱ्याउन लागेको अवस्था छ ।

देशमा निर्वाचन प्रचारप्रसारका क्रममा "अब कि बार बालेन सरकार" भन्ने नारा लगाउने गरेको पनि देखियो । तर बालेन सरकार के नेपाल र नेपालीकै सरकार हुने हो ? चिन्ताजनक प्रश्न उठेको छ ।

यो सबै मानिसलाई सामाजिक सञ्जाल र आर्टिफिसियल इन्टेलिजेन्स ( एआई) निर्मित सामग्रीहरूको प्रभावबाट भए गरेको जानकारहरू बताउँछन् । जसलाई अल्गोरिडम भनिन्छ । मानिसहरूलाई मानसिक रूपमा एक किसिमले एकोहोरो बनाउने प्रक्रिया हो : अल्गोरिडम । जस्तै चाउचाउ भनेकै 'वाइवाइ' भनेजस्तो ।

भारतीय जनता पार्टीका महासचिव अमित साहसँग काम गरेका मानिस पनि रास्वपाबाट जिताएका छन् भने संरा अमेरिकाले पैसा पठाउने गरेका दर्जनौँ गैरसरकारी संस्थाका मानिसहरू प्रत्यक्ष रूपमा यो पटकको निर्वाचनमा संलग्न भएको पुष्टि हुँदैछ ।

यसरी यो पटकको प्रतिनिधिसभाको निर्वाचनमा आर्मी (ए), अल्गोरिडम (ए) र अमेरिका (ए) को प्रत्यक्ष संलग्नता रहेको हुँदा रास्वपाले ल्याएको निर्वाचन परिणाममा एएए अर्थात् एक्का ट्रेलको मूख्य भूमिका रहेको रोचन चर्चा चलेको छ ।

आत्मनिर्भरता बिनाको सत्ता र सरकार लामो समय स्थिर हुन सक्दैन भन्ने विश्व इतिहासले देखाउँदै आएको छ । नेपाली जनताकै भरमा निर्वाचित हुने, नेपाल र नेपालीकै लागि निःस्वार्थ रूपमा सेवा र समर्पण गर्ने सत्ता र सरकार स्थापना नभएसम्म नेपाली जनताले दुःख भोग्न बाध्य हुनुको विकल्प छैन ।

त्यसैले नेपाली जनताकै भरमा आफ्नै खुट्टामा उभिने नेपाल र व्यापक कामगरि खाने नेपाली जनताको हितका लागि निःस्वार्थ सेवा र समर्पण गर्न सक्ने समाजवादी सरकारको स्थापनाका लागि निरन्तर सङ्घर्ष गर्नु आजको आवश्यकता हो । भनिन्छ, युद्धमा हारेको सिपाही अझ बढी लडाइँ लड्न जान्ने हुन्छ ।

*-२०८२ फागुन ३०*

# शिक्षामा प्रविधिको भरपुर उपयोग गर्नुपर्ने

भक्तपुर । समाज सुधार माध्यमिक विद्यालयको ५५ औँ वार्षिकोत्सव, शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन २९ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षाबिना समाजको विकास सम्भव नभएको उल्लेख गर्नुभयो । शिक्षासँगसँगै प्रविधिहरूलाई पनि उपयोग गर्न सके शिक्षा सार्थक हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

उहाँले सामुदायिक विद्यालयको शैक्षिक विकासको महत्त्वपूर्ण पाटोमा विद्यालयको भौतिक संरचना विद्यार्थीमैत्री छ वा छैन भन्ने कुरामा पनि ध्यान दिनसके भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने अग्रजहरूको परिकल्पना साकार हुने बताउनुभयो ।

समाज विकासको लागि शैक्षिक क्रान्तिकै आवश्यकता भएको औँल्याउँदै उहाँले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने उद्घोष भक्तपुरको सभ्यता विकासको लागि हो भन्नुभयो ।

विद्यालय शिक्षामा नैतिक शिक्षाको आवश्यकताबारे चर्चा गर्दै उहाँले आदर्श समाजको विकासको लागि समाजवादी शिक्षाको आवश्यकता रहेको औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले सामुदायिक विद्यालयप्रति अभिभावकहरूमा रहेको भ्रम अन्त्य गर्नुपर्ने उल्लेख गर्दै सामुदायिक विद्यालयको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नुभयो । नेपालको संविधानमा मावि शिक्षासम्म निःशुल्क भन्ने उल्लेख भए पनि व्यवहारमा लागू नहुनाले अभिभावकहरूले गुणस्तरीय शिक्षाका लागि शुल्क तिरिरहन बाध्य भइरहेको विचार व्यक्त गर्नुभयो ।

उहाँले सामुदायिक विद्यालयको विकास गर्नुभन्दा मर्ज गर्ने सरकारी नीति गलत भएको उल्लेख गर्दै विद्यार्थीहरूले परीक्षामा उत्कृष्ट अङ्क ल्याई मेहनती विद्यार्थीको परिचय दिनसक्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिका वडा नं ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजूले जनतामा व्यक्तिगत वितरण दर्ता तथा सेवामा समयमा ध्यान पुऱ्याउन नसक्दा अनावश्यक जरिवाना तिर्न परिरहेको र भक्तपुरमा अग्रजहरूले सुरु गरेको सरसफाइ अभियानले निरन्तरता पाइरहेको तथा भक्तपुर नपाले शैक्षिक, सामाजिक, सम्पदा संरक्षणमा गर्दै आएको गतिविधिको जानकारी गराउनुभयो ।

सार्वजनिक मा.वि. संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुईतुईले संयुक्त परीक्षा समितिले स्थापनाकालदेखि विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीहरूको शैक्षिक विकास तथा भक्तपुरको शैक्षिक अभियानमा योगदान गर्दै आएको जानकारी गराउनुभयो ।

विद्यालयका पूर्वप्रअ लक्ष्मीनारायण दुवालले समाज सुधार मा.वि.को स्थापना शिक्षासेवी बुद्धिकुमार गोसाईले गर्नुभएको योगदान खेर नगएको बताउनुभयो । उहाँले विद्यालयले देशभरका अभिभावकका छोराछोरीहरूलाई शिक्षा दिन सकेकोमा गर्व लागेको बताउनुभयो ।

विद्यालयका ईसीडी टिचर ट्रेनर दीपिका श्रेष्ठले पूर्व प्रावि, प्रावि तथा आधारभूत स्तरका विद्यार्थीहरूको शैक्षिक विकासमा एउटा विद्यालय परिवारको सदस्य हुन पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक जगन्नाथ प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रजापतिको सभापतित्वमा भएको सो कार्यक्रममा शैक्षिक सत्रभरिमा उत्कृष्ट डायरी लेखन गर्ने शिक्षकहरू, २०८१ सालको एसईई परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई सम्मानका साथै अनिवार्य अवकाश प्राप्त शिक्षक चञ्चला पोटे श्रेष्ठलाई खादा, दोसल्ला, फूलमाला तथा मायाको चिनोसहित प्रमुख अतिथि रजनी जोशीले सम्मान गर्दै विद्यालयबाट प्रकाशित स्मारिका विमोचन गर्नुभयो ।

साथै २०८१ सालको अन्तिम परीक्षामा कक्षागत रूपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थी र अतिरिक्त प्रतियोगिताहरूमा सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण, गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृति प्रदान गरिएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम देखाइएको थियो । विद्यालयको शैक्षिक विकास तथा छात्रवृत्ति कोष स्थापनाका लागि सहयोग गर्ने संस्था भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.लाई विद्यालयको तर्फबाट कदरपत्र प्रदान गरिएको सो कार्यक्रममा विद्यालयका विद्यार्थी सुदिना श्रेष्ठ र शिक्षक कृष्णप्रसाद सुवालले पनि बोल्नुभएको थियो ।

# पुँजीवाद रहेसम्म शोषण कायम रहनेछ

सुर्खेत । ११६ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा फागुन २७ गते वीरेन्द्रनगरमा भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले कामदारवर्गका महिलाहरू आज पनि पुँजीपतिवर्गबाट शोषणमा परेको उल्लेख गर्दै पुँजीवाद रहेसम्म शोषण कायम रहने बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सुर्खेतका उपाध्यक्ष अकल राना, नेमकिपा वीरेन्द्रनगर नगर समितिका संयोजक शेरबहादुर शाही, अङ्गबहादुर शाही, कल्पना शाही, जानकी सुनार, काछत्रीका वि.क., गणेश खड्का, प्रतिमा शाही र महेन्द्र सिजापतिलगायतले बोल्नुभएको थियो ।कार्यक्रम नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्काको अध्यक्षतामा भएको थियो ।

# शिक्षामा लगानी खेर नजाने

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शान्ति निकेतन माविको ५६ औँ वार्षिकोत्सव कार्यक्रमको फागुन २९ उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले शिक्षामा गरेको लगानी कहिल्यै पनि खेर नजाने बताउँदै शान्ति निकेतन स्कूल भक्तपुरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयमध्ये एक हो भन्नुभयो । विद्यार्थीले आफू सफल हुन निरन्तर प्रयास गर्नुपर्ने उल्लेख गर्दै उहाँले असफलताबाट पाठ सिक्दै अगाडि बढ्नुपर्छ भन्नुभयो ।

विद्यार्थीले समय व्यवस्थापनमा विशेष जोड दिँदै पुस्तकालयमा गएर नयाँ-नयाँ विषय अध्ययनमा पनि जोड दिनुपर्ने बताउँदै उहाँले शिक्षा कसैले पनि चोरी गर्न नसक्ने अमूल्य धन भएको बताउनुभयो ।

विव्यस अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडाध्यक्ष उपेन्द्र सुवाल, पूर्व प्रधानाध्यापक महेन्द्रगोपाल कर्माचार्य र चन्दादाता केदारप्रसाद मानन्धरले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विजयराम प्रजापतिले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने वार्षिकोत्सवको अवसरमा विद्यार्थी, शिक्षकलाई सम्मान र पुरस्कार वितरण गरिएको थियो ।

# मार्क्सका दुई महत्त्वपूर्ण सिद्धान्तहरू

✍ फ्रेडरिक एङ्गेल्स

विज्ञानको इतिहासमा मार्क्सले महत्त्वपूर्ण कुरा पत्ता लगाउनुभयो, आफ्नो नाम अमर बनाउनुभयो, ती महत्त्वपूर्ण कुराहरूमध्ये हामी यहाँ दुईवटा कुराबारे चर्चा गरौँ :

पहिलो, विश्व इतिहासको सम्पूर्ण अवधारणा नै त्यो क्रान्ति हो, जुन मार्क्सले पूरा गर्नुभयो। सबै प्रकारका ऐतिहासिक परिवर्तनको मूल कारण मानव जातिको परिवर्तनशील विचारमा फेला पर्छ भन्ने धारणामा इतिहासको पुरानो दृष्टिकोण आधारित थियो। सबै प्रकारका ऐतिहासिक परिवर्तनहरूमध्ये राजनीतिक परिवर्तन सबैभन्दा महत्त्वपूर्ण हुन्छ र इतिहासमा त्यसको सर्वत्र प्रभुत्व हुन्छ।


तर, मानिसका दिमागमा यी विचारहरू कहाँबाट आउँछन् ? राजनीतिक परिवर्तनका चालक शक्तिहरू के -के हुन् भन्ने लगायतका अहम् प्रश्नहरू मानिसहरूले सोधेनन्। फ्रेन्च र केही अङ्ग्रेजी इतिहासकारहरूको नयाँ शाखामा मात्र यो विश्वास दृढताका साथ प्रवेश भएको थियो कि, कम्तीमा मध्य युगदेखि नै सामाजिक र राजनैतिक प्रभुत्वको लागि युरोपको इतिहासमा सामन्ती कुलीनवर्गसँग पुँजीवादीवर्गको सङ्घर्ष नै त्यसको प्रेरक शक्ति थियो।

मार्क्सले प्रमाणित गर्नुभयो कि अहिलेसम्मको सबै इतिहास वर्गसङ्घर्षको इतिहास हो। अहिलेसम्म भएका सबै विविध र जटिल राजनीतिक सङ्घर्षहरूका जडमा सामाजिक वर्गहरूको राजनीतिक र सामाजिक शासन चलेको हो। पुराना वर्गहरूले आफ्नो प्रभुत्व बनाइराख्ने र नयाँ उदीयमान वर्गहरूले आफ्नो प्रभुत्व कब्जा गर्ने समस्या कायमै छ। तर, यी वर्गहरूको जन्म र निरन्तरताका कारणहरू के हुन् ? तिनको कारण शुद्ध भौतिक अथवा गोचर परिस्थिति हो। त्यसअन्तर्गत समाजले कुनै पनि युगमा आफ्नो निर्वाहका साधनहरूको उत्पादन र विनिमय गर्दछ। मध्ययुगको सामन्ती शासनको आधार साना किसान समुदायहरूको स्वावलम्बी अर्थतन्त्र थियो। आफूलाई आवश्यक पर्ने सबै चीजहरू उनीहरू आफैँ उत्पादन गर्थे। त्यहाँ प्राय: विनिमयको पूर्ण अभाव थियो। सशस्त्रधारी सामन्ती शासकहरूले उनीहरूलाई जातीय वा कम्तीमा राजनीतिक एकता दिँदै बाह्य आक्रमणहरूबाट जोगाउँथे। सहरहरूको उदयसँगै विभिन्न हस्तकला र आपसी व्यापारको विकास भयो। त्यो सुरुमा आन्तरिक क्षेत्रमा सीमित थियो र पछि अन्तर्राष्ट्रिय रूपमा विकास भयो। योसँगै सहरमा पुँजीपतिवर्गको विकास भयो र मध्यमवर्गमा नै सामन्ती शासकहरूसँग लड्दै सामन्ती व्यवस्थाभित्र विशेषाधिकार प्राप्त वर्गको रूपमा पुँजीपतिले आफ्नो स्थान बनायो।

तर, १५ औँ शताब्दीको मध्यदेखि युरोप बाहिरको संसारमा यो पुँजीपतिवर्गले आफ्नो व्यापारका लागि धेरै फराकिलो क्षेत्र फेला पारेको थियो। यसले उनीहरूको उद्योगलाई नयाँ गति दिन मद्दत गऱ्यो। प्रमुख शाखाहरूमा हस्तकलाद्वारा उत्पादन प्रतिस्थापन गरी अब कारखानाको स्तरमा स्थापित भयो। त्यसपछि यो ठाउँ ठुला उद्योगद्वारा प्रतिस्थापित गरिए। जुन पछिल्लो शताब्दीको आविष्कार, त्यसमा पनि विशेषगरी वाष्प इन्जिनद्वारा सम्भव भएको थियो। ठुला उद्योगको व्यापारले यस्तो प्रभाव पारेको थियो कि पिछडिएका देशहरूमा मान्छे र हातले गर्ने कतिपय काम ठप्प भए। विकसित देशहरूमा सञ्चारका आधुनिक नयाँ साधनहरू-वाफबाट चल्ने पानीजहाज, रेल तथा बिजुलीका तारहरूको उत्पादन भयो। यसरी पुँजीपतिवर्गले सामाजिक सम्पत्ति र सामाजिक शक्ति दुवैलाई आफ्नो हातमा बढी केन्द्रित गर्न थाल्यो। यद्यपि लामो समयसम्म सामन्ती शासकहरूको हातमा रहेको राजनीतिक सत्ता र उनीहरूद्वारा समर्थित राजतन्त्रबाट भने पुँजीपतिवर्ग बञ्चित थियो। तर, विकासको एक यस्तो चरण आयो-गौरवशाली फ्रान्सेली क्रान्तिपछि पुँजीपतिवर्गले राजनीतिक शक्ति पनि कब्जा गर्यो। त्यसपछि तिनीहरू सर्वहारा र साना किसानहरूमाथि शासन गर्ने वर्गका रूपमा रहे।

समाजको विशेष आर्थिक अवस्थाको यथोचित ज्ञान भएपछि मात्रै ऐतिहासिक घटनाहरूलाई राम्ररी व्याख्या गर्न सकिन्छ। यद्यपि सो ज्ञान हाम्रा व्यावसायिक इतिहासकारहरूसँग एकदमै कम छ। त्यसैगरी, प्रत्येक ऐतिहासिक युगको अवधारणा र विचारलाई त्यस युगको आर्थिक जीवन अवस्था र सामाजिक तथा राजनीतिक सम्बन्धका (यी सम्बन्धहरू पनि आर्थिक अवस्थाले नै निर्धारण हुन्छन्) आधारमा सजिलै व्याख्या गर्न सकिन्छ। यसरी, इतिहासले पहिलोपटक आफ्नो वास्तविक आधार भेट्टायो।

यो आधार अति स्पष्ट सत्य हो, जसलाई पहिले पहिले पटक्कै ध्यान दिइएको थिएन। सबैले जानेकै कुरा हो कि मानवलाई सबैभन्दा पहिले गाँस, बास र कपास चाहिन्छ। त्यसो हुँदा उनीहरूले पहिले त काम गर्नैपर्छ। त्यसपछि मात्र उनीहरू प्रभुत्वका लागि एकअर्कासँग लड्न सक्छन् र त्यसपछि मात्रै राजनीति, धर्म र दर्शन आदिका लागि आफ्नो समय छुट्याउन सक्छन्। अन्तत: यो सच्चाइको पुष्टि भयो। यसले ऐतिहासिक अधिकार प्राप्त गऱ्यो।



इतिहासको यो नयाँ धारणा समाजवादी दृष्टिकोणको लागि सबैभन्दा महत्त्वपूर्ण थियो। यसले देखाउँछ कि विगतको सम्पूर्ण इतिहास वर्गीय द्वन्द्व र वर्गसङ्घर्षको बिचमा रहेको छ। शासक र शासित, शोषक र शोषित वर्गहरू समान रूपमा अस्तित्वमा छन् र बहुसङ्ख्यक मानव जातिले आफ्ना लागि सङ्घर्ष गरिरहेका छन्। थोरै मान्छेहरूले आनन्दभोग गरिरहेका छन्। यस्तो किन हुन्छ ? किन धेरै परिश्रम गर्नेहरूका भागमा कम आनन्द छ ?

किनभने, मानव जातिको विकासका अघिल्ला सबै चरणहरूमा उत्पादनको विकास यति न्यून भएको थियो कि ऐतिहासिक विकास यही अन्तरविरोधी रूपमा मात्र हुन सक्थ्यो। ऐतिहासिक प्रगतिलाई लगभग एक विशेषाधिकार प्राप्त अल्पसङ्ख्यक समुदाय ( धनी तथा शोषक वर्ग) को सम्पूर्ण क्रियाकलापकै विषय बनाइयो। बहुसङ्ख्यकका भागमा जीवन निर्वाहका थोरै साधन तर विशेषाधिकार प्राप्त समुदायका लागि भने अत्यन्तै धेरै साधनहरू उपलब्ध गराइयो। तर, इतिहासको अनुसन्धानले हामीलाई पुरानो वर्गीय शासनको स्वाभाविक र तर्कसङ्गत व्याख्या दिन्छ (अन्यथा हामीले मानव प्रकृतिको दुष्टताद्वारा मात्र त्यसको व्याख्या गर्न सक्छौँ) साथै हामीलाई यो महसुस गराउँछ कि वर्तमान युगमा उत्पादक शक्तिहरूको तीव्र विकासका कारण मानव जातिलाई शासक र शासित, शोषक र शोषितहरूमा विभाजित गर्ने अन्तिम बहाना पनि कमसेकम अति विकसित देशहरूमा मेटिएको छ। अर्थात्, ठुला पुँजीपति शासकहरूले आफ्नो ऐतिहासिक भूमिका समाप्त गरिसकेका छन्।

आज विश्वभरको व्यापारिक सङ्कट र विशेषगरी सबै देशहरूको पछिल्लो भयानक आर्थिक मन्दीका घटनाले यो प्रमाणित भइसकेको छ कि यिनीहरू समाजको नेतृत्व गर्न सक्षम छैनन्। उल्टै, यिनीहरू उत्पादनको विकासमै बाधक बनेका छन्। आज ऐतिहासिक नेतृत्व सर्वहारावर्गको हातमा गएको छ। समाजमा आफ्नो समग्र स्थितिका कारणले पूर्ण वर्गीय शासन, पूर्ण दासत्व र पूर्ण शोषणको अन्त्य गरेर मात्र आफूलाई मुक्त गर्न सक्ने वर्गको हातमा नेतृत्व पुगेको छ।

आज सामाजिक उत्पादक शक्तिहरू यति विकसित भइसकेका छन् कि तिनीहरू पुँजीपतिवर्गको नियन्त्रणभन्दा बाहिर छन्। एकताबद्ध सर्वहारावर्गले आफ्नो हातमा सामाजिक उत्पादक शक्ति लिनुपर्ने अवस्था आएको छ। त्यसो हुँदा समाजका प्रत्येक सदस्य सामाजिक सम्पत्तिको उत्पादनमा मात्रै होइन, वितरण र व्यवस्थापनमा पनि सहभागी हुन पाउनेछन्। त्यो चरण जसले सम्पूर्ण उत्पादनको योजनाबद्ध सञ्चालनद्वारा सामाजिक उत्पादक शक्तिहरू र तिनीहरूको उपजलाई यस हदसम्म बढाउनेछन् कि प्रत्येक व्यक्तिको सबै उचित आवश्यकताहरूको पूर्ति सुनिश्चित हुनेछ।

मार्क्सले पत्ता लगाएको दोस्रो महत्त्वपूर्ण कुरा पुँजी र श्रमबिचको सम्बन्धको निश्चित व्याख्या हो। अर्को शब्दमा भन्नुपर्दा उहाँले वर्तमान समाजमा र विद्यमान पुँजीवादी उत्पादन प्रणालीमा पुँजीपतिले श्रमिकलाई कसरी शोषण गर्छ भन्ने कुरा हो। यो सवाल राजनीतिक अर्थशास्त्रले श्रम नै सबै सम्पत्ति र सबै मूल्यको आधारभूत स्रोत हो भनी प्रस्ताव गरेको थियो, तबदेखि हामीले यो तथ्यलाई कसरी मिलाउने भनेर उठेको छ। ज्यालादारी मजदुरले आफ्नो श्रमबाट प्राप्त हुने मूल्यको सम्पूर्ण अंश पाउँदैन, तर त्यसको केही अंश पुँजीपतिलाई दिनुपर्छ।

पुँजीवादी र समाजवादी दुवैखाले अर्थशास्त्रीहरूले यस प्रश्नको तार्किक र वैज्ञानिक उत्तर दिन खोजे तर उनीहरू असफल भए। अन्त्यमा मार्क्सले नै सही जवाफ दिनुभयो। त्यसको जवाफ यसप्रकार छ: वर्तमान पुँजीवादी उत्पादन प्रणालीमा दुई वर्ग छन्- एकातिर पुँजीपति वर्ग छ, जसको हातमा उत्पादन र निर्वाहका साधनहरू छन् भने अर्कोतर्फ सर्वहारावर्ग छ। उनीहरूसँग कुनै साधन छैन तर एउटै वस्तु छ। त्यो हो आफ्नो श्रम-शक्ति। त्यसैले जीविकोपार्जनका साधनहरू प्राप्त गर्न यो वर्ग श्रम-शक्ति बेच्न बाध्य छ। तर, कुनै वस्तुको मूल्य त्यस वस्तुको उत्पादन र त्यसको पुनरुत्पादनमा लागेको सामाजिक श्रमको मात्राबाट निर्धारण गरिन्छ। यसरी एक औसत मानिसको श्रमशक्तिको मूल्य एक दिन, एक महिना वा एक वर्षको लागि सो श्रम-शक्तिलाई दिन, एक महिना वा एक वर्षको लागि टिकाउन आवश्यक निर्वाहका साधनहरूमा संलग्न श्रमको मात्राले पनि निर्धारण गरिन्छ/हुन्छ।

मानौँ, एक दिनको निर्वाहका साधनहरू उत्पादन गर्न कामदारलाई ६ घण्टाको श्रम चाहिन्छ वा त्यसमा लगाइएको श्रम ६ घण्टाको श्रमको परिमाण बराबर हुन्छ भने श्रमशक्तिको एक दिनको मूल्य यस्तो रकममा व्यक्त हुन्छ जसमा ६ घण्टाको श्रम लागेको हुन्छ।

अब यो पनि मान्नुहोस् कि कामदारलाई काममा लगाउने पुँजीपतिले उसलाई बदलामा यो रकम दिन्छ र त्यसैले उसलाई उसको श्रम-शक्तिको पूरा मूल्य दिन्छ। अब कामदारले पुँजीपतिको लागि दिनको छ घण्टा काम गरेमा उसले पुँजीपतिको पूरा खर्च तिर्छ- ६ घण्टाको श्रमको मूल्य बराबर छ घण्टा श्रम दिन्छ। तर, यस्तो अवस्थामा पुँजीपतिका लागि त केही पनि रहँदैन, त्यसैले उसले यसलाई पूर्णतया फरक तरिकाले डिल गर्छ।

पुँजीपति भन्छ, "मैले यो मजदुरको श्रमशक्ति ६ घण्टाको लागि होइन, दिनभरको लागि किनेको छु।" त्यसैले उसले मजदुरबाट ८, १०, १२, १४ वा त्योभन्दा बढी घण्टाको कठिन श्रम गराउँछ। यस्तो श्रम जसको भुक्तानी दिइँदैन तर उत्पादन गरिन्छ। त्यो सिधै पुँजीपतिको खल्तीमा जान्छ। यसरी पुँजीपतिद्वारा रोजगारीमा लगाइएका श्रमिकले आफूले पाएको श्रमशक्तिको मूल्य मात्र पुन: उत्पादन गर्दैनन्, थप मूल्य पनि उत्पादन गर्छ, जुन पहिले पुँजीपतिले कब्जा गर्छ र पछि निश्चित आर्थिक कानुनअनुसार सम्पूर्ण पुँजीपतिमा बाँडिन्छ।

यो अतिरिक्त मूल्य त्यो आधारभूत कोष हो, जसबाट भाडा, नाफा र पुँजी सञ्चित हुन्छ। छोटकरीमा भन्दा त्यो सबै सम्पत्ति जसको गैर-श्रमिक वर्गले उपभोग गर्ने वा जम्मा गर्ने गर्दछ। यसबाट आजका पुँजीपतिहरूले सम्पत्ति जम्मा गर्नु भनेको श्रमिकको अतिरिक्त श्रमको मूल्य कब्जा गर्नु हो भनेर प्रमाणित हुन्छ, जसरी दास-मालिक वा भूदासको शोषण गर्ने सामन्तहरूले सम्पत्ति जम्मा गर्ने गर्दछन्। शोषणका यी सबै रूपहरूमा अतिरिक्त श्रमको मूल्य कब्जाको तरिका र ढङ्गमा मात्रै फरक छ।

यसबाट यो तथ्य प्रमाणित हुन्छ कि वर्तमान पुँजीवादी समाज आफ्ना पूर्ववर्ती समाजहरूझैँ र कुनै पनि हिसाबले उनीहरूभन्दा कम वा फरक छैनन्। यसको अर्थ अल्पसङ्ख्यकले बहुसङ्ख्यकमाथि शोषण गर्ने अर्को विशाल संस्था हो पुँजीवादी समाज।

# कार्ल मार्क्सको समाधिस्थलमा एङ्गेल्सको भाषण



१४ मार्चको दिउँसो पौने तीन बजे, संसारका एक महान् विचारकको चिन्तन-क्रिया रोकियो। उहाँलाई मुस्किलले २ मिनेटका लागि एक्लै छोडिएको थियो होला। तर, जब हामीहरू फर्किएर आयौँ, हामीले देख्यौँ कि उहाँ आराम गर्ने कुर्सीमा शान्तिले सुत्नुभएको थियो सधैँको लागि। उहाँको मृत्युले युरोप र अमेरिकाका जुझारु, सर्वहारावर्ग र ऐतिहासिक विज्ञानका लागि अपार क्षति भएको छ। यो ओजस्वी आत्माको महा-प्रस्थानले पैदा भएको अभाव मानिसहरूले छिट्टै नै अनुभव गर्नेछन्।

जीव प्रकृतिको क्षेत्रमा जसरी डार्विनले 'विकास अथवा अर्ग्यानिक प्रकृतिको सिद्धान्त' पत्ता लगाउनुभएको थियो, उसैगरी मानव इतिहासमा मार्क्सले विकासको नियम पत्ता लगाउनुभएको थियो। त्यतिञ्जेलसम्म, विचारधाराको अतिवृद्धिले यसरी छोपेको थियो कि राजनीति, विज्ञान, कला, धर्म आदिमा लाग्नुपूर्व मानव जातिलाई गाँस, बास र कपास चाहिन्छ भन्ने अवधारणा थियो।

त्यसैले जीविकाका लागि निर्माण गरिने तत्कालीन भौतिक साधनहरूको उत्पादनकै आधारमा राजकीय संस्था, कानुनी संस्था, कला र धर्मसम्बन्धी धारणाहरू पनि विकसित भएका थिए। यसको अर्थ कुनै युगमा अथवा कुनै जातिले हासिल गरेको आर्थिक विकासको मात्राले राजकीय संस्था, धर्म, कला, राजनीति आदि अवधारणा बन्थ्यो। मार्क्सले गतिको त्यस विशेष नियमको खोजी गर्नुभयो, जसले उत्पादनको वर्तमान पुँजीवादी प्रणाली र यस प्रणालीले उत्पन्न गराएका बुर्जुवा समाज दुवै नै नियन्त्रित छन्। अतिरिक्त मूल्यको आविष्कारले एकपटक त्यो उत्पादनको त्यस समस्याबारे प्रकाश पाऱ्यो। सो विषयको जटिलता हल गर्ने कोसिसमा यसअघिका अन्वेषणहरू खेर गएका थिए। पुँजीवादी अर्थशास्त्रीहरूले गरेका प्रयास हुन् या समाजवादी समीक्षकहरूले, ती सबै अन्धअन्वेषण साबित भएका थिए।

दुईवटा आविष्कार मात्रै पनि एउटा जीवन सार्थक हुन्छ। त्यो मानिस भाग्यशाली हो, जसलाई यस प्रकारको आविष्कार गर्ने सौभाग्य प्राप्त हुन्छ। तर जुनजुन क्षेत्रमा मार्क्सले खोजी गर्नुभयो, ती खोजीमध्ये कुनै पनि क्षेत्रको खोजी सतही थिएन। मार्क्सले गणितमा समेत स्वतन्त्र रूपमा अध्ययन गर्नुभयो। त्यस्ता वैज्ञानिक थिए मार्क्स। तर, उहाँको वैज्ञानिक रूप उहाँको जीवनको आधा अंश पनि थिएन। मार्क्सको लागि विज्ञान ऐतिहासिक रूपले एक गतिशील र क्रान्तिकारी शक्ति थियो।

वैज्ञानिक सिद्धान्तहरूमा, कुनै नयाँ खोजको व्यवहारिक प्रयोगबारे अनुमान लगाउन तत्काले सम्भवै नभए पनि उहाँ नयाँ खोजीहरूमा आनन्द मान्नुहुन्थ्यो। तर, त्यस्ता खोजहरूमा मार्क्स सान्है खुसी हुने गर्नुहुन्थ्यो, जसको आविष्कारका कारण समाजमै तत्काले प्रभावहरू देखिन्थे खासगरी ऐतिहासिक विकासका कुरामा ! त्यस्ता अवस्थामा भने उहाँलाई बिल्कुलै फरक खालको प्रसन्नताको अनुभव हुन्थ्यो। उदाहरणको लागि बिजुलीका क्षेत्रमा भएका आविष्कारको विकास क्रम र खासगरी त्यतिखेरसम्म मर्सेल देप्रेले गरेको आविष्कारबारे मार्क्सले निकै गहिरोसँग अध्ययन गर्नुभएको थियो।

मार्क्स क्रान्तिकारी हुनुहुन्थ्यो। जीवनमा उहाँको खास उद्देश्य कुनै न कुनै किसिमले पुँजीवादी समाज र त्यसबाट पैदा हुने राजकीय संस्थाको ध्वंस गर्नमै थियो। आधुनिक सर्वहारावर्गलाई स्वतन्त्र गर्नमा उहाँको योगदान थियो। सर्वहाराहरूलाई सबैभन्दा पहिले मार्क्सले नै आफ्नो स्थिति र आवश्यकताप्रति सचेत गर्दै बताउनुभएको थियो कि, किन र कुन अवस्थामा उनीहरूको मुक्ति हुन सक्छ ? सङ्घर्ष गर्नु मार्क्सको स्वाभाविक गुण थियो। उहाँले त्यस्तो जोस, लगन र यस्तो सफलताका साथ सङ्घर्ष गर्नुभयो, जसको कुनै प्रतिद्वन्द्वी नै छैन।

सबैभन्दा पहिले उहाँले सन् १८४२ मा पेरिसको राइनिस जाइटुङ, १८४४ मा पेरिसको वोरवाटर्स, १८४७ मा डायचे ब्रसलेर जाइटुङ, १८४८-१८५१ मा न्यु राइनिस जाइटुङ र १८५२-१८६१ मा न्युवर्क डेली ट्रब्युनमा गर्नुभएको काम र तीसँगै अनेकौँ जोशिला पुस्तकको रचना तथा पेरिस, ब्रेसेल्स र लण्डनका सङ्गठनहरूमा उहाँको काम लोभलाग्दो थियो। अन्तत: उहाँको चरम उपलब्धिको रूपमा 'महान् अन्तर्राष्ट्रिय मजदुर सङ्घ' को स्थापना हुनपुग्यो। यो आफैँमा यति ठुलो उपलब्धि थियो कि यस सङ्गठनका संस्थापकले अरु केही पनि कामै नगरेको भए पनि यो विषयमा त्यति धेरै गर्व गर्न सकिन्थ्यो। यो सबको फलस्वरूप मार्क्स आफ्नो युगका सबैभन्दा बढी विद्वेष र लाञ्छनाहरूका शिकार पनि हुनुभएको थियो।

निरङ्कुशतावादी र जनतन्त्रवादी दुवैतर्फका सरकारहरूबाट उहाँलाई राज्य निकाला गरियो। रुढिवादी हुन् या घोरजनवादी बुर्जुवाहरू, ती सबैले मार्क्सलाई बदनाम गर्नमा एक अर्कासित प्रतिस्पर्धा गर्दथे। तर, मार्क्स यी सबैलाई बेवास्ता गर्दै आफू आफ्नै कार्य गरिरहनुहुन्थ्यो। अति आवश्यकता परेको अवस्थामा मात्रै उहाँ तिनीहरूको उत्तर दिनुहुन्थ्यो।

ती महान् पुरुष अब यस संसारमा रहनुभएन। साइबेरियाका खानीदेखि लिएर क्यालिफोर्नियासम्म, युरोप र अमेरिकाका सबै क्षेत्रमा उहाँका लाखौँ क्रान्तिकारी मजदुर साथीहरू जो मार्क्सलाई माया गर्थे, उहाँप्रति श्रद्धा राख्थे, आज उहाँको निधनमा आँसु बगाइरहेका छन्। म यतिसम्म भन्न सक्छु कि उहाँका धेरै विरोधीहरू भए पनि व्यक्तिगत शत्रु विरलै थियो होला।

उहाँको नाम युगौँयुगसम्म अमर रहनेछ, त्यसरी नै उहाँको काम पनि अमर रहनेछ।

*(एङ्गेल्सले हाइगेट समाधिस्थल, लण्डनमा १७ मार्च १८८३ मा अङ्ग्रेजीमा गरेको भाषण।)*

# इरानबाट बाहिरिन चाहन्छ वासिङ्टन

● गेरी विल्सन

इरानविरुद्ध आक्रमणलाई अमेरिकाले 'अपरेसन एपिक फ्युरी' नाम दिएको छ । आक्रमणको दुई हप्ता बितिसक्यो । आफैले मच्चाएको उत्पातबाट अहिले वासिङ्टन समस्याग्रस्त छ । जित्न नसकिने युद्ध अब कसरी टुङ्ग्याउने भन्ने अन्योलको भुमरीमा छ अमेरिका ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सल्लाहकारहरूले युद्धबाट बाहिरिने उपाय निकाल्न सुझाव दिएका छन् । मार्च ९ गते 'द वालस्ट्रीट जर्नल' मा एउटा रिपोर्ट छापियो । उक्त रिपोर्ट अनुसार ट्रम्पका निकटस्थ अधिकारीहरूले उनलाई युद्धमा अमेरिका सफल भएको घोषणा गर्न अनुरोध गरेको उल्लेख छ । साथै, उनीहरूले अमेरिकाको आर्थिक र राजनीतिक क्षति नबढ्दै नियन्त्रित रूपमा युद्धबाट हात झिक्न भनेको उक्त रिपोर्टमा खुलाइएको छ ।

'द हिल' ले गरेको नयाँ सर्वेक्षण अनुसार ट्रम्पको लोकप्रियतामा १० अङ्क गिरावट आएको छ । इन्धनको मूल्यमा वृद्धि हुनुभन्दा अगाडि गरिएको सर्वेक्षण थियो त्यो । त्यसैले उक्त अङ्कमा अझै गिरावट आइसकेको हुनुपर्छ ।

इरानका विदेशमन्त्री अब्बास अरागचीले मार्च १० गते आफ्नो देश आवश्यक परे अझै लड्न तयार रहेको बताए । उनले भने, वासिङ्टनसँग वार्ताको कुरा एजेन्डामै छैन ।

सिधा भाषामा भन्ने हो भने समस्या यही हो । यो युद्ध सुरु गर्ने अमेरिकी सरकार अब युद्ध टुङ्ग्याउन चाहन्छ । तर, उसले जसलाई आक्रमण गर्‍यो त्यो इरानले अमेरिकालाई यो मौका दिइरहेको छैन ।

**सत्ता पल्टाउन थालिएको युद्धले सत्ता पल्टाएन**

ट्रम्पले सुरुदेखि नै युद्धलाई इरानको सरकार ढलाउने मौकाको रूपमा तयारी गरेका थिए । फेब्रुअरी २८ मा इरानमाथि अमेरिकाले आक्रमण गर्‍यो । लगत्तै ट्रम्पले जारी गरेको एक सम्बोधनमा प्रदर्शनकारीहरूलाई सत्ता कब्जा गर्न आग्रह गरेका थिए । उनले भनेका थिए, "स्वतन्त्रता हुने बेला अहिल्यै हो ।" बमबारी सक्किएपछि प्रदर्शनकारीहरूले राज्यको बागडोर हातमा लिनुपर्ने ट्रम्पको आह्वान थियो ।

उनले भनेका प्रदर्शनकारीहरूमा पूर्व युवराज रेजा पहलवी जस्ता विपक्षीहरू पनि पर्छन् । पहल्वी इरानका पूर्व राजाका छोरा हुन् । उनले अमेरिकामा बसेर इरानमा राजतन्त्र फिर्ता ल्याउने सङ्घर्ष चलाइरहेका छन् । यसको लागि एकातिर उनले इरानको इस्लामी गणतन्त्र नष्ट गर्नुपर्ने आह्वान गर्दै आएका छन् भने अर्कोतर्फ उनले पश्चिमा आडभरोसा खेजिरहेका छन् ।

माथिका भनाइहरू ट्रम्पले केही दिनपछि पुनः दोहोर्‍याए । मार्च ५ गतेको एक अन्तवार्तामा उनले अघिल्ला सर्वोच्च नेताका छोरा मोज्तबा खामेनीलाई सत्तामा ल्याउनु 'अमान्य हुने' बताए । उनले इरानको भावी नेता छनोट गर्ने प्रक्रियामा आफू व्यक्तिगत रूपमै संलग्न हुने घोषणा गरे ।

सुरुमा युद्ध ट्रम्पले भनेकै बाटोमा गइरह्यो । अमेरिकी गुप्तचर निकाय 'सिआइए' ले महिनौँ लगाएर इरानका सर्वोच्च नेता अली खामेनीको पिछा गरिरह्यो । फेब्रुअरी २८ मा उसले खामेनीको हत्या गर्‍यो । त्यो हमलामा केही वरिष्ठ अधिकारीहरू पनि मारिए ।

तैपनि अमेरिकाको केही सिप चलेन । इरानको 'विज्ञ सभा' ले मोज्तबा खामेनीलाई सर्वोच्च नेता नियुक्त गर्‍यो । यसको लागि सो सभाले संविधान नै संशोधन गरेको थियो ।

युद्धबाट बाहिरिनका लागि ट्रम्पले अमेरिका विजयी भएको घोषणा गर्नुपर्छ । तर, सत्तापलट गराउन थालिएको सत्ता पल्टाएन । यहीनिर हलो अड्किएको छ ।

**अमेरिकी नेतृत्वमा मतभेद**

इरान युद्धमा भएको रणनीतिक बेमेलबारे ट्रम्पले सार्वजनिक रूपमा बोलेका छैनन् । तर, यो बेमेल अमेरिकी सरकारभित्र देखिने मनमुटावबाट छर्लङ्ग हुन्छ ।

मार्च ६ गते एकाबिहानै पत्रकारहरूलाई ट्रम्पले इरानविरोधी अभियान 'छिट्टै' टुङ्गिने बताए । त्यसको लगत्तै अमेरिकी गृहमन्त्रालय पेन्टागनले चलाउने सामाजिक सञ्जालमा मिसाइल हानेको एउटा सनसनीपूर्ण तस्बिर सार्वजनिक गरियो । तस्बिरमुनि लेखिएको थियो - दया गरिनेछैन : हामीले भर्खरै मात्र लडाइँ सुरु गरेका छौँ ।

राष्ट्रपति र सरकारी अधिकारीका विचारमा देखिएको यो बेमेल सामान्य होइन । यसले वासिङ्टनभित्र रहेको रणनीतिक मतभेदलाई दर्शाउँछ । राष्ट्रपतिले स्वदेशी अर्थतन्त्र र तेलको मूल्यवृद्धिलाई स्थिर बनाउन राजनीतिक समाधान खोजिरहेको बेला पेन्टागनले उल्टो बाटो जान खोजिरहेको सन्देश दियो । पेन्टागनले युद्धलाई अझ तीव्र पार्ने सङ्केत दियो । पेन्टागनको दृष्टिमा इरानका सर्वोच्च नेताको हत्या गर्ने 'सर्जिकल हमला' इरानलाई घुँडा टेकाउने चाल थिएन । बरु अमेरिकी साम्राज्यवादको हैकम पुनः थोपर्ने दीर्घकालीन क्षेत्रीय युद्धको सुरुआत थियो ।

सुरुको योजना विफल भएपछि अमेरिकी सरकारभित्र मतभेद पैदा भएको हो । वासिङ्टनले 'टाउको काट्ने' रणनीति लिएको थियो । इरानी नेतृत्वको हत्या गर्ने, त्यसको मिसाइल शक्ति निमिट्यान्न पार्ने, हर्मुज जलडमरु खुला राख्ने र जबर्जस्ती तीव्र गतिमा राजनीतिक सङ्कट ल्याउने - सारमा यही थियो अमेरिकी रणनीति । तर, अमेरिकाले चिताएजस्तो भएन । इरानले पश्चिम एसियाभरि छरिएका अमेरिकी सैन्य अखडाहरूमा प्रहार गर्न थाल्यो । हर्मुज जलडमरुबाट हुने आवागमन इरानले तुरुन्तै ठप्प पार्‍यो । यसले गर्दा तेलको दाम प्रतिब्यारेल १२० डलर पुग्यो ।

तब गएर ट्रम्पले सार्वजनिक रूपमै युद्ध 'छिट्टै' अन्त्य हुने अथवा युद्ध 'टुङ्गिनै लागेको' बताउन थाले । उनको यो वक्तव्यले बजारलाई अलि स्थिर बनाउन टेवा दियो; अमेरिकाले इरान युद्धलाई विश्व तेल बजार बिथोलिने गरी लम्बाउने छैन भन्ने सङ्केत दियो । पेन्टागनले भने उल्टो दिशामा औँल्यायो । सैन्य कारबाही जारी रहेको र थप आक्रमण हुने सम्भावना रहेकोमा पेन्टागनले जोड दियो ।

यो अन्तर्विरोधले वासिङ्टनभित्र बनेको नयाँ तस्बिर देखाउँछ । युद्ध आफैमा मतभेदको कारण थिएन । तर, तीव्र गतिमा सैन्य सफलता हासिल गर्ने योजना विफल भएपछि तर्कवितर्क सुरु भयो । ट्रम्पले अहिले हर्मुज जलडमरु पुनः खुल्न र तेलको सङ्कट खुकुलो हुन सक्ने विश्वास दिलाउन खोजिरहेका छन् । तर, पेन्टागनको अडान अर्कै छ । पेन्टागन भन्दै छ - युद्ध जारी छ र अझै चर्किने सम्भावना छ ।

**मस्कोसँग फोनवार्ता**

मार्च ९ गते ट्रम्पले इरान युद्धको विषयमा छलफल गर्न रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग फोनवार्ता गरे । यो वार्ताको पहल वासिङ्टनले गरेको थियो ।

क्रेमलिनको वक्तव्य अनुसार पुटिनले 'द्रूत राजनीतिक र कूटनीतिक समाधान' को प्रस्ताव पेश गरेका छन् । उनी युद्धलाई थप फैलिनबाट रोक्न र इरानमाथिको अमेरिकी नाकाबन्दी हटाउन प्रयत्नरत छन् ।

मस्कोसँग वासिङ्टनले युद्धको कूटनीतिक समाधान खोज्न परामर्श गर्नुले नै युद्ध कता जाँदै छ भन्ने स्पष्ट हुन्छ । वासिङ्टनले सैन्य आक्रमणको बाढी लगाएपछि इरानको मिसाइल बल तुरुन्तै निमिट्यान्न हुनेछ र उसले हर्मुज जलडमरु बन्द गर्न सक्नेछैन भन्ने सोचेको थियो । तर, इरानले अमेरिकी सेना तैनाथ गरिएका पश्चिम एसियाका २७ भन्दा बढी सैन्य अखडामा जवाफी हमला गर्‍यो । अहिले पश्चिम एसियामा रहेका अमेरिकी सैन्य अखडामा गम्भीर क्षति पुगेको छ । साउदी अरबमा रहेको अमेरिकी दूतावास अहिले खाली गरिएको स्थिति छ ।

अमेरिकी सरकारले इरानमा अहिले मिसाइल छैन भनी जनतालाई बतायो । तर, इरानको 'इस्लामी क्रान्तिकारी गार्ड कोर' (IRGC) का वायुसेना प्रमुखले मार्च ९ गते घोषणा गरे - आजका मितिबाट 'गार्ड कोर' ले एक टनभन्दा माथिका मिसाइल मात्र प्रहार गर्नेछ; प्रहारको तीव्रता, आकार र फैलावट अझ बढ्नेछ ।

इरानले आफ्नो प्रहारको जोड बदलेको छ । सञ्चार माध्यमसँग कुरा गर्दै एक वरिष्ठ इरानी अधिकारीले यो कुरा खोले । इरानले अरबी देशहरूमा रहेका अमेरिकी सैन्य अखडामाथिको प्रहार घटाएर मूलतः इजरायलविरुद्ध केन्द्रित हुने उनले बताए । उनको भनाइ अनुसार इरानको सैन्य नेतृत्वले आफ्नो सैन्य कारबाहीको पहिलो चरण लगभग पूरा भइसकेको छ । यो चरणमा अमेरिकी राडार प्रणाली र अमेरिकाको मिसाइललाई आकाशमै ध्वस्त पार्ने प्रतिरोधी प्रणालीलाई कमजोर पार्ने काम भयो ।

**ओमनमा भएको छलछाम**

इरानले सम्झौता गर्न अस्वीकार गरेको थियो भन्ने आरोप लगाउने गरिन्छ । तर, इरान बिनाकारण सम्झौताबाट बाहिरिएको थिएन । अमेरिकाले जानाजान आफूलाई झुक्याउन खोजेको थाहा पाएपछि इरान सम्झौताबाट बाहिरिएको थियो ।

अमेरिकाले आक्रमण गर्नुभन्दा अगाडि फेब्रुअरी २७ गते ओमनका मध्यस्थकर्ताहरूले कूटनीतिक उपलब्धि (क्रमभङ्ग) हासिल भएको उद्घोष गरे । अमेरिकी र इरानी वार्ताकारहरू मोटामोटी सम्झौतामा पुगेको बताइयो । भोलिपल्ट अमेरिकी र इजरायली विमानहरूले इरानविरुद्ध 'अपरेसन एपिक फ्युरी' सुरु गरे । पहिलो १२ घन्टामा इरानमाथि झन्डै ९०० मिसाइल प्रहार गरियो ।

तेहरानले घटनाक्रम भुलेको छैन । मिसाइल प्रहार गर्न तयारी अवस्थामा राखेपछि 'क्रमभङ्ग' भएको उद्घोष गरिएको थियो । वासिङ्टनले मनमा मयल राखेर सम्झौतामा आएको, कूटनीतिक वार्तालाई पर्दाको रूपमा प्रयोग गरेको र अघि नै टुङ्गो लागिसकेको युद्ध सुरु गरेको इरानले निष्कर्ष निकाल्यो । विदेशमन्त्री अरागचीले मार्च १० गते सम्झौता वार्ता आफ्नो एजेन्डामै नरहेको घोषणा गरे । यसबाट अमेरिकी साम्राज्यवादले सन्धि-सम्झौतालाई आफूले चलाउँदै आएको अटुट युद्धबीच अलिबेर सुस्ताउने सामरिक खेल बनाएको इरानले बुझ्यो ।

**तेल र राजनीतिक घटनाक्रम**

आक्रमण गर्नुभन्दा अघि तेलको मूल्य प्रति ब्यारेल ७३ डलरमा थियो । युद्ध सुरु भएको केही दिनमै तेल बजारमा समस्याग्रस्त भयो । कच्चा तेलको मूल्य प्रति ब्यारेल १२० डलरभन्दा माथि लाग्यो । ट्रम्पले लडाइँ 'छिट्टै' टुंगिने दाबी गर्नुभन्दा अगाडि तेलको भाउ यही थियो । मार्च १० गतेसम्म तेलको मूल्य ९० डलर आसपास झरेको छ ।

तेलको मूल्यमा अझै पनि १७ डलर बढोत्तरी कायम छ । यो युद्धको 'उपहार' हो । यो बढोत्तरी इन्धन, ढुवानी, खाना र मल आदिमा जोडिन्छ । विश्वका सबै देशका कामदार जनताले यो महँगीको मार झेल्दै छन् । युद्ध यता अमेरिकामा डिजलको भाउ २२ प्रतिशत बढेको छ । एसियाबाट युरोप आउने जहाजको भाडादर करिब ४५ प्रतिशत बढेको छ ।

आफ्ना ग्यास सिलिन्डर भर्ने श्रमजीवी जनताले तेलको भाउ ९० डलर पुग्नुलाई अमेरिकाको कूटनीतिक उपलब्धि मान्ने छैनन् । उनीहरूले यसलाई महँगीकै रूपमा भोग्नेछन् । यो महँगी अन्त्य हुने कुनै छाँट देखिन्न । खाडीबाट तेल निर्यात गर्ने मार्गमा अवरोध आएको र तेल भण्डारहरू भरिएको हुनाले कुवेतले केही दिनलाई तेल उत्पादन रोक्न सकिने बताएको छ ।

युद्धको स्थितिमा बन्द भएका इन्धनका पूर्वाधारहरू छिट्टै सुचारु हुन गाह्रो पर्छ । तिनीहरू जतिञ्जेल बन्द हुन्छन्, तिनलाई पुनः सुचारु गर्न उत्तिकै समय लाग्नेछ । तेलको भाउ बढ्दा युद्धको खर्च पनि बढ्नेछ । यसले गर्दा समग्र अर्थतन्त्रमा महँगी छाउनेछ ।

**युद्ध टुङ्गिने छाँट छैन**

'द वालस्ट्रीट जर्नल' ले अमेरिकाको अन्तरिक जञ्जालको प्रस्ट चित्र कोरेको छ । ट्रम्प सरकारका कतिपय अधिकारीहरूले इरानले अमेरिकी सैन्य अखडामा आक्रमण जारी राखेसम्म अमेरिका सजिलै पछि हट्न नसक्ने बताएका छन् । ट्रम्पले इरानले हर्मुज जलडमरुलाई अवरुद्ध पारेसम्म आक्रमण जारी राख्न तयार रहेको बताएका छन् ।

इरानी तर्क यसको विपरीत छ । अमेरिकाले आक्रमण जारी राखेसम्म इरानले जलडमरु ठप्प पारिरहने इरानले स्पष्ट पारेको छ । यता अमेरिका भने इरानले जलडमरु नखोलेसम्म आक्रमण जारी राख्ने भन्दै छ । वासिङ्टनले जुन योजनाले यो युद्ध थालेको थियो, आक्रमणको दुई हप्ता बित्दा त्यो योजनाले काम गरेको छैन ।

अमेरिकी सरकारभित्र अब कसरी जाने भन्ने विषयमा तर्कवितर्क चल्दै छ । पेन्टागतका अधिकारी र युद्ध पक्षधर सिनेटरहरूले आक्रमण तीव्र पार्न जोडबल लगाउँदै छन् । तर, ट्रम्पले यो युद्ध टुङ्ग्याउनुमा राजनीतिक लाभ देख्दै छन् । यता इरान भने अमेरिकाका यी दुवैथरी खेमालाई खुसी पार्ने मनसायमा छैन ।

वासिङ्टनले सत्ता उल्ट्याउने युद्ध सुरु गर्‍यो । दुई हप्तापछि इरानमा नयाँ सर्वोच्च नेता चयन भएका छन् । इरानको मिसाइल शक्ति तौल र तीव्रता दुवैमा बढेको छ । द्रूत विजय हासिल गर्ने उद्देश्य राखेको रणनीतिले हावा खाएको छ । यो रणनीतिले नचिताएको परिणाम ल्याएको छ । वासिङ्टनले सजिलै यो युद्धबाट छुटकारा पाउने छैन ।

यो युद्ध वासिङ्टनको इच्छाबाट सुरु भएको थियो । तर, यसको अन्त्य इरानको सर्तमा हुनेछ ।

***स्रोत : एमआर अनलाइन । सम्यक***



# कसले माऱ्यो कर्नेल गद्दाफीका छोरा सैफलाई ?


**निकोलस रिड**

छोटकरीमा भन्छु - कर्नेल मुअम्मर गद्दाफीका छोरा सैफ अल-इस्लाम पश्चिमा देशहरूका लागि खतरा थिए। उनी अमेरिका र युरोपका सर्वसाधारण जनताका लागि खतरा थिएनन्। बरु त्यहाँका रक्तपिपासु बहुराष्ट्रिय कम्पनीका मालिकहरूका लागि खतरा थिए। कर्नेल गद्दाफीको हत्यापछि लिबियाको प्राकृतिक स्रोतसाधनमा लुटपाट मच्चाइरहेका पश्चिमा कम्पनीहरूका लागि ठूला खतरा थिए सैफ अल-इस्लाम।

सन् २०११ मा मुअम्मर गद्दाफीको हत्या भयो। उत्तर एटलान्टिक सन्धि सङ्गठन 'नेटो' को आडमा जिहादी लडाकुहरूले उनको हत्या गरे। त्यसपछि लिबियाको विशाल तेल भण्डार र प्राकृतिक सम्पदाको लुटपाट सुरु भयो। गद्दाफीको हत्यामा फ्रान्सेली सेनाले साँठगाँठमात्र गरेन। हत्याको पूरा योजना उसैको थियो। फ्रान्सेली विमानहरूले सिर्ते सहरबाट भाग्दै गरेको गद्दाफीको टोलीमाथि बमबारी गरे। खबर अनुसार एक फ्रान्सेली एजेन्टले कर्नेल गद्दाफीको विमानमाथि घातक मार हान्यो। पछि तथाकथित विद्रोहीहरूले गद्दाफीलाई कहालिलाग्दो यातना दिए।

यो कुनै 'मानवीय सहायता' थिएन। यो एउटा नियोजित आक्रमण थियो। अफ्रिकामा पश्चिमाहरूको नवउपनिवेशवादी कब्जालाई चुनौती दिने एक साहसी नेताको सफाया थियो।

अब सन् २०२६ को फेब्रुअरीमा फर्कौं। हत्याको पटकथा उस्तै थियो। कथामा पश्चिमा गुन्डागर्दी अझ बढेको थियो। फेब्रुअरी ३ को दिन कर्नेल गद्दाफीका छोरा सैफ अल-इस्लामलाई आफ्नो जिन्तानस्थित घरभित्र गोली ठोकियो। उनको हत्यामा चार जना हत्याराको प्रयोग गरिएको थियो। हत्या गर्नुअघि उनीहरूले सैफ अल-इस्लामको घरवरिपरि लगाइएका क्यामेराहरू बन्द गरिदिएका थिए। वास्तवमा नेटाको विध्वंसपछि भर्खर खरानीबाट उठ्दै गरेको सार्वभौम लिबियाका आशाका किरण थिए - सैफ।



सैफ अल-इस्लाम गद्दाफी

सैफ अल-इस्लाम सत्ताविद्रोहमा बचेका कुनै धुलाम्य मूर्ति थिएनन्। उनी लिबियाका लाखौँ जनताका मुक्तिका जल्दोबल्दो प्रतीक थिए। सन् २०११ यता लिबियाका जनता नारकीय सैन्य शासन, मानव तस्करी र आर्थिक टाटपल्टाइबाट छटपटिँदै आएका छन्। लिबियाबाहिर पनि सैफले अफ्रिकाभरि उत्प्रेरकको काम गरे। पश्चिम अफ्रिकाको साहेल क्षेत्रदेखि दक्षिण अफ्रिकाको केपसम्म उनले लाखौँ उत्पीडित जनताका प्रेरणा दिए। उनी कर्नेल गद्दाफीले अघि सारेको 'एक अफ्रिका' को सपनाका सच्चा वारिस थिए।

कर्नेल गद्दाफी एक नेता मात्र थिएनन्। उनी अफ्रिकाका अथक अगुवा थिए। उनले अफ्रिकी युनियनमा अरबौँ डलर खर्च गरेका थिए। उनले सिँचाइ नहरदेखि भूउपग्रहजस्ता भौतिक पूर्वाधार निर्माणमा पैसा लगाएका थिए। उनले अफ्रिकाका सबै देश एउटै 'संयुक्त राज्य अफ्रिका' मा आबद्ध हुनुपर्ने विचारको पैरवी गर्दै आएका थिए। अफ्रिकाले अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्कको ऋण पासोबाट आफूलाई मुक्त गर्न स्वर्ण मुद्राको निर्माण गर्नुपर्ने उनको अवधारणा थियो। उनले पश्चिमा शोषण र लुटपाटबाट मुक्त अफ्रिकाको भिजन लिएका थिए। अफ्रिकी स्रोतसाधनले अफ्रिकालाई समृद्ध पार्नुपर्ने भिजन थियो उनको। यही विचारको मसाल बोकेर सैफ अल-इस्लाम प्रतिकारमा उत्रे। सत्यको यो मसाल उनले आफ्नो देशलाई ध्वस्त पार्ने पश्चिमका पाखण्डी युद्ध सरदारहरूविरुद्ध प्रयोग गरे। फ्रान्सेली राष्ट्रपति निकोलस सार्कोजीको राजनीतिक पतनमा सैफको हात थियो। सन् २००७ मा एक बिचौलियाको रूपमा लिबियाबाट ५ करोड युरो हात पारेर पश्चिमाहरूको नजरमा लिबियाको छवि साफ गरेका सार्कोजीले पछि गद्दाफीलाई धोका दिए। उनैले पछि लिबियाविरुद्ध 'नेटो' बमबारीको ढोका खोले।

सैफले सार्कोजीको भ्रष्टाचार उदाङ्ग्याउने दस्तावेज, बैङ्क रेकर्ड र प्रत्यक्षदर्शीका बयान उपलब्ध गराएका थिए। यिनै प्रमाणका बलमा सन् २०२५ मा सार्कोजीलाई ला सान्ते कारागारमा थुनियो। सैफको व्यङ्ग्य विश्वभरि गुन्जियो - "सन् २०११ मा म मरुभूमिमा थिएँ; नेटोको सिकारी खेदाइमा थिएँ; अहिले म आफ्नै सुन्दर घरमा बसिरहेको छु तर सार्कोजी अहिले कालकोठरीमा छ।" यो व्यक्तिगत गाथा मात्र थिएन। यो एउटा कवितामय न्याय थियो। फ्रान्सको राष्ट्रिय बेइज्जती थियो। सार्कोजीलाई जेलमा हालेर सैफले गद्दाफी परिवारको मात्र बदला लिएनन्। उनले प्रत्येक सच्चा लिबियालीको बदला लिए। उनले 'नेटो' देशहरूको 'मानवीय' बमबारीले मच्चाएको विध्वंसमा मारिएका लिबियालीहरूको बदला लिए।

सैफले फ्रान्सेली राजनीतिको सढे-गलेको मुहान देखाइदिए। जहाँ सार्कोजी र अहिलेका म्याक्रोँजस्ता नेताहरूले अफ्रिकी स्रोतसाधनले खल्ती भर्दै विदेशमा लोकतन्त्र बेच्दै हिँड्छन्। सार्कोजीको बेइज्जतीले 'अफ्रिकाले जवाफी हमला गर्न सक्छ' र 'साम्राज्यवादी गिद्धहरूबाट आफ्नो स्वाभिमान खोस्न सक्छ' भन्ने सन्देश दियो। विश्लेषकहरू सार्कोजीको बेइज्जतीकै कारण फ्रान्स सरकारले अफ्रिकाप्रति अत्यन्त विषालु नीति लिएको बताउँछन्।

सैफको हत्या हुनुभन्दा केही दिनअघि रुसी गुप्तचर निकायले इमानुयल म्याक्रोँको षड्यन्त्र उजागर गरेको थियो। म्याक्रोँले अफ्रिकाभरि 'अवाञ्छित व्यक्तिहरू' को सफाया गर्नेगरी गुप्त अपरेसनहरू सञ्चालन गर्न आदेश दिएका थिए। यो आदेश उपनिवेशवादी युगमा हुने हत्या शृङ्खलाको सनसनीपूर्ण प्रतिध्वनि हो। यो संयोग होइन, बरु नृशंस प्रतिशोध हो।

पश्चिम अफ्रिकाको साहेल क्षेत्रमा चलेको साम्राज्यवादविरोधी आन्दोलनका कारण फ्रान्स पछि हट्नुपऱ्यो। यसको पछाडि फ्रान्सले गद्दाफीपुत्र सैफलाई उत्प्रेरक देख्यो। सैफले भत्केको लिबियालाई पुनः जोड्न सक्ने फ्रान्सले अड्कल लगायो। सैफको प्रभावमा लिबिया एकताबद्ध भएको स्थितिमा कर्नेल गद्दाफीको 'एक-अफ्रिकाको स्वर्ण युग' सपना फेरि ब्युँतिन सक्छ; साहेल देशहरूको गठबन्धन थप मजबुत हुन सक्छ र अफ्रिकी स्रोतसाधनमाथि फ्रान्सेली कब्जामा चुनौती थपिन सक्छ। हाल नाइजरको युरेनियमदेखि लिबियाका तेल खानीहरू फ्रान्सको कब्जामा छन्। सार्कोजीको मामिलामा सैफले खेलेको भूमिकाका कारण गद्दाफीका समर्थक र फ्रान्सका शासकहरूबीच एउटा छायाँ युद्ध चल्न थाल्यो। फ्रान्स सरकारले अफ्रिकाका सार्वभौम देशमा रहेका आफ्ना विरोधीहरूको मुख थुन्न हत्यारा समूह र मोस्साद शैलीका घुसपैठियाहरू तैनाथ गऱ्यो। (इजरायली गुप्तचर निकाय 'मोस्साद' लाई घुसपैठ गर्न सिपालु क्रूर संस्था मानिन्छ।)

बुर्किना फासोका साम्राज्यवादविरोधी युवा नेता इब्राहिम त्राओरेले अहिले साहेल क्षेत्रमा एउटा बेजोड गठबन्धन बनाएका छन्। पश्चिमाहरूको पैसा, तालिम र हतियार पाएका जिहादी समूहहरूविरुद्ध उनले माली र नाइजरसँग मिलेर संयुक्त सैन्य अभियान चलाउँदै छन्। फ्रान्सेली सेनालाई देशबाट खेदेपछि सुरक्षा र सच्चा साझेदारीका लागि उनले रुससँग हात मिलाउँदै छन्। उनी अफ्रिकी एकताका सच्चा पहरेदार हुन्। यही सन्देश उनले अफ्रिकाभरि फैलाउँदै छन्। अफ्रिकी एकताको यो सन्देशबाट अफ्रिकी सम्पदा लुटेर बाँचिरहेका युरोपेली धनाढ्यहरू सन्त्रस्त छन्।



निकोलस रिड

लिबिया जुर्मुराउँदै त्राओरेको भिजनसँग मिल्थ्यो भने युरोपेली शासकहरूको कालरात्री सुरु हुने थियो। किनभने, त्यो स्थितिमा लिबियादेखि मालीसम्मका देशहरूले सार्वभौम गठबन्धन बनाउने थिए। त्यहाँ पश्चिमा लुटपाट बन्द हुने थियो। यसै पनि पश्चिम अफ्रिकामा फ्रान्सले चलाउँदै आएको मौद्रिक साम्राज्यवाद सङ्कटग्रस्त छ। यो क्षेत्रमा साम्राज्यवादविरोधी गठबन्धनका सैनिकहरू तैनाथ छन्। उनीहरू अफ्रिकाको भाग्य अफ्रिका आफैले लेख्न पाउनुपर्छ भन्दै छन्। उनीहरू मुद्राकोषको 'मितव्ययी जाल' लाई अस्वीकार गर्दै छन्। उनीहरूले आफ्नो युरेनियम र तेल भण्डारलाई आफ्नै जनताको हितमा प्रयोग गर्दै छन्।

यो सन्दर्भमा राखेर हेर्दा सैफको जीवन र उनको विभत्स हत्या इतिहासको सामान्य घटना होइन। बरु उनको जीवन र हत्या पुरानो घाउ कोट्याउनु जस्तै हो; पश्चिमा कपटविरुद्ध जारी अविच्छिन्न प्रतिरोधको जगमगाउँदो प्रतीक हो।

सैफलाई पश्चिमा मिडियामा खलनायक, देशभक्त वा रहस्यमय व्यक्तिका रूपमा पेश गरिँदै छ। तर, अफ्रिकाका करोडौँ जनताको नजरमा कथा अर्कै छ। उनीहरूले बुझेका छन् - लिबियामा 'नेटो' ले गरेको 'हस्तक्षेप' प्रजातन्त्र अथवा मानवअधिकारका लागि थिएन; यो त नाङ्गो सत्ता कब्जा थियो; उदार नाराहरूको आडमा स्रोतसाधनको लुटपाट थियो; पश्चिमा व्यवस्थाविरुद्ध लड्न कस्सिएको एक आँटिलो नेताको अपमान थियो। कर्नेल गद्दाफीको हत्याका कारण लिबियामा भाँडभैलो मच्चियो। लिबिया 'इजइज' उग्रवादीहरूको स्वर्ग बन्यो। उनीहरूले लिबियाली जनतालाई दाससरी बेचे; लिबिया दास बजारमा परिणत भयो। साथमा पश्चिमा बहुराष्ट्रिय कम्पनीहरूले अफ्रिकाको सबैभन्दा सम्पन्न र समृद्ध देश लिबियामा लुटपाट मच्चाए।

सैफ अल-इस्लाम गद्दाफीको हत्या अन्त्य होइन, बरु एउटा सुरुआत हो। उनको हत्याबाट पश्चिमाहरूको डर प्रकट हुन्छ। उनीहरू लिबियाली जनताको मुख थुन्न चाहन्छन्। तर, लिबियाली जनता बोल्न थालेका छन्। सैफ गद्दाफीको अन्त्येष्टिमा जम्मा भएका लाखौँ लिबियालीहरूले यही सन्देश दिए। उनीहरूले प्रस्ट भाषामा भने, "अफ्रिकाको समय आएको छ। तिमीहरूको लुटपाटको युग अन्त्य हुँदै छ।"


*(स्रोत : कोभर्ट एक्सन म्यागेजिन। सम्यक)*

# क्युवाली क्रान्ति अमेरिकी साम्राज्यवादविरुद्ध अडिग छ

**विजय प्रसाद**

सन् २०२६ को जनवरीमा, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई अमेरिकी सुरक्षाका लागि 'असामान्य र असाधारण खतरा' घोषणा गरे। यो यस्तो दर्जा हो जसले अमेरिकी सरकारलाई सामान्यतया राष्ट्रिय सुरक्षाका शत्रुहरूका लागि सुरक्षित राखिने व्यापक आर्थिक प्रतिबन्धहरू लगाउने अनुमति दिन्छ। क्युबा विरुद्धको अमेरिकी नाकाबन्दी सन् १९५९ को क्युबाली क्रान्तिलगत्तै १९६० को दशकमा सुरु भएको थियो, तर वर्षौंदेखि यो झन् कडा हुँदै गएको छ। संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को कुनै पनि जनादेश बिना, जसले कडा सर्तहरूमा मात्र प्रतिबन्धको अनुमति दिन्छ। अमेरिकाले एकतर्फी र अवैध नाकाबन्दी चलाउँदै आएको छ, जसले विश्वभरका देशहरूलाई क्युबासँग आधारभूत व्यापार रोक्न बाध्य पार्ने प्रयास गर्दछ। नयाँ प्रतिबन्धहरू विशेष गरी तेलमा केन्द्रित छन्। अमेरिकी सरकारले क्युबालाई तेल बेच्ने वा ओसारपसार गर्ने जुनसुकै देशमाथि महसुल र प्रतिबन्ध लगाउने धम्की दिएको छ।

जनवरी ३ मा, अमेरिकाले भेनेजुयलामाथि आक्रमण गरी राष्ट्रपति निकोलस मादुरो मोरोस र राष्ट्रिय सभाकी उपप्रमुख सिलिया फ्लोरेसलाई अपहरण गऱ्यो। काराकासको आकाशमा १५० वटा अमेरिकी सैन्य विमानहरू तयारी अवस्थामा रहँदा, अमेरिकाले भेनेजुयला सरकारलाई जानकारी दियो कि यदि उनीहरूले मागहरूको सूची स्वीकार गरेनन् भने, अमेरिकाले काराकासको मुख्य सहरलाई 'गाजा सहर' जस्तै बनाइदिनेछ। सरकारका बाँकी सदस्यहरूसँग वार्तामा कुनै पनि शक्ति नभएका कारण, उनीहरूले बाध्य भएर रणनीतिक सम्झौता गर्नुपऱ्यो र अमेरिकी मागहरू स्वीकार गरे। ती मागहरूमध्ये एउटा माग भेनेजुयलाले क्युबालाई तेल निर्यात गर्न बन्द गर्नुपर्ने थियो। सन् २०२५ मा, भेनेजुयलाले क्युबाको कूल तेल मागको करिब ३४ प्रतिशत योगदान गरेको थियो। निकट भविष्यमा भेनेजुयलाको तेल आपूर्ति बन्द हुने निश्चित भएपछि, क्युबाले पहिले नै गम्भीर समस्याको पूर्वानुमान गरिसकेको थियो।





तर, यतिमा मात्र कुरा रोकिएन। सन् २०२५ मा क्युबाको कच्चा तेल आयातको ४४ प्रतिशत हिस्सा मेक्सिकोले आपूर्ति गरेको थियो। अब वासिङ्टनबाट मेक्सिको सिटीलाई क्युबातर्फको तेल निर्यात बन्द गर्न तीव्र दबाब बढ्न थाल्यो, जसको अर्थ क्युबाको लगभग ८० प्रतिशत तेल आयात ठप्प हुनु हो। मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनवाम र ट्रम्पबिच भएको टेलिफोन वार्तामा, ट्रम्पले आफूले उनलाई क्युबालाई तेल बेच्न बन्द गर्न भनेको दाबी गरे। तर सेनवामले त्यसको खण्डन गर्दै दुई राष्ट्रपतिबिच केवल अमेरिका-मेक्सिको सम्बन्धका बारेमा सामान्य कुरा भएको बताइन्। जे भए पनि, मेक्सिकोलाई तेल ढुवानी रोक्न दिइएको दबाब निकै ठुलो छ। सेनवामले मेक्सिकोलाई सार्वभौम निर्णय गर्ने अधिकार हुनुपर्ने र मेक्सिकोका जनता अमेरिकी दबाबसामु नझुक्ने कुरामा जोड दिएकी छिन्। क्युबामा इन्धन आपूर्ति कटौती गर्दा मानवीय सङ्कट निम्तिने भएकाले सेनवामले आफ्नो सरकारले ट्रम्पको माग स्वीकार नगर्ने स्पष्ट पारिन्।

ट्रम्पको यो क्रूर नीतिले प्रभावकारी रूपमा क्युबाको अधिकांश तेल आयात ठप्प पारिदिएको छ, जसले गर्दा एक करोड १० लाख जनसङ्ख्या भएको यस टापु राष्ट्रमा ठुलो ऊर्जा सङ्कट उत्पन्न भएको छ। त्यहाँ तालिकाबद्ध विद्युत् कटौती ( लोडसेडिङ) समस्या छ; अस्पताल, खानेपानी प्रणाली र यातायातका लागि इन्धनको अभाव छ र बिजुलीको राशनिङ (सीमित वितरण) गरिएको छ। हवाई इन्धनको अभावका कारण 'एयर क्यानडा' जस्ता कैयौँ व्यावसायिक एयरलाइन्सहरूले हवानाका लागि आफ्ना उडानहरू बन्द गरेका छन्।

संयुक्त राष्ट्र सङ्घले चेतावनी दिएको छ कि अमेरिकी दबाब अभियान-विशेष गरी इन्धनलाई लक्षित गर्ने नीतिले क्युबाको खाद्यान्न र पानी आपूर्ति, अस्पताल, विद्यालय र आधारभूत सेवाहरूलाई खतरामा पारेको छ। क्युबामा मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घका विशेष प्रतिनिधि लगायतका अधिकारीहरूले अमेरिकाले नाकाबन्दी कडा पार्नुलाई सर्वसाधारण नागरिकलाई प्रत्यक्ष हानि पुऱ्याउने कदम भन्दै भर्त्सना गरेका छन्। उनीहरूले के औँल्याएका छन् भने, यी प्रतिबन्धहरूले अस्पतालहरूलाई अत्यावश्यक औषधि प्राप्त गर्न, डायलासिस क्लिनिकहरू सञ्चालन गर्न र बिरामीसम्म चिकित्सा उपकरणहरू पुऱ्याउन कठिन बनाएको छ, जसले क्युबाको स्वास्थ्य सङ्कटलाई झन् बिगारेको छ। विशेष प्रतिनिधिले यस नीतिलाई 'दण्डात्मक र असन्तुलित' भन्दै यो अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको र यसले सामाजिक-आर्थिक कष्टलाई थप गहिरो बनाएको कुरामा जोड दिए। संयुक्त राष्ट्र सङ्घले अमेरिकालाई प्रतिबन्धहरू हटाउन र मानवीय छुटलाई प्राथमिकता दिन आग्रह गरेको छ। साथै, क्युबाली जनताको जीवन र मानव अधिकारको रक्षाका लागि बाध्यकारी उपायहरू नभई संवाद र सहयोग आवश्यक रहेको कुरामा जोड दिएको छ।

संयुक्त राष्ट्र सङ्घका मानव अधिकार विज्ञहरूको एउटा समूहले ट्रम्पको कार्यकारी आदेशलाई 'अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन' र 'लोकतान्त्रिक एवं समतामूलक अन्तर्राष्ट्रिय व्यवस्थाका लागि गम्भीर खतरा' भन्दै भर्त्सना गरेको छ। उनीहरूले तर्क गरेका छन् कि ट्रम्पको आदेशले व्यापारिक प्रतिबन्धको धम्की दिएर क्युबा र तेस्रो मुलुकहरूलाई बाध्य पार्न खोजेको छ र यस्ता क्षेत्र बाह्य आर्थिक उपायहरूले गम्भीर मानवीय परिणाम निम्त्याउने जोखिम हुन्छ। उनीहरूको विज्ञप्तिले स्पष्ट पारेको छ

*बाँकी पृष्ठ ८ मा*

# राजनीति सिद्धान्तनिष्ठ हुनुपर्ने लह लहैको मत सैद्धान्तिक नहुने

✍ **विगोल**

निर्वाचन पनि एक प्रकारको जनमतसङ्ग्रह हो । निर्वाचन अभियान स्वयम् वैचारिक एवम् राजनीतिक कक्षा सञ्चालन हो । निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीले जनतालाई पुँजीवादको खराबी र समाजवादको अपरिहार्यताबारे सचेत पार्ने काम गर्‍यो । यसकारण, नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भन्दै आएको हो; खराबलाई फाल्ने र असललाई तिखार्ने वा सचेत र सङ्गठित बनाउने अवसरको रूपमा निर्वाचनलाई उपयोग गर्दै आएको हो । वर्गीय राजनीतिबाट सैद्धान्तिक र व्यावहारिक ज्ञानको विकासको साथै कार्यकर्ताहरू शिक्षित र चनाखो हुनेछन् । कार्यकर्ताहरू योग्य, इमानदार, देशभक्त र क्रान्तिकारी होस् भन्ने नेमकिपाको चाहना हो । कार्यकर्ताहरू हर किसिमले दुःख, कष्ट र आँधीबेहरीसँग जुझ्न सक्ने तथा गाउँ र नगरका जनताको निःस्वार्थ रूपले सेवा गर्ने र देश र जनताप्रति समर्पित हुनुपर्छ भन्ने धारणा नेमकिपाको हो ।

नेमकिपा व्यापक जनताको हितको निम्ति सङ्घर्षरत पार्टी हो । आमूल परिवर्तन भएपछि मात्र श्रमजीवी जनताको हित हुन्छ भन्ने पार्टीको धारणा हो । नेपाली भूमि जोगाउन, अतिक्रमित भूमि फिर्ता लिन सङ्घर्षरत नेमकिपाले भारतीय र अमेरिकी हस्तक्षेप, आक्रमण र दबाबको विरोध गर्दै आएको हो । अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा बनाइएको बाँध तथा तटबन्ध भत्काउन र आइन्दा नबनाउन खबरदारी गर्दै आएको पार्टी नेमकिपा हो । देशको स्वाधीनता र सार्वभौमसत्तामा दाग पर्ने, असमान सन्धि र सम्झौता गरेर नेपाल र नेपाली जनतामा आघात पुग्ने सवालमा नेमकिपाले जहिल्यै सरकारलाई खबरदारी गर्दै आएको हो । नेपालका प्राकृतिक स्रोत र साधन विदेशीलाई दिन नहुने, देशका उद्योगधन्दा तथा कलकारखाना विदेशी कम्पनी र दलाललाई दिन नहुने सवालमा पनि नेमकिपाले सरकारको खबरदारी गर्दै आएको हो । यसरी देश र जनताको पक्षमा सधैँ सङ्घर्षरत नेमकिपा र नेमकिपाका सांसदहरू देशको निम्ति जरुरी छ । यो कुरा हरेक युवा-विद्यार्थी या नयाँ पुस्ताले बुझ्नुपर्ने या थाहा पाउनुपर्ने हो । युवा विद्यार्थीहरूले नेमकिपाले गर्दै आएको गुण र योगदानलाई भुल्नु हुँदैन ।

देश र जनताभन्दा दल माथि छैन । देश र जनताकेन्द्रित भएर अघि बढिरहेको नेमकिपा कहिले पनि सत्ता स्वार्थमा अल्झेन । पुँजीवादी शासकहरूले निजीकरणको नाउँमा उद्योगलाई एक एक गर्दै नियोजित ढङ्गमा विदेशी पुँजीको अधीनमा दिने काम गरे । यसको कारण नेपाल विदेशी एकाधिकार पुँजीको नवउपनिवेश बन्दै गयो । जनतासँग प्रत्यक्ष सरोकार राख्ने उद्योगहरूलाई निजीकरण गर्नु हुँदैनथ्यो । कुनै पनि उद्योग विदेशी पुँजीको हातमा दिनु हुँदैनथ्यो । सत्तामा पुगेका पुँजीवादी पार्टीहरूले देश र जनताको स्वाभिमानको अवमूल्यन गरे । प्रजातन्त्र सत्तामा बस्ने पार्टीहरूको मनपरीतन्त्र होइन । सिद्धान्ततः प्रजातन्त्रविरोधीहरू र जनताको मतलाई यथोचित आदर गर्ने, प्रशासनयन्त्र र प्रचार साधनलाई एकहत्ती नगर्ने र आलोचना सहने जीवन पद्धति हो । यो जीवन पद्धतिलाई बस्ती-बस्तीसम्म पुर्‍याउन नेमकिपाले निर्वाचनलाई उपयोग गरेको हो ।

पुराना दल सबैलाई शासकको दल देख्नु युवा-विद्यार्थीहरूको दृष्टिदोष हो । पुराना दल सबै शासक होइनन् । पुराना दललाई शासकहरूको सूचीमा राखेर उही दृष्टिले हेर्ने नयाँ पार्टी या युवा-विद्यार्थीको हेराइ सही होइन । पुराना दलका नेता, सांसद र कार्यकर्ताहरूले पनि सरकारको कमी कमजोरी औँल्याउने, सरकारलाई खबरदारी गर्ने काम गरिरहेका छन् । नेमकिपाले जनताले दिएको विश्वासको मतलाई कहिल्यै धोका दिएन । जनताको विश्वासको मतलाई इमानदारीपूर्वक नेमकिपाले आदर र सम्मान गरेको छ । सिद्धान्त र राजनीतिक नैतिकताले बाँधिएका नेता तथा कार्यकर्ताहरू हल्लाको भरमा कसैको पछि लाग्दैनन्; पछि लाग्नु हुँदैन । विदेशी शक्ति राष्ट्रहरूको हस्तक्षेप र दबाबमा त झनै लाग्नु हुँदैन ।

जनताको राजनीतिक मनोबल उँचो बनाउन, असमान सन्धि सम्झौता गर्ने दलका उम्मेदवारहरूलाई हराउन, कर्णालीलगायत देशका अन्य जलस्रोतहरू संरक्षण गर्नुपर्ने सवालमा नेमकिपाले सदन र सडकमा आवाज बुलन्द गरेको हो । कला र संस्कृतिको संरक्षण, संवर्द्धन गर्न, शिशुशाला र बालोद्यानको विकास गरी महिलाको श्रम शक्तिलाई सहयोग गर्न, आर्थिक अनुशासन कायम गर्ने, भ्रष्टाचारीहरूमाथि कारबाही गर्न, जनताको सांस्कृतिक स्तर र नागरिक भावनाको विकासमा जोड दिँदै आएको दल नेमकिपा हो । राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक अपराधीहरूलाई जनतामाझ उदाङ्ग्याउन र फेरि त्यस्ता कुत्सित कार्य नगर्न र नगराउन नेमकिपाले खबरदारी गर्दै आएको यथार्थ हो । स्थानीय तहको स्वायत्ततालाई बलियो बनाउन, विकास निर्माणमा सामूहिक भावना जगाउन, युवा जनशक्तिलाई सृजनात्मक कार्यमा उत्प्रेरित गर्नुपर्नेमा नेमकिपाले जोड दिँदै आएको हो । महिलालाई हरेक क्षेत्रमा आत्मनिर्भर बनाउन शिक्षा र रोजगारमूलक कार्यमा जोड दिँदै आएको नेमकिपाले देशमा खाद्यान्न उत्पादन बढाउन, आयस्रोत बढाउन स्वदेशमै रासायनिक मल कारखाना स्थापना गर्न दशकौँ अघिदेखि सरकारको ध्यानाकर्षण गर्दै आएको हो ।

देशको शैक्षिक स्थिति पनि चित्तबुझ्दो छैन । शिक्षा क्षेत्रमा देखिएको अराजकता अन्त्य गर्नुपर्छ । सरकारी विद्यालयको शैक्षिक स्तर उकास्न अझ मेहनत गर्नु आवश्यक छ । शिक्षालाई उत्पादन श्रमसँग मिलाउनुपर्ने समयको माग हो । निजीकरण र उदारीकरणको नाउँमा देशलाई नवउपनिदेशवादको भासमा डुबाउने नीतिको विरोध गर्नु अहिले पनि आवश्यक छ । लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय योजना आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगहरूलाई स्वतन्त्र र अधिकार सम्पन्न बनाइनुपर्छ । यसलाई शासक दल या अन्य कुनै दलको निकाय सम्झनु हुँदैन; बनाउनु हुँदैन, कसैले आफ्नो दबाब र प्रभावमा राखेर त्यसले दिने न्यायमा हस्तक्षेप गर्नु हुँदैन ।

नेपाल-भारत खुला सीमाको कारण सीमा तस्कर एवम् अपराधी एक अर्को देशमा लुक्ने र समस्या विवाद समाधान भएको छैन । दुवै देशको हितको लागि खुला सीमा नियमित गर्नुपर्ने हो, त्यो पनि भइरहेको छैन । दुई देशको सीमा व्यवस्थापन पनि भएको छैन । छाउपडी, बोक्सी, दहेजजस्ता अन्धविश्वासका कारण महिला र बालबालिकाको मृत्यु भइरहेको छ । त्यसबारे शासक दलका नेताहरूलाई कुनै चासो छैन । देश अझै साक्षर बनेको छैन । न त विकासशील देश नै बनेको छ । कृषिप्रधान देशमा कृषिमा नै आत्मनिर्भर बनेको छैन ।

अपराधीहरू बढ्दै छन् । महिला बेचबिखन अन्त्य भएको छैन । बालबालिका बेपत्ता पार्ने, हत्या, हिंसा र बलात्कारका घटना बारम्बार दोहोरिरहेको छ । देश र जनताका यी यावत समस्याबारे आवाज उठाउँदै आएको दल नेमकिपा हो । यी सबै कुरा नयाँ पुस्ताले बुझ्नुपर्ने हो । कसैको हल्ला र लहैलहैमा लागेर कुनै दलको पक्षमा लाग्नु र मतदान गर्नु बुद्धिमानी होइन । लहै लहैमा गएको मत कुनै दलको सिद्धान्तले भिजेको मत होइन । यस्तो मत कुनै पनि बेला, कुनै पनि समयमा अदलबदल भइरहन्छ । त्यस्तो मत न सिद्धान्तले भिजेको मत हो न त त्यो स्थिर नै रहन्छ । अतः हरेक पक्ष र सवालमा जनता सचेत र चनाखो हुनुपर्छ । नत्र देशको स्थिति अझ जटिल बन्न सक्नेछ ।

# आधा भरिएको ग्यास सिलिन्डर र मूल्यवृद्धिमा सरकारको ध्यान खै ?

नेपाल जलस्रोतमा धनी देश हो । जलस्रोतमा धनी देशको सरकारले पर्याप्त विद्युत् उत्पादन गरेको भए, उत्पादित विद्युत् सस्तोमा उपलब्ध गराएको भए नेपाली जनता ग्यासमा भरपर्नुपर्ने थिएन । नेमकिपाका सांसदहरूले सदन र सडकमा देशमा पर्याप्त विद्युत् उत्पादन गरेर सस्तोमा विद्युत् सेवा प्रवाह गर्न सरकारको बारम्बार ध्यानाकर्षण गरेका थिए । नेपाली जनताले विद्युत्बाटै भान्साको काम चलाउन पाएको भए ग्यासको खासै जरुरी हुने थिएन; जरुरी नै भए पनि कममात्र प्रयोग हुन्थ्यो । केही हप्तादेखि देशमा ग्यासको अभाव भयो । भारतले विश्व बजारबाट आपूर्ति कम भएको कारण देखाउँदै नेपालतर्फको निर्यात परिणाम घटाउन थालेपछि नेपाल आयल निगमले जनताको आवश्यकताअनुसार ग्यास आपूर्ति गर्नसकेन । बजारमा ग्यास अभाव देखिएपछि निगमले फागुन २९ गतेदेखि आधा भरिएको ग्यास सिलिन्डर वितरण सुरु गरेको छ । भारतबाट आयात हुने ग्यास परिणाम घट्न थालेपछि आयल निगमको निर्देशनमा आधा भरिएको ग्यास सिलिन्डर वितरण गरिएको हो ।

संरा अमेरिका र इजरायल मिलेर इरानको तेल खानी र आणविक भण्डारमा आक्रमण गरेसँगै नेपालमा इन्धन र खाद्यान्नको अभाव भएको बुझिएको छ । मध्यपूर्वको युद्ध र खाडी क्षेत्रको अस्थिरताले खाद्यान्नको मूल्यमा पनि वृद्धि भएको छ । यसअघि २०७२ सालमा पनि भारतले नेपाललाई नाकाबन्दी गरेको बेला ग्यासको हाहाकार भएको थियो । ग्यास आपूर्ति गर्न पछि आयल निगमले आधा भरिएको ग्यास वितरण गरेको थियो । ग्यास अभाव भएसँगै यसले नेपाली उपभोक्तामा असर परेको छ । यसबारे फागुन २९ गते प्रकाशित विभिन्न पत्रपत्रिकाहरूमा 'आजबाट आधा ग्यास भरिएको सिलिन्डर', 'खाद्यान्न, इन्धनको अभाव र बजारको अस्थिरता', 'ग्यास लिन घण्टौँ लाइनमा', 'अभाव हटाउन आजदेखि आधा सिलिन्डर', 'मौका छोप्दै सिमेन्ट र पाइपमा ४० प्रतिशतसम्म वृद्धि' जस्ता शीर्षकका समाचारहरू छापिए ।

मागअनुसार खाना पकाउने ग्यास नपाएपछि उपभोक्ताहरू ग्यास लिन घण्टौँ लाइनमा बसे । कति पसलमा त हप्तादिनदेखि नै ग्यास छैन भनेर बिक्री नै गरिएन । बिक्रेताले मागको आधारमा ग्यास दिन सकेन । उनीहरूले खाली ग्यास सिलिन्डर लिएर क्यूमा राखे । एकातिर इन्डियन आयल कर्पोरेसनले नियमितरूपमा ग्यास आयात भइरहेको जनाएको छ भने अर्कोतिर ग्यास नै छैन भनी सिलिन्डर बिक्री गरिएको छैन । आधा भरिएको सिलिन्डर बिक्री गर्न थालेपछि उपभोक्ताहरू ग्यास लिन घण्टौँ लाइनमा बस्न बाध्य भए । कति उपभोक्ताले लाइन बसेर पनि ग्यास पाएनन् । बजारमा चर्चा भएअनुसार कतिले निगमको व्यवस्थापकीय कमजोरीले ग्यास अभाव भएको बताए भने कतिले उपभोक्ताले ग्यास स्टक राखेको बताए ।

अमेरिका-इजरायल र इरानको युद्धले विश्व बजारमा तेल (पेट्रोलियम पदार्थ) को मूल्य बढेको बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको युद्धलाई अन्तिम निष्कर्षसम्म पुर्‍याउने उद्घोष गरेपछि इरानले मध्यपूर्वका ऊर्जा पूर्वाधार लक्षित प्रत्याक्रमण तीव्र पारेको छ । ग्यास सिलिन्डर साँच्चै लुकाएर अभाव भएको हो कि होइन भन्नेबारे सरकारले बोलेको छैन । सिमेन्ट र पाइपमा किन अधिक मूल्यवृद्धि भयो भन्नेबारे सरकारले छानबिन गर्नुपर्ने हो । नेपालका प्रमुख खाद्य उद्योगहरूले वर्तमानमा खाद्य सामग्रीको मूल्य स्थिर राख्न कठिनाइ भइरहेको बताएका छन् । यसबारे अन्तरिम सरकार मौन छ । सरकारले जनतामा परेको त्यो मर्काबारे न विकल्प सोचेको छ न त समस्या समाधान गर्ने उपाय खोजेको छ ।

शासकहरू विदेशीको भरमा बसे । विदेशीले सहयोग गरिरहेकै छ भनी सरकारले देशको स्रोत र साधन उपयोग गरी आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ नलाग्दा देशले बेलाबखत अभावको सामना गर्नुपरेको हो । देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान कहिल्यै पुगेन । सरकारको गैरजिम्मेवारी या अदूरदर्शिताको कारण देशमा कहिले आर्थिक सङ्कट, कहिले खाद्यान्न अभाव, कहिले पेट्रोलियम पदार्थको हाहाकार भइरह्यो । प्राकृतिक प्रकोप, भूकम्प, बाढी पहिरो, हुरी बतास, रोगको प्रकोप आदि घटनाले पनि नेपाली जनता मारमा परे । निर्यातभन्दा आयात बढ्यो; व्यापार घाटा भयो । शासकहरू इमानदार, देशभक्त र दूरदर्शी नहुनाको कारण नेपाली जनताले बेथिति भोगे, समस्या भोगे, विकासमा अघि बढ्नुपर्नेमा झन्झन् पछि पर्‍यो । सरकारले ध्यान नपुर्‍याएको कारण यो समस्या देखिएको हो । यसबारे शासकहरू गम्भीर हुनुपर्छ ।

*क्युवाली...*

कि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै पनि अधिकारले कुनै राज्यलाई वैध व्यापारिक सम्बन्धका लागि तेस्रो राज्यमाथि आर्थिक दण्ड लगाउने अनुमति दिँदैन । उनीहरूले ट्रम्प प्रशासनलाई उक्त अवैध आदेश खारेज गर्न आह्वान गरेका छन् । सन् १९९२ देखि हरेक वर्ष संयुक्त राष्ट्र सङ्घ महासभाले नाकाबन्दीको विरुद्धमा अत्यधिक मत दिँदै आएको छ, जहाँ प्रायः अमेरिका र इजरायलले मात्र यसको विरोध गर्छन् ।

अमेरिकी नाकाबन्दीले क्युबाको विकासको प्रतिमानमा गम्भीर असर पारेको छ । ६० वर्षअघि नाकाबन्दी सुरु भएदेखि हालसम्म अमेरिकाले क्युबालाई १७१ अर्ब डलर वा सुनको मूल्यसँग समायोजन गर्दा २.१० ट्रिलियन डलर बराबरको क्षति पुर्‍याएको छ । मार्च २०२४ र फेब्रुअरी २०२५ को बिचमा मात्रै, क्युबा सरकारको अनुमानअनुसार नाकाबन्दीले करिब ७.५ अर्ब डलरको क्षति पुर्‍याएको छ, जुन अघिल्लो अवधिको तुलनामा ४९ प्रतिशतले बढी हो । यदि १७१ अर्ब डलरको आँकडालाई आधार मान्ने हो भने, क्युबाली जनताले प्रतिदिन २०.७ मिलियन डलर वा प्रतिघण्टा ८,६२,५६८ डलर गुमाइरहेका छन् । समाजवादी मूल्य-मान्यतामा आधारित तर्कसङ्गत समाज निर्माण गर्न प्रयास गरिरहेको एउटा सानो देशको लागि यो क्षति निकै कष्टकर छ ।

**हवानाको प्रतिक्रिया**

क्युबाका राष्ट्रपति मिगुएल डियाज-कानेलले कडा पारिएको अमेरिकी उपायहरूलाई 'आर्थिक युद्ध' भन्दै यसको कडा निन्दा गरेका छन् र अमेरिकी नीति क्युबाको सार्वभौमसत्ता कमजोर बनाउन बनाइएको तर्क गरेका छन् । सरकारले यसलाई 'ऊर्जा नाकाबन्दी' भनेको छ र यस टापुमा देखिएको अभाव अमेरिकी बाध्यकारी नीतिको प्रत्यक्ष परिणाम भएको कुरामा जोड दिएको छ । प्रतिक्रियास्वरूप, क्युबाली क्रान्तिले सङ्कटकालीन योजनाहरू लागू गरेको छ, जसमा अस्पताल, खानेपानी प्रणाली र सार्वजनिक यातायातजस्ता अत्यावश्यक सेवाहरूलाई प्राथमिकता दिन इन्धनको नियन्त्रित वितरण (रासनिङ) समावेश छ ।

क्युबाले घटेको ऊर्जा आपूर्ति व्यवस्थापन गर्न राज्यका निर्देशिकाहरू पनि घोषणा गरेको छ, जसमा सम्भव भएसम्म वैकल्पिक र नवीकरणीय ऊर्जा स्रोतहरूतर्फ लाग्ने कुरा उल्लेख छ । चिनियाँ सरकारले आर्टेमिसा, ग्रान्मा, ग्वान्तानामो, होल्गिन, लास तुनास र पिनार डेल रियोमा ठुला सौर्य पार्कहरू निर्माण गर्न उपकरणहरू सहयोग गरेको छ । दीर्घकालीन रूपमा, चीनले क्युबालाई २,००० मेगावाट सौर्य क्षमता थप्न ९२ वटा सौर्य फार्महरू निर्माण गर्न सहयोग गर्नेछ । दुर्गम क्षेत्रका घरधुरीहरूलाई मद्दत गर्न चिनियाँ सरकारले छतमा ऊर्जा सङ्कलनका लागि ५,००० सौर्य किटहरू पठाएको छ । मेक्सिको र रुसका साथै अन्य देशहरूबाट पनि इन्धन अहिले क्युबातर्फ आइरहेको छ । ट्रम्पको एक्लो पार्ने नीति पूर्ण रूपमा सफल हुन सकेको छैन ।

क्युबाली सरकारले आफू वासिङ्टनसँग सम्पर्कमा रहेको तर अझै उच्चस्तरीय प्रत्यक्ष वार्ता भने नभएको बताएको छ । राष्ट्रपति डियाज-कानेलले आफ्नो सरकार संयुक्त राज्य अमेरिकासँग वार्ता गर्न तयार रहेको तर त्यसका लागि तीनवटा महत्त्वपूर्ण सर्तहरू पूरा हुनुपर्ने बताएका छन् । पहिलो, संवाद सम्मानजनक, गम्भीर र कुनै पनि दबाब वा पूर्वसर्त बिनाको हुनुपर्छ । दोस्रो, संवादले क्युबाको सार्वभौमसत्ता, स्वतन्त्रता र राजनीतिक प्रणालीको सम्मान गर्नुपर्छ । र अन्त्यमा, क्युबाली सरकार क्युबाको संविधान (भर्खरै २०१९ मा परिमार्जित) वा समाजवादप्रतिको क्युबाको प्रतिबद्धताका बारेमा कुनै पनि सम्झौता गर्न अनिच्छुक छ । यदि संयुक्त राज्य अमेरिकाले यी तीनमध्ये कुनै पनि विषयमा छलफल गर्न जोड गरेमा कुनै संवाद हुने छैन । यी विषयहरूमा क्युबाली क्रान्तिको यो अडान यसको इतिहासमा निहित छ-किनकि क्रान्ति आफैँमा सन् १८२३ को 'मुनरो डक्ट्रिन' (Monroe Doctrine) मार्फत पश्चिमी गोलार्द्धमाथि नियन्त्रण जमाउने अमेरिकी दाबी विरुद्धको एउटा चुनौती थियो (जसलाई अहिले २०२५ मा ट्रम्पले आफ्नो परिमार्जित सिद्धान्त 'कोरोलरी' मार्फत नवीकरण गरेका छन्) । यो चुनौती सङ्क्रामक बनेको छ, जसले १९६० को दशकदेखि हालसम्म अमेरिकी साम्राज्यवादविरुद्ध ल्याटिन अमेरिकी प्रतिरोध निर्माण गरेको छ । जसमा भेनेजुयलाको 'बोलिभेरियन प्रक्रिया' (Bolivarian process) को मुख्य भूमिका रहेको छ ।

**आक्रोशको लहर**

ल्याटिन अमेरिका अहिले एक तीव्र र खतरनाक रूपान्तरणबाट गुज्रिरहेको छ । अर्जेन्टिनादेखि एल साल्भाडोरसम्मका देशहरूले एकपछि अर्को गर्दै 'विशेष प्रकारका कट्टर दक्षिणपन्थी' राजनीतिक शक्तिहरूलाई सत्तामा निर्वाचित गरेका छन् । यी त्यस्ता नेताहरू हुन् जो बलियो रूढिवादी सामाजिक मूल्य-मान्यता (जुन सम्पूर्ण अमेरिका क्षेत्रमा विस्तार भइरहेको प्रतिक्रियावादी इभान्जेलिकल इसाई धर्ममा आधारित छ), अपराध विरुद्धको युद्धका नाममा गरिबहरूमाथि निर्मम आक्रमण (यस्तो सिद्धान्त जसले सम्भावित अपराधीहरूलाई पक्राउ गरी जेल हाल्न आह्वान गर्छ, जसको सुरुवात एल साल्भाडोरका नायब बुकेलेले गरेका थिए), र पश्चिमी सभ्यतातर्फको तीव्र झुकाव जसमा अमेरिकाप्रति झुकाव र चीनको विरोध समावेश छ (यो भावना पश्चिमी संस्कृतिको उत्सवदेखि साम्यवादप्रतिको घृणासम्म फैलिएको छ) । यदि यो विशेष प्रकारको कट्टर दक्षिणपन्थी शक्तिले कोलम्बिया, क्युबा, मेक्सिको, निकारागुआ र भेनेजुयलाबाट वामपन्थीहरूलाई सत्ताच्युत गर्न सफल भयो भने, यो समूहले एक पुस्तासम्म शासन गर्ने देखिन्छ (ब्राजिलमा, यस दक्षिणपन्थले व्यवस्थापिकामाथि पहिले नै कब्जा जमाइसकेको छ) ।

भेनेजुयला र क्युबामाथिको समानान्तर आक्रमण, सम्पूर्ण अमेरिका क्षेत्रमा 'आक्रोशको लहर' बढ्नुमा अमेरिकाको योगदानका हिस्सा हुन् । ट्रम्प र उनका सहयोगीहरूले आफ्नो 'मुनरो डक्ट्रिन' को संशोधित संस्करण कोरोलरीअन्तर्गत ल्याटिन अमेरिकाभरि ज्याभियर मिलेइ जस्ता आफ्ना मनपर्ने नेताहरू स्थापना गर्न चाहन्छन् । यसैले नै अमेरिका क्षेत्रमा सार्वभौमसत्ताको अवधारणालाई पुनर्जीवित गरेको छ । जब पोर्टो रिकन र्‍यापर ब्याड बनी (Bad Bunny) ले अमेरिकी 'सुपर बाउल' मा आफ्नो प्रस्तुतिको अन्त्यमा अमेरिका क्षेत्रका सबै देशहरूको उत्सव मनाए र प्रत्येक देशको नाम लिए, त्यो इशारा आफैँमा सार्वभौमसत्ताको अवधारणा माथिको वैचारिक लडाइँको एक हिस्सा थियो ।

क्युबाली क्रान्ति ठुलो दबाबका बिच पनि अमेरिकी साम्राज्यवादविरुद्ध अडिग छ । क्युबासँगको ऐक्यबद्धता भनेको क्युबाली जनताका लागि, क्युबाली क्रान्तिका लागि, सम्पूर्ण अमेरिका क्षेत्रको वास्तविक सार्वभौमसत्ताका लागि र विश्वमा समाजवादको अवधारणाका लागि पनि हो । यो अहिले साम्राज्यवाद विरुद्धको लडाइँको अग्रमोर्चा बनेको छ ।

**यो लेख ग्लोबट्रोटर (Globetrotter) द्वारा तयार पारिएको हो ।**

*(विजय प्रशाद एक भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी ग्लोबट्रटर (Globetrotter) मा लेखन फेलो तथा प्रमुख संवाददाता हुन् । उनी लेफ्टवर्ड बुक्स (Left Word Books) का सम्पादक तथा ट्राइकोन्टिनेन्टलः सामाजिक अनुसन्धान संस्थान ( Tricontinental: Institute for Social Research) का निर्देशक पनि हुन् । उनले द डार्कर नेशन्स र द पुअरर नेशन्ससहित २० भन्दा बढी पुस्तक लेखेका छन् । उनका पछिल्ला कृतिहरूमा अन क्युबाः ७० वर्षको क्रान्ति र सङ्घर्षमाथि चिन्तन (नोम चोम्स्कीसँग संयुक्त रूपमा), स्ट्रगल मेक्स अस ह्युमनः समाजवादका आन्दोलनहरूबाट सिकाइ, तथा (फेरि नोम चोम्स्कीसँगै) द विथड्रअलः इराक, लिबिया, अफगानिस्तान र अमेरिकी शक्तिको नाजुकता समावेश छन् । चेल्वा र प्रशादको संयुक्त पुस्तक हाउ द इन्टरनेशनल मोनेटरी फन्ड इज सफोकेटिङ अफ्रिका यसै वर्ष इन्कानी बुक्स (Inkani Books) बाट प्रकाशन हुने छ ।)*

# आमूल परिवर्तनको लागि महिलालाई शिक्षा दिनु अपरिहार्य




भक्तपुर। ११६ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ प्रभात एकाइ समितिको आयोजनामा फागुन २९ अन्तरक्रिया कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले आमूल परिवर्तनको लागि महिलालाई शिक्षा दिनु अपरिहार्य भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "छोराछोरीको विवाह उमेर २० वर्षबाट घटाउनुपर्ने विषयमा महिलाहरूको स्पष्ट मत आउनु आवश्यक छ। नेमकिपाले नयाँ पुस्तालाई कम्तीमा स्नातक तह उत्तीर्ण गराउने विषयलाई जोड दिँदै आएको हो।"

सुर्खेतमा १६ वर्षीय इनिसा विकलाई बलात्कारपछि हत्या गरिएको सार्वजनिक भयो। सप्तरीमा नाबालिकामाथि यौन दुर्व्यवहार भएको पनि सार्वजनिक भयो। कञ्चनपुरका किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको वर्षौं भयो तर दोषीमाथि कारवाही भएको सार्वजनिक भएन, उहाँले भन्नुभयो।

अमेरिकी ट्रम्प प्रशासनले जातिवादी इजरायली सरकारलाई प्यालेस्टिनको गाजामा नरसंहार गराएको, ट्रम्प र नेतन्याहु सरकारले इरानलाई आक्रमण गरेको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "यो युद्धको कारण नेपालमा इन्धन र खाद्यान्नको अभाव बढ्यो, आधा सिलिन्डर खाना पकाउने ग्यास लिन लाइन लाग्नुपर्ने भयो। नेमकिपाले यसकारण युद्ध र हतियार निर्यातको विरोध गर्दै आएको हो। नेपाल बाँकी संसारमा देखिने अँध्यारोबाट अलग हुन सक्दैन।"

युद्ध अन्त्यको लागि इरानले राखेको तीन ओटा सर्त - 'मानवीय हितको लागि आणविक ऊर्जा विकास गर्न पाउने वैध अधिकार स्वीकार गरिनुपर्ने, इरानमा भएको क्षतिको क्षतिपूर्ति इजरायल र ट्रम्प प्रशासनबाट हुनुपर्ने, इरानमा पुन: आक्रमण नहुने अन्तर्राष्ट्रिय प्रत्याभूति हुनुपर्ने' जायज र न्यायोचित भएको सचिव सुवालले उल्लेख गर्नुभयो।

नेतन्याहु र ट्रम्प प्रशासनको आक्रमणले इरानमा कम्तीमा १,३४८ सर्वसाधारणको मृत्यु र १७ हजारभन्दा बढी घाइते भएको सार्वजनिक भएको, संरा अमेरिका र इजरायलले सुरक्षा परिषद्‌मा १४० देशलाई इरानविरुद्ध मत दिन लगाएको तर रुस र चीन तटस्थ बसेको सार्वजनिक भएको उहाँले बताउनुभयो।

इरानको प्रत्याक्रमणले पश्चिम एसियाको १७ अमेरिकी सैन्य अखडामा क्षति भएको सार्वजनिक भएको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "रुस-अमेरिकाको वार्ता 'फलदायी' भएको र अब अमेरिका-चीन वार्ता हुने तयारीले युद्धको बादल हट्दै जाने अपेक्षा गर्न सकिन्छ।"

उहाँले भन्नुभयो, "प्रजग कोरिया (उत्तर कोरिया) समाजको स्वामित्वमा अर्थतन्त्र भएको, युद्धविरोधी हतियार निर्यात नगर्ने, आत्मनिर्भर देश हो। यहाँका नेता किम जङ उन आमूल परिवर्तनका उत्तराधिकारी हुनुहुन्छ। यो यथार्थ बुझ्न नसकेर साम्राज्यवादीहरू प्रजग कोरियाका नेतालाई तानाशाहीको आरोप लगाउँछन्।"

संसारका राम्रा राम्रा अगुवाहरूको जीवनी अध्ययन गरेर हामीले नयाँ पुस्तालाई देशभक्त बनाउनु आवश्यक भएकोतर्फ सचिव सुवालले जोड दिनुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुजना सैँजुले महिला आन्दोलन पनि वर्गसङ्घर्षकै एउटा पाटो भएको धारणा राख्दै सामाजिक बेथितिका बाबजुद पनि सङ्घर्ष जारी राख्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "राज्य व्यवस्था गलत भएसम्म जनताले दुःख पाउनुपर्ने हुन्छ। महिला आन्दोलन पुरुषविरोधी आन्दोलन नभई मजदुर आन्दोलनकै रुप हुनुपर्छ।"

कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापति, अनिता न्हुछे, सविना, पुष्पा अवाल, मीरा दुगुजु, अनिता देशेमरु र तारा न्यौपानेले विश्वका क्रान्तिकारी महिलाहरूको जीवनीबारे चर्चा गर्नुभएको थियो।

# संस्कारयुक्त शिक्षा आजको आवश्यकता




भक्तपुर। लिशा इङ्गलिस सेकेन्डरी स्कूलको ३७ औं वार्षिकोत्सव एवं पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन २९ गते एक विशेष समारोहबिच सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाँसुरीको धुनमा कार्यक्रमको उद्घाटन गर्दै बालबालिका नै आफ्नो सम्पत्ति भएको हुँदा उनीहरूलाई उच्च शिक्षा र राम्रो संस्कार दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

शिक्षामा विकास भएको देश अघि बढ्ने विचार व्यक्त गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरलाई शैक्षिक गन्तव्य स्थल बनाउने प्रयासमा शिक्षक, अभिभावक, समाजका अगुवाहरूको महत्त्वपूर्ण देन हुने बताउनुभयो।

कसैको डर धम्कीको अगाडि नझुक्ने देशभक्त, अनुशासित, असल नागरिकले देश हाँक्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विद्यालयमा पाठ्यपुस्तकबाहेक नयाँ नयाँ विषय पनि पढाउनुपर्ने विचार व्यक्त गर्नुभयो।

उहाँले बालबालिका परिवारको खुसी मात्र नभई देशको भविष्य पनि भएको उल्लेख गर्दै बालबालिकालाई असल संस्कार र राम्रो शिक्षा दिनुपर्छ भन्नुभयो।

उहाँले भक्तपुरको शैक्षिक विकासले भक्तपुरका जनतालाई शिक्षित र सचेत बनाउन मद्दत पुऱ्याएको बताउनुभयो।

इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले यो एक्काइसौं शताब्दीमा सूचना सञ्चार र प्रविधिलाई सही ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिँदै गलत सूचना प्रवाहले आफ्ना सन्तानहरू बिग्रिनेतर्फ अभिभावकहरू सचेत हुनुपर्छ भन्नुभयो। भ्रष्टाचारी, अपराधीहरूलाई कारवाही गर्नुपर्नेमा जोड दिँदै उहाँले नयाँ पुस्तालाई सही बाटोमा ल्याउने काममा शिक्षक, अभिभावक र समाजसेवीहरूको महत्त्वपूर्ण देन हुन्छ भन्नुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विद्यालय बनाउन धेरै मेहनत गर्नुपर्ने खाँचो औँल्याउँदै समाजलाई अघि बढाउन नयाँ पुस्तालाई मार्ग निर्देश गर्नुपर्नेमा जोड दिनुभयो।

देशको निम्ति आवश्यक दक्ष जनशक्ति तयार गर्न, नयाँ पुस्तालाई इमानदार बनाउन असल संस्कार सिकाउनुपर्ने विचार व्यक्त गर्दै उहाँले पुरानो पुस्ताको अनुभव र ज्ञान तथा नयाँ पुस्ताले सिकेको प्रविधि सँगै अघि बढाए देशको मुहार फेर्न बताउनुभयो।

उहाँले विद्यालय नयाँ पुस्तालाई मार्गनिर्देश गर्ने विद्यार्थीहरूको दोस्रो घर हो भन्दै विद्यालयले असल संस्कारसँगै रचनात्मक गतिविधिमा जोड दिनुपर्ने बताउनुभयो।

लिशा इङ्गलिस सेकेन्डरी स्कूलका प्रिन्सिपल लिशा प्रजापतिले विद्यालयको गतिविधि र भावी योजनाबारे प्रकाश पार्दै विद्यार्थीको भविष्य जीवन सुनिश्चित गर्न मार्ग निर्देशन भइरहेको बताउनुभयो।

विद्यार्थीहरूको शिक्षण सिकाइ प्रभावकारी बनाउन आवश्यक तालिम र सीपको विकाससँगै व्यक्तित्व विकास गर्न शैक्षिक, सामाजिक, सांस्कृतिक, खेलकुद आदि गतिविधिमा जोड दिइरहेको बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति बलराम प्रजापतिले विद्यार्थीको भविष्य उज्ज्वल बनाउन लक्ष्यतर्फ अघि बढ्नुपर्ने विचार व्यक्त गर्दै विद्यालय विद्यार्थीलाई अनुशासित, देशभक्त नागरिक तयार गर्ने थलो हो भन्नुभयो।

शिक्षिका कृष्णश्वरी दुवालले वार्षिकोत्सव कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो भने कक्षा १० का विद्यार्थी आयुषा खोजु र कक्षा ८ का विद्यार्थी रंगना कोजुले पनि बोल्नुभएको थियो।

कार्यक्रमका अतिथिहरूले विभिन्न प्रतियोगिता तथा क्रियाकलापमा उत्कृष्ट छात्रछात्राहरूलाई मायाको चिनो वितरण गरिएको सो समारोहमा विद्यार्थीहरूले स्वागत गीत प्रस्तुत गरेका थिए।

समुद्घाटन कार्यक्रमपछि विद्यार्थीहरूको गीत, नृत्य तथा अन्य कला प्रदर्शनी गरिएको थियो।

# भक्तपुर सम्पदा संरक्षित सुव्यवस्थित शैक्षिक गन्तव्यस्थल



भक्तपुर। बासु माध्यमिक विद्यालयको ६३ औं वार्षिक समारोह फागुन ३० गते सम्पन्न भयो। उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उहिलेको अनपढ, फोहोर भक्तपुरलाई नेमकिपाका अग्रज, जनप्रतिनिधि र स्थानीय जनताको साथ र सहयोगले सफा, सुव्यवस्थित, सम्पदा संरक्षित, शैक्षिक गन्तव्यस्थल सहरमा परिणत भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले शिशु स्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गरेर देशको लागि आवश्यक जनशक्ति तयार गर्न लागिपरेको उल्लेख गर्दै उहाँले देश र जनताको सेवा गर्नु नै राजनीतिको उद्देश्य हो भन्नुभयो।

ख्वप अस्पतालका चिकित्सक एवं पूर्वविद्यार्थी रत्नसुन्दर लासिवाले हाल जनता सर्नेभन्दा नसर्ने रोगबाट ग्रसित भइरहेको स्पष्ट पार्दै मधुमेह, क्यान्सर र रक्तचापबाट जनता सचेत हुनुपर्ने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको सो समारोहमा उहाँले विद्यालयको विकास र शैक्षिक प्रगतिमा अग्रजहरूको योगदान रहेको बताउनुभयो।

संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुइतुइले भक्तपुरको शैक्षिक क्षेत्रलाई अबल बनाउन लागिपरेको चर्चा गर्दै भक्तपुरले शिक्षामा अग्रणी स्थान हासिल गरिरहेको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक रविलाल प्रधानले आगामी वर्षदेखि कम्प्युटर कक्षा ९-१२ सम्म सञ्चालन गर्ने योजना रहेको उल्लेख गर्दै शैक्षिक स्तर उठाउन शिक्षक-शिक्षिका तथा कर्मचारीबिच छलफल भइरहेको बताउनुभयो।

विद्यालयको वार्षिकोत्सव समारोहका संयोजक विष्णुप्रसाद दुमरुले अग्रजहरूको अथक मेहनतले विद्यालय यो अवस्थामा आएको उल्लेख गर्दै अभिभावकको विश्वासलाई चोट नपुग्ने गरी काम भइरहेको बताउनुभयो।

विद्यालयका सहायक प्रअ राजकुमार हयौंमिखा, मावि इन्चार्ज रामकुमार निरौला, निमावि इन्चार्ज रामहरि ताम्राकारले पनि विद्यालयको गतिविधि र देनबारे चर्चा गर्नुभयो।

अभिभावक, शिक्षक र विद्यार्थीहरूलाई सम्मान गरिएको सो कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम पनि देखाइएको थियो।

# कामदारवर्गको राज्य सत्ता ल्याउन जनतालाई राजनीतिक रूपमा सचेत पार्नुपर्ने

कैलाली। नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली जिल्ला समितिको आयोजनामा ११६ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम फागुन २७ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाले सधैं वर्गीय राजनीति गर्दै आएको चर्चा गर्दै जबसम्म बहुसङ्ख्यक कामदार जनताको राज्य सत्ता आउँदैन तबसम्म श्रमिक महिलाहरूको हित नहुने स्पष्ट पार्नुभयो।

उहाँले कामदारवर्गको राज्य सत्ता ल्याउनको लागि सम्पूर्ण जनतालाई राजनीतिक रूपमा सचेत पार्नुपर्ने आवश्यकता औँल्याउँदै पुँजीवादी निर्वाचनबाट आमूल परिवर्तन सम्भव नहुने र कामदार जनताको हित नहुने उल्लेख गर्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा कैलाली संयोजक रमेशकुमार रावलले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे जानकारी दिँदै अन्तर्राष्ट्रिय श्रमिक महिलावादीहरू क्लारा जेटकिन र रोजा लक्जेम्बर्गको योगदानबारे जानकारी गराउनुभयो।

नेक्रामहिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुनले श्रमजीवीवर्गका महिलाहरूले आफू को हुँ भन्ने नबुझेर पुँजीपतिवर्गको महिलाको समर्थनमा बोलेको देखिन्छ भन्नुभयो। कार्यकर्ताले गाउँगाउँमा गएर श्रमिकवर्गलाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

कार्यक्रममा आरआर, गगन थापामगर, ज्योति बडुवाल, देविसरा अधिकारी, लक्ष्मी तारामी, जानकी सिजापति, हरिकला विष्ट, अमृता भुल, तृष्णा पुन, प्रेम सिजापति, टीएस र एचबीले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी–२

हरिबहादुर श्रेष्ठ

अर्थशास्त्र

**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूलाई थाहै होला वा थाहा नभए पनि थाहा पाउनुपर्ने विषय हो - समाजका हरेक कुरा आर्थिक स्थितिले निर्धारण गर्छ। कुनै पनि देश सामाजिक, राजनीतिक र आर्थिकरूपमा अगाडि छ वा पछाडि, अगाडि बढ्छ वा पछाडि हट्छ भन्ने विषय त्यस देशको अर्थतन्त्र तथा अर्थनीतिले निर्धारण गर्छ। त्यतिमात्र होइन, प्राचीन भारतमा राजनीतिशास्त्रलाई पनि अर्थशास्त्र भनिन्थ्यो। उदाहरण हो - कौटिल्य अर्थशास्त्र। बेलायतजस्तो सानो देशले भारतजस्तो क्षेत्रफल र जनसङ्ख्याको हिसाबले आफूभन्दा अत्यन्त ठूलो देशमा २-३ सय वर्ष राज्य गर्‍यो। बेलायतले आजको संरा अमेरिका र चीनजस्तो विशाल देशमा समेत उपनिवेश कायम गरेर आफूलाई 'सूर्य नडुब्ने साम्राज्य' साबित गर्‍यो। त्यस्तै, सोभियत सङ्घ र जनवादी गणतन्त्र चीनले पश्चिमी देशहरूले २-३ सय वर्ष लगाएर गरेको विकास निर्माण ३०-४० वर्षमा सम्पन्न गरे।




प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया र क्युवाजस्ता क्षेत्रफल र जनसङ्ख्याको हिसाबले नेपालजस्तै वा नेपालभन्दा साना देशले संरा अमेरिकाको ४०-५० वर्षको आर्थिक नाकाबन्दी, आक्रमण, अन्तरध्वंस र अनेक षड्यन्त्रपछि पनि विकास गर्दै छन् तथा आ-आफ्नो देशको स्वतन्त्रता एवम् सार्वभौमिकताको रक्षा गर्दै छन्। ती समाजवादी देशहरू अरू देशको भिक्षा र दानमा होइन, आफ्नै मिहिनेत र खुट्टामा उभिएका छन्; ठूला र शक्तिशाली देशहरूको धम्कीले तिनीहरू लुरुक्क दास वा अधीनस्थ मुलुकजस्तो पछि लाग्दैनन्। प्रजग कोरिया ५० वर्षदेखि निरन्तर लडाइँको स्थितिमा छ। यसकारण, त्यस देशले आफ्नो रक्षा मामिलामा अत्यन्त ठूलो धनराशी खर्च गर्न बाध्य छ।

कोरिया प्राय:द्वीपमा युद्धको स्थिति नरही शान्ति स्थापना भएमा आफ्नो रक्षा बजेटको एक प्रतिशतमात्र कटौती गर्न पाए पनि कोरियाली जनताको आजको जीवनस्तर दोब्बर हुने अनुमान छ। आज त्यो सानो देशले संसारको सबभन्दा ठूलो महाशक्ति संरा अमेरिकाको धम्कीको विरोधमा लड्न उपग्रह प्रक्षेपण गर्‍यो। उपग्रह प्रविधिको अर्थ पृथ्वीको कुनै पनि ठाउँमा दूरमारक यन्त्रले आक्रमण गर्न सक्ने क्षमता र प्रविधि हासिल गर्नु हो। आज त्यस राज्यसँग ३ लाखभन्दा बढी इन्जिनियर छन्। सारा जनतालाई बुद्धिजीवी बनाउने योजनामा त्यो देश लागिपरेको सन् १८१५ को बेलायती साम्राज्य छ। काम-मामको दु:ख त्यो देशमा छैन। लागूपदार्थको दुर्व्यसनी र एड्स रोगीहरू प्रजग कोरियामा भएको सुनिँदैन। आवास नभएको कुनै परिवार वा व्यक्ति छैन।

त्यस्तै, जनसङ्ख्या र क्षेत्रफलले नेपालभन्दा सानो मुलुक क्युवामा सारा जनता साक्षर छन् र स्वास्थ्य क्षेत्रमा क्युवा विकसित देशहरूको हाराहारीमा छ। त्यहाँ झन्डै ११० जना व्यक्तिलाई एकजना डाक्टर उपलब्ध छ, त्यहाँ कोही व्यक्ति उपचारविना मर्नुपर्दैन, उपचार नि:शुल्क हुन्छ। शिक्षा आर्जन नि:शुल्क गर्न पाउँछन्। काम-मामको बन्दोवस्त सबैलाई छ। सबै क्षेत्रमा महिलाहरू प्रतिस्पर्धामा छन् भने काला, गोरा र आदिवासीको बिचमा कुनै भेदभाव छैन। यस वर्ष (सन् २००५) राष्ट्रपति फिडेल क्यास्ट्रोले मजदुर, कर्मचारी, शिक्षक वा सम्पूर्ण कामदार वर्गको ज्याला र पारिश्रमिक दोब्बर बढेको घोषणा गर्नुभयो।

यी सबै प्रगति र विकास हुनुमा त्यस देशको जनमुखी आर्थिक नीति र समाजवादी अर्थतन्त्रको चमत्कार हो। भूमण्डलीकरण, निजीकरण, उदारीकरण वा खुला अर्थतन्त्रको श्रुति-मधुर र वाक् छलको कुनै प्रभाव त्यहाँ परेन। त्यहाँ विदेशी पुँजी र डलर साम्राज्यलाई हरियो खेतमा साँढेलाई छाडा छाडेजस्तो गर्न दिइएको छैन। विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता गरिब राष्ट्रहरूमाथि थिचोमिचो गर्ने र ऋण बोकाउने अमेरिकी साम्राज्यवादी आर्थिक हात-हतियार तथा स्वतन्त्र देशको आन्द्राभुँडी नै ब्वाँसोले जस्तै लुछ्ने बहुराष्ट्रिय कम्पनीहरूको साँढेमिचाइ त्यहाँ छैन। क्युवा तिनीहरूकै विरोधमा सङ्घर्षरत छ।


यस्ता दीर्घकालीन र सकारात्मक प्रभाव पर्ने अर्थनीति र अर्थतन्त्रको निर्माण गर्न सक्नुको कारण नै समाजवादी अर्थतन्त्र हो। समाजवादी अर्थतन्त्र र समाजवादी अर्थनीतिको जानकारीको निम्ति मार्क्सवादी आर्थिक सिद्धान्तको अध्ययन जरुरी छ। मार्क्सवादी आर्थिक सिद्धान्त बुझ्न पुँजीवादी अर्थशास्त्रको ज्ञान हुनैपर्छ। आज हाम्रा क्याम्पसहरूमा पढाइने अर्थशास्त्र पुँजीवादी अर्थतन्त्रकै जानकारी हुन्। ती जानकारीविना मार्क्सवादी आर्थिक सिद्धान्त बुझ्न गाह्रो हुन्छ।

कहिलेकाहीँ 'पुँजीवादी शिक्षा' र 'पुँजीवादी अर्थशास्त्र' पढ्नुहुँदैन भन्ने विरोधको कुरा पनि नसुनिएको होइन। त्यो त बाह्रखरी वा क, ख नपढीकनै किताब पढ्न खोज्नुसरह मात्रै हो। पुँजीवादी अर्थतन्त्रको खण्डन गर्न पहिले त्यसबारे जानकारी हासिल गर्नैपर्छ। यसकारण, अर्थशास्त्रका पिता भनिने एडम स्मिथ र उनको रचना 'राष्ट्रको धन' तथा अन्य पुँजीवादी अर्थशास्त्रीहरूका रचना पढ्न आवश्यक छ। तिनीहरूले आफ्ना धारणा र सिद्धान्तहरू अनेक व्यावहारिक ज्ञान र प्रयोगबाट जानेका थिए। तर, ती सिद्धान्तका कमी-कमजोरी एवम् फरक-फरक वर्गीय दृष्टिकोणको व्याख्या गर्नुपर्ने हुन्छ र तल्लो वर्गीय हितको निम्ति नयाँ व्याख्या, विश्लेषण तथा प्रयोग आवश्यक छ।

देशको अर्थतन्त्र विकास गर्न र व्यापक जनताको भौतिक सुख, सुविधा एवम् काम-माम-कपडा तथा आवासको बन्दोवस्त समाजवादी अर्थतन्त्रले मात्र गर्न सक्छ वा पुँजीवादी अर्थशास्त्रले गर्न सक्छ भनी जानकारी हासिल गर्न अर्थशास्त्रको अध्ययन आवश्यक हुन्छ।

भाइबहिनीहरू, तिमीहरूले बिचैमा प्रश्न गर्नेछौँ, समाजवादी अर्थतन्त्र राम्रो भएको भए सोभियत सङ्घ र पूर्वी युरोपका एक दर्जन देशमा किन समाजवादको पतन भयो र पुँजीवाद पुन:स्थापना भयो ?

हो, यो प्रश्न सान्दर्भिक अवश्य छ। तर, सोभियत सङ्घ र पूर्वी युरोपका समाजवादी देशहरूमा समाजवादको पतनको कारण मूलत: आर्थिक नभई सैद्धान्तिक र राजनीतिक पराजय हो। ती देशहरूमा साम्राज्यवादी देशहरूले अनेक षड्यन्त्र गरेका थिए। त्यसको उद्देश्य निश्चय पनि आर्थिक थियो। साम्राज्यवादी देशहरू सोभियत एडम स्मिथको 'राज्यको धन' सङ्घ र पूर्वी युरोपका समाजवादी देशहरूलाई आफ्नो उपनिवेश बनाउन र त्यहाँ पुँजीवादको पुन:स्थापना गर्न चाहन्थे। जतिसुकै सुन्दर भवनलाई विश्वंसकारीहरूले जसरी शक्तिशाली बमले एकै क्षणमा ध्वस्त गर्न सक्छन्, त्यस्तै निरन्तरको साम्राज्यवादी षड्यन्त्र र अन्तरध्वंसले समाजवादी व्यवस्थालाई सैद्धान्तिक र राजनीतिकरूपले असफल पार्न सक्छ भन्ने प्रमाणित भयो।





इतिहासमा सत्ताबाट फालिएको वर्ग पुन: सत्तामा फर्केका अनेक उदाहरण छन्। सैद्धान्तिक र राजनीतिकरूपले सोभियत सङ्घको पार्टी नेतृत्वमा विचलन नआएको भए त्यहाँको समाजवादी अर्थतन्त्र पनि असफल हुने थिएन किनभने प्रजग कोरिया र क्युवाजस्ता साना देशका समाजवादी अर्थतन्त्रहरू तेस्रो देशका अर्थतन्त्र र अन्य बन्दोवस्तभन्दा धेरै राम्रा देखिएकै छन्। यसको अर्थ समाजवादी अर्थतन्त्रमा कुनै कमजोरी छैन र थिएन भन्ने कुरा अवश्य होइन। समाजवादी अर्थतन्त्र पुँजीवादी अर्थतन्त्रभन्दा नयाँ हो। तर्कमा आधारित अनेक नीति व्यवहारमा लागु गरेर अथवा परीक्षण र गल्तीहरू सच्याएर त्यस अर्थतन्त्रलाई अझ विकास गर्न र परिपक्व बनाउन बाँकी नै हुन्छ। समय र अनुभवले परिपक्वता प्राप्त हुँदै जानेछ।

जलस्रोतको धनी हाम्रो देशमा ७० प्रतिशत जनता खानेपानी र बिजुलीबाट वञ्चित छन्; अन्न निर्यात गर्ने देशले आज अन्न, तरकारी र खाने तेलसमेत विदेशबाट आयात गर्दै छ। वनविनाश हुँदै छ; बेरोजगारीका कारण वर्षको लाखौँ युवा बिदेसिँदै छन्। निर्माण सामग्री र अन्य हजारौँ उपभोग्य सामानमा नेपाल परनिर्भर छ। अहिले पनि सबै जिल्लामा मोटर-बाटो वा रज्जुमार्ग पुग्न सकेको छैन। गरिबी, महिला विकास र प्रतिव्यक्ति आम्दानी आदिमा देशको स्थिति कहालीलाग्दो छ। राणा शासन ढलेको ५० वर्षपछि पनि बहुमत जनता निरक्षर छन् र सबै बालबालिका स्कुल जान पाएका छैनन्।

यी सबैले गर्दा देशमा तल्लो वर्गको हित हेर्ने वा त्यसो गर्न जान्ने मार्क्सवादी वा प्रगतिशील चिन्तन भएका अर्थशास्त्रीहरूको कमी छ वा छँदै छैनन्। समाजले जहिलेसम्म आर्थिक क्षेत्रमा त्यस्ता जानकारहरू पाउँदैन, देश अगाडि बढ्नेछैन। आर्थिक नीति तयार गर्ने अर्थ मन्त्रालय, योजना आयोग, बैङ्क, उद्योग र वाणिज्य तथा वित्तीय क्षेत्रहरू जहिलेसम्म जनमुखी अर्थशास्त्रीहरूले खचाखच भरिँदैनन् तबसम्म देश आर्थिकरूपले अगाडि बढ्दैन। त्यस्ता अर्थशास्त्रीहरू तयार गर्ने ठाउँ नै विश्वविद्यालयहरू हुन्। तिनीहरूले यसबारे चिन्ता गरेको देखिँदैन। यसकारण, भाइबहिनीहरू आफैले अर्थशास्त्रको महत्त्व बुझेर त्यसबारे थप जानकारी लिन र अर्थशास्त्रका कक्षाहरूमा सामेल हुनलाई समय मिलाउन आवश्यक छ।

अचेल भन्सारको भ्रष्टाचार, बैङ्क घाटा, भ्याटको कचकच, करछली र तस्करी वा सीमाको





चोरी व्यापार, ऋणको साँवाब्याज नतिर्ने प्रवृत्ति र चर्को ब्याजदर, व्यापार घाटा र अचाक्ली नाफा तथा आर्थिक विषमता बढ्दै गएका खबर सुन्दा कहिलेकाहीँ अर्थशास्त्रको कक्षामा सामेल भएर बढी झन्झट र चिन्ता लिनुपर्ने देखेर तिमीहरू तर्सनेछौ। साँचो कुरा त्यो होइन, बरु देशको मानवीय र प्राकृतिक स्रोतलाई नियालेर हेर्दा उज्ज्वल भविष्य वा भोलिको राम्रो नेपालको चित्र तिमीहरूले देख्नेछौ।


ठूलो सम्पत्तिको ढुकुटीको साँचो हराएको व्यक्तिको दशाजस्तै नेपालको आजको अवस्था छ। साँचो भनेको आर्थिक नीति हो। राम्रो अर्थनीति भएको देश उँभो लाग्न लामो समय चाहिँदैन। आर्थिक विकासका सिद्धान्त, पुँजीवादी र समाजवादी अर्थशास्त्रीका रचनाहरूको अध्ययन, आलोचना र सही मूल्याङ्कन एवम् त्यस विषयको ज्ञानले देशलाई छिट्टै आर्थिक उन्नतिमा पुर्‍याएर बेरोजगारी, गरिबी, आर्थिक असमानता आदि सबैबाट मुक्त गर्न सकिनेछ।

तिमीहरू प्रश्न गर्नेछौ, "समाजवादी व्यवस्था नअँगाले पनि संरा अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, जापानजस्ता देशहरू कसरी सम्पन्न भए ?" तिमीहरूको जिज्ञासा राम्रो हो। तर, ती देशहरूको २-३ सय वर्षको इतिहास हेर्दा आफै प्रस्ट हुन्छ। तिनीहरूले आआफ्ना उपनिवेशहरू अर्थात् एसिया, अफ्रिका र ल्याटिन अमेरिकी महादेशका विभिन्न मुलुकका प्राकृतिक स्रोत र साधनहरू २-३ सय वर्षसम्म लुटे तथा जनताको श्रमको चर्को शोषण गरिरहे। साम्राज्यवादी देशहरूको सम्पन्नताको कण-कणमा ती देशका श्रमिक र उपनिवेश देशका जनताको रगत र पसिना लत्पतिएको छ। तिनीहरूको सम्पन्नताको रहस्य नै लुट, हिंसा र शोषण हो।

समाजवादी अर्थतन्त्रले 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को सिद्धान्त लागु गर्छ र त्यस व्यवस्थामा कसैले कसैलाई शोषण गर्दैन। अरू देशमाथि आक्रमण र लुटपाट गर्दैन बरु कामदार जनताको सामूहिक श्रमले सम्पन्नता हासिल हुन्छ।



# जेम्स पेट्रासको अन्त्य: एक बौद्धिक मौनता



● के. एम. सीथी

आफ्ना लेखनले कैयौँ महाद्वीपका पुस्तौँपुस्ताका आलोचनात्मक चिन्तकहरूलाई प्रभावित तुल्याएका अमेरिकी समाजशास्त्री जेम्स पेट्रासको मृत्युपश्चात् यो संसारबाट उनको बिदाइ सुस्केराजस्तै गरी भयो। सत्ताको हिंसा, विश्वव्यापी पुँजीवादको असमानता र साम्राज्यका भ्रमहरूलाई उदाङ्गो पार्न आफ्नो जीवन अर्पण गर्ने यी विद्वानले आफ्ना केही सीमित पाठक र सहयोद्धाहरूको घेराभन्दा बाहिर खासै कोलाहल नगरी यो संसार छोडे। बौद्धिक उचाइलाई प्राय: चमकधमक र चर्चाका आधारमा मापन गरिने वर्तमान समयमा उनको बिदाइमा छाएको यो सन्नाटाले समकालीन सार्वजनिक जीवनमा विद्रोही आवाजहरूका लागि कस्तो स्थान सुरक्षित गरिएको छ भन्ने कुराको गहिरो सङ्केत गर्दछ।

पेट्रासको निधन ८९ औँ जन्मदिनको बेला सन् २०२६ जनवरी १७ मा सियाटलमा भयो। उनको देहावसान अमेरिकी राजनीतिक विचारका अर्का प्रखर र क्रान्तिकारी व्यक्तित्व माइकल पेरेन्टीको मृत्युभन्दा केही दिनअघि मात्र भएको थियो। यद्यपि, पेरेन्टीको नाम जताततै चर्चामा रहँदा पेट्रासको प्रस्थान भने प्राज्ञिक र सञ्चार जगतमा लगभग कसैको नजरमा नपरी



ओझेलमा पर्यो।

सन् १९३७ मा म्यासाचुसेट्सको एक आप्रवासी श्रमिक परिवारमा जन्मिएका पेट्रासले आफ्नो प्राज्ञिक जीवनमा श्रम सङ्घर्ष र सामाजिक अन्यायप्रति गहिरो संवेदनशीलता बोकेका थिए। बोस्टन र क्यालिफोर्निया विश्वविद्यालय (बर्कले) मा अध्ययन गरेपछि उनले आफ्नो करियरको लामो समय बिङ्घमटन विश्वविद्यालयमा समाजशास्त्र अध्यापन र ती विद्यार्थीलाई मार्गदर्शन गर्नमा बिताए, जो पछि गएर स्वयं विद्वान, अभियन्ता र सार्वजनिक बौद्धिक बने। पाँच दशकभन्दा लामो समयको अन्तरालमा उनले ६० भन्दा बढी पुस्तक, सयौँ प्राज्ञिक लेख र विश्वभरका पत्रपत्रिकामा हजारौँ निबन्धहरू लेखेर एक असाधारण बौद्धिक भण्डार खडा गरे। उनको पुस्ताका विरलै विद्वानहरूले यति निरन्तरता र वैश्विक पहुँचका साथ कलम चलाएका होलान्! अचम्म त यो लाग्छ कि, ट्रम्प प्रशासनको प्रतिशोधको डरका बिच कम्तीमा बिङ्घमटन विश्वविद्यालयले मात्रै भए पनि उनीप्रति श्रद्धाञ्जली अर्पण गर्यो कि गरेन ?

पेट्राससँगको मेरो सामीप्य झण्डै सवा शताब्दीसम्म फैलियो। मैले सम्पादन गरेका तीनवटा प्राज्ञिक जर्नल्स- 'साउथ एसियन जर्नल अफ डिप्लोमेसी', 'इन्डियन जर्नल अफ पोलिटिक्स एन्ड इन्टरनेसनल रिलेसन्स' र 'जर्नल अफ पोलिटिकल इकोनोमी एन्ड फिकल फेडरलिज्म' मा उनका लेखहरू प्रकाशित भए। उनले यीमध्ये दुईवटा जर्नल्सको अन्तर्राष्ट्रिय सल्लाहकार बोर्डमा रहेर पनि सेवा गरे। हाम्रा संवादहरू सधैँ न्यानो र बौद्धिक रूपमा तीखा हुन्थे। उनले सन् २०२० को अप्रिलसम्म मलाई इमेलहरू पठाइरहे, जसमा प्राय: 'ग्लोबल साउथ'का विकासक्रमबारे जिज्ञासा र समकालीन राजनीतिमाथि उनका चिन्तनहरू हुन्थे। उनको अन्तिम इमेलमा उनले मैले सम्पादन गर्न लागेको त्यो पुस्तक पठाउन आग्रह गरेका थिए, जसमा 'उत्तर-मार्क्सवाद' (post–Marxism) बारे उनको निबन्ध समावेश थियो। त्यसपछि सन्नाटा छायो। उनको मृत्युको खबर ढिलो गरी मकहाँ आइपुग्दा मलाई यो कुनै आत्मीय विद्वानको देहावसानजस्तो मात्र लागेन, बरु एउटा चलिरहेको जीवन्त संवादको अचानक अन्त्य भएजस्तो महसुस भयो।

पेट्रासको जीवन बौद्धिकता र सक्रियताको एक दुर्लभ मिश्रण थियो। उनले प्राज्ञिक कार्यलाई कहिल्यै पनि समाजबाट अलगिएको पेसाका रूपमा हेरेनन्। उनले सामाजिक आन्दोलनहरूसँग सहकार्य गरे, ल्याटिन अमेरिकामा भइरहेका दमनहरूको जाँच गर्ने अन्तर्राष्ट्रिय न्यायाधीकरणहरूमा सहभागी भए र प्राज्ञिक जर्नलदेखि जनसाधारणले पढ्ने पत्रपत्रिकासम्म आफ्ना विचारहरू पस्किए। बौद्धिक कार्यले समाजप्रति एउटा गम्भीर उत्तरदायित्व बोकेको हुन्छ भन्ने कुरामा उनको अटल विश्वास थियो र आफ्नो सम्पूर्ण कार्यकालभरि उनले त्यही विश्वासलाई व्यवहारमा उतारे। विश्वविद्यालयहरूले प्राविधिक विशिष्टीकरण र सुरक्षित निष्कर्षहरूलाई मात्रै पुरस्कृत गर्ने आजको समयमा पेट्रासले 'बौद्धिकताले अझै पनि ज्वलन्त राजनीतिक यथार्थहरूसँग संवाद गर्न सक्छ' भन्ने सन्देशका साथ आफूलाई पृथक उभ्याए।

## विधि, शक्ति र साम्राज्यको प्रश्न

पेट्रासको बौद्धिक कर्मले हामीलाई विश्वव्यापी असमानतालाई वर्ग सम्बन्ध, राज्य शक्ति र ठोस राजनीतिक सङ्घर्षका माध्यमबाट मात्र बुझ्न सकिन्छ भन्ने निरन्तर सम्झाइरह्यो। विश्वव्यापीकरणका धेरै सिद्धान्तकारहरूले यसलाई बजार, सञ्जाल र अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा प्रभावित विश्वका रूपमा व्याख्या गरे। तर, पेट्रास भने त्यसलाई केही फरक ढङ्गले हेर्थे। उनी शक्तिशाली राज्यहरूले अझै पनि विश्वव्यापी पुँजीवादलाई व्यवस्थित गरिरहेका छन्, वित्तीय नियमहरू लादिरहेका छन् र कर्पोरेट स्वार्थको रक्षाका लागि सैन्य बल परिचालन गरिरहेका छन् भन्ने तर्क गर्थे। उनको बुझाइमा, साम्राज्यवाद कुनै अमूर्त धारणामा बिलिन भएको थिएन; बरु, यसले आफ्नो राजनीतिक जगलाई कायम राख्दै नयाँ आर्थिक स्वरूपहरूमा आफूलाई अनुकूल बनाएको मात्र थियो।

यही दृष्टिकोणले उनलाई इमानुएल वालरस्टाइन र समिर अमिनजस्ता 'विश्व-प्रणाली' (world–systems) का चिन्तकहरूसँगको संवादमा उभ्यायो। उनीहरूले केन्द्र र परिधिबिचको लामो ऐतिहासिक चक्र र संरचनात्मक श्रेणीक्रमको परीक्षण गरिरहँदा, पेट्रासले भने आफ्नो ध्यान प्रत्येक समाजभित्रको सामाजिक सम्बन्धतर्फ मोडे। शोषणको सुरुवात उत्पादनको थलोबाट हुन्छ र यसलाई ती आन्तरिक शासक वर्गहरूले निर्धारण गर्छन्, जसले आफ्नो शक्तिलाई अन्तर्राष्ट्रिय स्तरसम्म फैलाउन राज्यको प्रयोग गर्छन् भन्ने उनको तर्क थियो। त्यसैले, राष्ट्र-राज्य (nation–state) असान्दर्भिक भएको छैन, बरु यो अझै पनि केन्द्रमा छ भन्ने उनको मान्यता थियो। मानवीय सक्रियता र वर्गसङ्घर्षमाथिको यो जोडले गर्दा पेट्रासका कार्यहरू अन्य संरचनात्मक सिद्धान्तहरूभन्दा बढी प्रखर र राजनीतिक रूपमा प्रभावकारी बनेका छन्।

ल्याटिन अमेरिका उनको विश्लेषणको मुख्य प्रयोगशाला बन्यो। उनले उदारवादी सुधार, व्यापार सम्झौता र वित्तीय परनिर्भरताका बारेमा विस्तृत रूपमा लेख्दै यी प्रक्रियाहरूले कसरी श्रम आन्दोलन र राष्ट्रिय सार्वभौमसत्तालाई कमजोर बनाउँदै सम्पत्तिलाई माथिल्लो तप्कामा पुर्‍याउँछन् भन्ने कुरा देखाए। उनले साल्भाडोर एलेन्डे, ह्युगो चाभेज र एन्ड्रियास पापान्ड्रेउजस्ता व्यक्तित्वहरूसँग निकट सम्बन्ध राखे र सुधारवादी सरकारहरूले विश्वव्यापी अवरोधहरूविरुद्ध कसरी सङ्घर्ष गर्छन् भन्ने कुरा नजिकबाट नियाले। जनआन्दोलनहरूप्रतिको उनको समर्थनले उनलाई सम्झौतापरस्त नीति वा अधिनायकवादी प्रवृत्तिहरूको आलोचना गर्नबाट कहिल्यै रोकेन। ऐक्यबद्धता र संशयबिचको यही सन्तुलन उनको कार्यशैलीको एउटा चिनारी बन्यो।

समकालीन सिद्धान्तमाथिको उनको आलोचनाले पनि यही झुकावलाई प्रतिबिम्बित गर्दथ्यो। 'उत्तर-मार्क्सवाद' (post–Marxism) सम्बन्धी आफ्ना लेखहरूमा पेट्रासले वर्ग-राजनीतिबाट पछि हट्नु बौद्धिक प्रगति नभई राजनीतिक पराजयको उपज थियो भन्ने तर्क गरे। पहिचानमा आधारित सङ्घर्षहरूले तब मात्र रूपान्तरण ल्याउन सक्छन्, जब तिनीहरू स्वामित्व, श्रम र आर्थिक नियन्त्रणका प्रश्नहरूसँग जोडिन्छन् भन्ने उनको ठम्याइ थियो। त्यसैगरी, हर्ट र नेग्रीको 'एम्पायर' (Empire) माथि टिप्पणी गर्दै उनले शक्ति सीमाहीन सञ्जालहरूमा छरिएको छ भन्ने धारणालाई अस्वीकार गरे। पेट्रासका लागि, बहुराष्ट्रिय कम्पनीहरू अझै शक्तिशाली राज्यहरूमाथि नै निर्भर थिए र सैन्य गठबन्धनहरू प्रभुत्व जमाउने निर्णायक अस्त्रका रूपमा कायमै थिए।

उनले समाजशास्त्रका विभिन्न पाटाहरूलाई अलग-अलग विधाका रूपमा टुक्र्याउने प्रवृत्तिका विरुद्ध पनि चेतावनी दिएका थिए। उनको तर्क आधुनिक समाजलाई प्रभाव पार्ने शक्तिहरूलाई बुझ्नका लागि वास्तविक अन्तरविषयक (interdisciplinary) कार्यले राजनीतिक अर्थतन्त्र, समाजशास्त्र र इतिहासलाई पुन: एक ठाउँमा जोड्नुपर्छ भन्ने थियो। उनको विचारमा, बौद्धिकले सामाजिक प्रवृत्तिहरूको वर्णन मात्र गर्ने होइन, बरु शक्तिले कसरी काम गर्छ भन्ने कुराको व्याख्या गर्नुपर्छ।

यही दृढ विश्वासले अमेरिकी विदेश नीति, पश्चिम एसियामा इजरायली रणनीति र प्रारम्भिक ट्रम्प कालमा राष्ट्रवादी आर्थिक नीतिहरूको उदयबारे उनले गरेका विश्लेषणहरूलाई मार्गदर्शन गर्‍यो। आन्तरिक राजनीतिको चर्चा गर्दा समेत पेट्रासले देशभित्रको असमानता र विश्वव्यापी शक्ति प्रदर्शनबिचको कडीलाई मिहीन ढङ्गले पहिल्याउने गर्दथे।

## बौद्धिक साहसको विरासत

जेम्स पेट्रासको नाममा दशकौँ लामो समय र विभिन्न महाद्वीपहरू ओगटेको विशाल लेखन भण्डार छ। 'अनमास्किङ ग्लोबलाइजेसन' (Unmasking Globalization), 'सिस्टम इन क्राइसिस' (System in Crisis), 'बियोन्ड नियोलिबरलिज्म' (Beyond Neoliberalism) र 'इम्पेरियलिज्म एन्ड क्यापिटलिज्म इन द ट्वान्टी-फर्स्ट सेन्चुरी' (Imperialism and Capitalism in the Twenty–First Century) जस्ता पुस्तकहरूले विश्वव्यापी पुँजीवादको विकास र यसले निम्त्याउने प्रतिरोधको जीवन्त व्याख्या गर्छन्। हेनरी भेल्टमेयरसँग मिलेर उनले ल्याटिन अमेरिकाबारे गरेका अध्ययनहरू विकास र सामाजिक आन्दोलनका अध्येताहरूका लागि अझै अनिवार्य सन्दर्भ सामग्रीका रूपमा रहेका छन्। साथै, अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा छापिने उनका स्तम्भहरूले उनका विचारलाई प्राज्ञिक क्षेत्रभन्दा निकै परसम्म पुर्‍याउन मद्दत गरे।

पेट्रासको विरासतलाई खास बनाउने पक्ष उनको बौद्धिक प्रतिबद्धताको निरन्तरता हो। वर्गसङ्घर्ष इतिहासबाट हराइसक्यो वा साम्राज्यवादी राजनीतिले तटस्थ विश्वव्यापीकरणलाई ठाउँ दियो भन्ने दाबीलाई उनले कहिल्यै स्वीकार गरेनन्। उनले बौद्धिकहरूले आफ्नै सरकारका कदमहरूको सूक्ष्म परीक्षण गर्ने जिम्मेवारी वहन गर्नुपर्छ भन्ने कुरामा पनि जोड दिए। क्युवा, पश्चिम एसिया र विश्व व्यापारबारेका आफ्ना लेखहरूमा उनले शक्तिशाली देशका विद्वानहरूलाई टाढा बसेर कमजोर राष्ट्रहरूको न्याय गर्नुभन्दा पहिले आफ्नै राज्यको व्यवहारलाई सूक्ष्म रूपले नियाल्नुपर्छ भन्ने अर्ती दिए। बौद्धिक जवाफदेहिताप्रतिको यही आग्रहले उनको सार्वजनिक आवाजलाई परिभाषित गर्‍यो।


उनको कार्यकाल विवादमुक्त भने रहेन। उनका कतिपय पछिल्ला, विशेषगरी जहाँ उनका विश्लेषणहरूले संवेदनशील राजनीतिक प्रश्नहरूलाई स्पर्श गरेका लेखहरूले कडा आलोचना पनि खेप्नुपर्‍यो। तर, यी बहसहरूले उनले उजागर गर्न खोजेका तिनै तनावहरूलाई प्रकट गर्छन् - जुन प्राज्ञिक स्वतन्त्रता, राजनीतिक शक्ति र सार्वजनिक बहसबिचको एउटा असहज सम्बन्ध हो। पेट्रासले कहिल्यै पनि सहज र सर्वसम्मतिको बाटो रोजेनन्। उनले तर्कलाई नै बौद्धिक जीवनको प्राण माने र विमतिले प्राय: एक्लोपन निम्त्याउँछ भन्ने कुरालाई सहजै स्वीकार गरे।


पाँच दशकको यात्रामा उनले विश्लेषणात्मक प्रखरतालाई नगुमाइकन पनि बौद्धिकतालाई सामाजिक सङ्घर्षसँग जोड्न सकिन्छ भन्ने यो प्रमाणित गरिदिए। ग्रीसमा पापान्ड्रेउलाई सल्लाह दिनुदेखि ल्याटिन अमेरिकाका आन्दोलनहरूमा सहभागी हुनुसम्म, पेट्रासले विचार र कर्मबिच एक असाधारण निरन्तरता कायम राखे। बौद्धिक कार्यले एकातिर शक्तिको संरचनालाई छर्लङ्ग पार्नुपर्छ भने अर्कोतिर ती शक्तिविरुद्ध लड्नेहरूको आवाजलाई पनि ठाउँ दिनुपर्छ भन्ने उनको विश्वास थियो।


पेट्रासको मृत्युप्रति देखिएको यो मौन प्रतिक्रियाले वर्तमान बौद्धिक जगतको एउटा पाटोलाई उजागर गर्छ। यसले हाम्रो समयमा बौद्धिक दायरा कसरी खुम्चिँदै गइरहेको छ भन्ने कुरा स्पष्ट पार्छ। आज विश्वविद्यालयहरू नवप्रवर्तन (innovation) को उत्सव त मनाउँछन् तर 'असहमति' (dissent) लाई निरुत्साहित गर्छन्; प्राज्ञिक जर्नलहरू प्राविधिक शुद्धतालाई त पुरस्कृत गर्छन् तर संरचनात्मक आलोचनाबाट भने टाढिन्छन्। सार्वजनिक बहसहरूले पनि अप्रिय सत्यभन्दा शिष्ट टिप्पणीहरूलाई नै बढी रुचाउँछन्। यस्तो वातावरणमा, पेट्रासजस्ता आवाजहरूलाई तिनले मात्र सम्झिनेछन् जो अझै असमानता, साम्राज्य र शोषणको उत्तर खोजिरहेका छन्। उनका लेखहरू आज पनि कक्षाकोठा, आन्दोलन र अनौपचारिक सञ्जालहरूमा फैलिरहेका छन्, किनकि उनले कहिल्यै 'सुरक्षित निष्कर्ष' (safe conclusions) दिने बाटो रोजेनन्। उनका लेखहरूले सिद्धान्तले जीवित यथार्थको सामना गर्नुपर्छ र जब पाण्डित्य प्राविधिक भाषा र व्यावसायिक सावधानीको घेराभित्र खुम्चिन्छ, तब यसले आफ्नो उद्देश्य नै गुमाउँछ भन्ने कुराको जब्बर जिकीर गर्छ।


जेम्स पेट्रास निश्चित रूपमा त्यस्तो पुस्ताका प्रतिनिधि थिए, जसले विचार र सिद्धान्तलाई प्राज्ञिक प्रतिष्ठा बढाउने 'गहना' मात्र ठान्नुको सट्टा ऐतिहासिक परिवर्तनको 'अस्त्र' का रूपमा ग्रहण गरे। यो संसारले उनको बिदाइको खबरलाई एउटा सामान्य सन्नाटाका बिच ग्रहण गरे तापनि उनले उठाएका प्रश्नहरू भने कत्ति पनि फिक्का भएका छैनन्।

*स्रोत: द वायर डटआइएन*

















भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५



# क्षयरोगमुक्त समाज निर्माण गर्नु आवश्यक




भक्तपुर, २ चैत । भक्तपुर जिल्ला जनस्वास्थ्य कार्यालय र ख्वप अस्पतालको प्राविधिक सहयोग तथा भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा आइतबार श्वासप्रश्वास पुन:स्थापना केन्द्र, तुमचोमा फोक्सो परीक्षण शिविर सम्पन्न भयो ।

विश्व क्षयरोग दिवस (मार्च २४) को अवसरमा क्षयरोगमुक्त समाज निर्माण गर्ने अभियानअन्तर्गत उक्त शिविर भएको आयोजकले बताएको छ । एआई प्रविधिको अत्याधुनिक एक्स रे मेसिन र विशेषज्ञ डाक्टरको उपस्थितिमा सम्पन्न उक्त शिविरमा ३२२ जना नागरिकहरूको परीक्षण गरिएको जानकारी दिइएको छ ।

शिविर सुरु हुनुपूर्व भएको औपचारिक कार्यक्रममा वडाध्यक्ष रवीन्द्र ज्याख्वले वायु प्रदूषण तथा धूमपानको कारण फोक्सोसम्बन्धी विभिन्न रोगबाट पीडितहरूको सङ्ख्या बढिरहेको चर्चा गर्दै समयमै फोक्सो जाँच गराउन सबैमा अनुरोध गर्नुभयो । स्वस्थ नागरिकले परिवार र समाजको प्रगतिका लागि योगदान गर्न सक्ने उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले नागरिकहरूको स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखेको प्रस्ट पार्नुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख अञ्जना खड्काले भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गरिरहेकैले नगरवासीहरूमा रोगको सुरुवाती चरणमा नै उपचार गर्न सम्भव भएको बताउनुभयो । उहाँले बिरामीलाई हेला होइन, माया गर्दै निरन्तर उपचार सेवामा सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालका चिकित्सक डा. रत्नसुन्दर लासिवाले धुवाँ धुलोसँगै चिसोपना र ब्याक्टेरिया, भाइरसका कारण फोक्सोसम्बन्धी विभिन्न रोगहरू लाग्न सक्ने चर्चा गर्दै क्षयरोगका लक्षण र उपचार विधिबारे जानकारी दिनुभयो ।

शिविरमा २१९ जना महिला र १०३ जना पुरुषको एक्स रे परीक्षण गरिएकोमा २६ जना महिला र ९ जना पुरुषको खकार परीक्षण पनि गराइएको थियो । ८ जनामा क्षयरोगका जीवाणुहरू देखिएको जानकारी दिँदै वडाध्यक्ष ज्याख्वले उहाँहरूको नि:शुल्क औषधि उपचार भएको बताउनुभयो ।

# देश र जनताको मुहारमा परिवर्तन आवश्यक

काठमाडौँ । जनताले नचिनेका, जनतामाझ या गाउँ बस्तीमा कहिल्यै नपुगेका, राजनीतिप्रति चासो नभएका उम्मेदवारहरू कसरी निर्वाचित भए भन्ने चर्चा गाउँ-घर, सहर बजारको चोक चोक, गल्ली, पसलहरूमा भइरहेको छ । निर्वाचन अघिसम्म व्यक्तिगत स्वार्थ या पेसामा लागेका, विकास र राजनीतिबाट टाढा रहेका व्यक्तिहरू भारी मतले विजयी भएकोमा राजनीतिक दलका नेता, कार्यकर्ता, बुद्धिजीवी मात्र होइन सर्वसाधारण जनता नै ताजुब छन् । राजनीतिक विश्लेषकहरूले प्रश्न गर्न थालेका छन्, जनता पनि कस्ता कस्ता ! इमानपूर्वक राजनीति गरेका, देश र जनताप्रति समर्पित दलका उम्मेदवारहरू छोडेर देश र जनताको निम्ति कुनै सेवा नगरेका उम्मेदवारहरू कसरी निर्वाचित भए ? कसैको लहैलहैमा लागेर निर्वाचित उम्मेदवारहरू कस्ता कस्ता चरित्रका हुन् ? बुझ्नुपर्ने बेला आएको छ ।

हाल निर्वाचित अधिकांश सांसदहरू न राजनीतिमा लागेका थिए न त विकासमा लागेका थिए । जनतामाझ नभिजेका र नचिनेका व्यक्तिहरूलाई मतदान गर्ने जनता 'लहैलहैमा' लागेको प्रस्ट छ । जनताले हचुवाको भर या लहैलहैमा कुनै पनि दलका उम्मेदवारलाई मतदान गर्नु ठीक होइन । देश र जनताको पक्षमा कानुन बनाउनुपर्ने थलो संसद्मा जनताको समस्या नबुझेका, थाहा नपाएका, गाउँ, सहरको समस्या थाहा नभएका व्यक्तिहरूलाई निर्वाचित गरेर जनताको समस्या कसरी समाधान हुन्छ ? के उनीहरूले बहुमत जनताको पक्षमा ऐन - कानुन बनाउलान् ? देशमा रहेका सबै राजनीतिक दलले आफ्ना दलका कार्यकर्ता तथा सर्वसाधारण जनतामा राजनीतिक चेतना जगाएको भए, प्रशिक्षित गरेको भए जनता कुनै हालतमा लहैलहैमा जाने थिएनन्; लोभलालचमा फस्ने र पैसाको लोभमा भुल्ने थिएनन् । राजनीतिक रूपमा सुसूचित नभएको र सांस्कृतिक स्तरको कमीले जनता लहैलहैको पछि दौडे । यो जनतामा राजनीतिक चेतना नहुँदाको परिणाम हो ।

मतदाताहरूले रास्वपाको उद्देश्य बुझेर, उम्मेदवारहरू चिनेर, इमानदार भएर मत हालेका होइनन् । ठूला दलहरूको पटकपटक शासन गर्दा पनि जनताको हितमा कुनै काम नगरेकाले जनतामा असन्तोष छाएको हो । विगतको निर्वाचनमा अरू दलले पनि बहुमत प्राप्त गरेको थियो । तर, त्यसलाई निरन्तरता दिन सकिएन । रास्वपाले हाल पाएको मत पनि जहिल्यै पाउँछ भन्ने कुरा होइन । यो परीक्षाको समय हो । मुख्य कुरा सरकारको नेतृत्व परिवर्तन होइन देश र जनताको मुहारमा परिवर्तन हुनुपर्छ । देशको निर्माण महत्त्वपूर्ण पक्ष हो । युवाहरूले आफ्नै देशमा काम पाउनुपर्छ । कहीं कतै भ्रष्टाचार र अनियमितता हुनु हुँदैन । सरकारले नेपाल र नेपालीको स्वार्थ छोडेर विदेशी र विदेशीको स्वार्थ खोज्ने होइन । युवाहरू विदेश पलायन नहोऊन् । सरकारको नेतृत्व गर्न र मन्त्री बन्नको निम्ति तँछाडमछाड नहोस् । जनताले राहत पाउने खालका ऐन - कानुन बनोस् । नेपालभरि विकास गर्न सन्तुलित विकास गर्नुपर्छ । देशभर विकास गर्न सडक, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, कृषि, पर्यटन, प्रविधि आदि सबै क्षेत्रमा विकास पुग्नुपर्छ । आधुनिक प्रविधि ज्ञान र सीप अँगाल्दै समाजवादी अर्थतन्त्रको विकास गर्नुपर्छ । के अबको सरकार संवैधानिक व्यवस्थाअनुसार समाजवादउन्मुख अवधारणाअनुसार ऐन - कानुन बनाउन अघि सर्ला ?

विगतमा सरकारको नेतृत्व गर्ने दलका नेताहरूमा घमण्ड थियो । उनीहरूमा शक्तिको उन्माद थियो । उनीहरू अन्य दलका नेता, कार्यकर्ताहरूलाई गन्दैनथे; अपमान गर्थे; साना दलको कुरा सुन्दैनथे । आज उनीहरू नै साना दलमा झरे । अब बन्ने सरकार पनि शक्ति उन्मादमा लागे, दल ठूला हुनु नै सच्चाइ या सही दलको परिचय ठाने रास्वपा पनि नेका र एमालेको गति नहोला भन्न सकिँदैन । हाल निर्वाचित भएका अधिकांश सांसदहरूमा राजनीतिक पृष्ठभूमि थिएन; उनीहरू कसको कृपामा राजनीतिमा होमे ? उनीहरू के कस्ता आपराधिक क्रियाकलापमा संलग्न थिए भन्नेतर्फ मतदाताहरू अध्ययन गर्दै छन् ।

भ्रष्टाचार र अनियमितता अन्त्य नगरी आर्थिक विकास हुने छैन । सरकार सञ्चालकहरू जनताप्रति उत्तरदायी हुनुपर्छ । अबको हरेक योजना र काम पारदर्शी र परिणाममुखी हुनुपर्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनुपर्छ । नेपालको आर्थिक विकासको मुख्य आधार मानिने कृषि, पर्यटन, जलस्रोत, सूचना प्रविधि तथा साना तथा मझौला उद्योगलाई उन्नत बनाउनुपर्छ या विकासको उचाइमा पुऱ्याउनुपर्छ । सरकारको नेतृत्व गर्ने दलका नेताहरू इमानदार, दूरदर्शी हुनुपर्छ । जनतामाझ व्यक्त प्रतिबद्धता या वाचा एक एक पाइला गरी लागू गर्नुपर्छ । देशलाई साँच्चै समृद्ध बनाउन, जनताका आधारभूत आवश्यकता पूरा गर्न उद्योग, कारखाना खोल्ने काममा सरकार जुट्नुपर्छ ।

निर्वाचनमा हार्नु भनेको कुनै दलको सिद्धान्त र विचार हार्नु होइन । यो अस्थायी हार हो । निर्वाचनमा हारेमा दलले देश र जनताको पक्षमा राजनीति गर्न छोड्दैन । निरङ्कुश पञ्चायती व्यवस्थासँग जुधेको दल पुँजीवादी दल र व्यवस्थासँग लड्न पछि पर्दैन । सच्चा कम्युनिस्टहरू त आमूल परिवर्तन नभएसम्म लड्ने छन् । निर्वाचन पनि आन्दोलनको एक भाग हो । आन्दोलन चालू रहन्छ, चालू रहनेछ ।

**युद्धको...**

चाँगुनारायण मन्दिर रहेको डाँडो वरिपरि बालुवा र माटो उत्खनन् भइरहँदा हाम्रो सांस्कृतिक धरोहर पहिरोको खतरामा परेको उल्लेख गर्दै उहाँले नेमकिपाले यो विषय सडक र संसद्मा उठाए पनि सरकारहरूले ध्यान नदिएको र अब बन्ने सरकारले पनि ध्यान नदिए जनताले सडक सङ्घर्ष गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "इजरायली प्रधानमन्त्री नेतन्याहु र अमेरिकी राष्ट्रपति ट्रम्पले इरानमाथि आक्रमण गर्दा नेपालमा पनि खाद्यान्न र इन्धनको अभाव बढ्यो । यतिबेला नेपालमा आधा भरिएको ग्यासको सिलिन्डर किन्न लाइन बस्नुपर्ने भयो ।"

सचिव सुवालले विश्वमा भइरहेको हतियार र युद्ध निर्यातको नेमकिपाले विरोध गर्दै आएको चर्चा गर्दै पार्टीको यो आवाजलाई नबुझेकाहरूले विदेशीको कुरा किन भनी भ्रम फैलाएको बताउनुभयो । उहाँले बाँकी संसारमा शान्ति कायम नभएसम्म नेपालमा मात्र शान्ति कायम नहुनेबारे स्पष्ट हुनु जरुरी रहेको उल्लेख गर्नुभयो ।

"नेमकिपाको एउटै लक्ष्य देश र जनताको नि:स्वार्थ सेवा हो । निर्वाचनमा नेमकिपाले आचारसंहिता पालना गऱ्यो । सरकार र निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घन गरेकाहरूलाई कारबाही गरेनन् । निर्वाचनको परिणामबाट हामीले देश र जनताको थप सेवा गर्ने शिक्षा लिएका छौँ" सचिव सुवालले भन्नुभयो ।

प्रमुख अतिथि सुवालले भन्नुभयो, "देश र जनताको सेवामा समाहित नभएका पार्टीको सरकारबाट जनतालाई कुनै उपलब्धि हुनेछैन । अघिल्ला संसद्मा रातो राहदानी बेच्ने, कुर्सी तोडफोड गर्ने, प्रमुख जिल्ला अधिकारीलाई चड्कन हान्ने जस्ता अनेक अनैतिक र भ्रष्टाचारका घटना भए । त्यतिबेला जनताले 'सिंहदरबारमा बाँदर पसेको' गुनासो गरेका थिए । अहिलेका शासकहरू सचेत नभए हिजोजस्तै भ्रष्टाचार बढ्नेछ ।"

**विदेशी...**

नैतिकता महत्त्वपूर्ण हुने धारणा राख्दै उहाँले पपुलिजमको लहरले नेपालको राजनीति नै सङ्कटमा परेको र नेपाल पनि पपुलिजमको सिकार हुँदै गइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

संरा अमेरिकी साम्राज्यवाद आक्रमक ढङ्गले प्रस्तुत भइरहेको बताउँदै उहाँले त्यसको विरोधमा भियतनामी जनताले लडेको वीरतापूर्ण इतिहासबाट नेपालले पनि पाठ सिक्नुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले शैक्षिक, सामाजिक, राजनीतिक रूपमा महिलाहरूको अग्रसरता नेपाली समाजमा पनि उल्लेखनीय रहँदै आएको बताउनुभयो ।

बलात्कारजस्तो जघन्य अपराध गर्नेलाई मृत्युदण्डको सजायको बन्दोबस्त हुनुपर्ने र ढिलो न्याय दिनु पनि अन्याय भएको उहाँले बताउनुभयो ।

समाजका बेथितिहरूविरुद्ध लड्ने शिक्षा आजको आवश्यकता भएको चर्चा गर्दै उहाँले अर्थतन्त्रसँग जोडिएको शिक्षालाई विशेष जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्य, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा र वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वार्षिकोत्सव समारोह समितिका संयोजक ज्ञानेन्द्र श्रेष्ठले स्वागत मन्तव्य र विद्यार्थी प्रतिनिधि तुल्सीराम दुवाल, वागीश्वरी मावि विद्यार्थी हित समितिका निशा थापाले शुभकामना मन्तव्य राख्नुभयो भने शिक्षक मङ्गलेश्वर ध्वजूले पनि बोल्नुभएको थियो ।

**एकक्षण** — प्रधान

# यसपालिको संसदीय निर्वाचनलाई फर्केर हेर्दा

संसदीय निर्वाचनको क्रममा विभिन्न जिल्ला, गाउँ र क्षेत्रमा गएका कार्यकर्ता र युवाहरूको अनुभवहरू सुन्दा नेपालीहरूलाई पत्याउन गाह्रो हुन्छ, कहिले नसुनेका र नभोगेका अनुभवहरू सुन्नमा आए ।

हेटौँडा र चितवनमा गएका साथीहरूको रिपोर्टअनुसार ठाउँ ठाउँमा मानिसहरू नेमकिपाको नाउँ सुन्नासाथ डराउँथे । पढेलेखेको वा जान्नेसुन्नेहरूसँग कुराकानी गर्दा उनीहरू 'भक्तपुर र नेमकिपाको विषयमा हामीलाई राम्रो थाहा छ, रोहितजीको विषयमा पनि राम्रो थाहा छ, तर यहाँको परिस्थिति साह्रै डरलाग्दो छ, अहिले तपाईंहरूसँग कुरा गर्नु भनेको खतरा मोल्नु हो, त्यसो नगरौँ' भन्थे र घरभित्र पसिहाल्थे ।

'घण्टी' को बारे कुरा गरेमा नडराउने, अरू पार्टीको विषय कुरा गरे पनि हुने, तर नेमकिपाको बारेमा कुरा गरेमा तर्सने ! के कुरा गरे थाहा दिएनन् ।

तपाईंहरू पहिले नै आउनुभएन; अब त मत खसाल्न र परिणाम मात्रै देख्ने र सुन्ने बेलामा आएर हामीले के गर्ने ?

गाउँ गाउँमा मात्रै होइन सहरमा समेत निर्वाचन र पार्टीहरूबारे स्थानीयहरू कुरा गर्न तयार छैनन् । त्यस्ता जानकारी सुन्दा केही वर्ष दक्षिण अमेरिका वा ल्याटिन भाषा बोल्ने क्षेत्र - क्यारेबियाली देश हाइटीको निर्वाचनबारे शान्ति मिसनका नेपाली जवानहरूले घर-घरमा गएर निर्वाचनमा मतदान गर्न बोलाउन जाँदाको बयानको सम्झना आउँछ । त्यहाँ लोग्नेमानिस देखा पर्न डराउँछन् र महिलाहरू आएर 'हामी मत दिन आउँदैनौं' भन्थे ।

कारण सोध्दा उनीहरू उत्तर दिन्थे, "हामीले मत दिएको मानिस कहिल्यै जित्दैनन्, दिए पनि तिनीहरू मारिन्छन्, जेल जान्छन् … ।"

नेपाली जवानहरूले मत दिनु त कर्तव्य हो भन्ने जस्ता कुरा गरेमा ती महिलाहरू खुलेर भन्थे, "अमेरिकी समर्थकहरूले नै जित्ने हो, त्यसैले अमेरिकीहरू नै आएर मत देऊन् ।"

जिल्ला जिल्लाका रिपोर्टहरू सुन्दा लाग्छ, 'घण्टी' लाई मत नदिने हो भने केही हुन्छ कि भन्ने जनतामा एउटा त्रास फैलाएको अनुमान हुन्छ । सन्त्रासको वातावरणमा निर्वाचन हुनु वास्तवमा साँचो 'जनमत' थाहा हुन्न । २०१५ सालदेखि निर्वाचन हेर्दै र मत दिँदै आएका ज्येष्ठहरूले यस्तो निर्वाचन पूर्वी नेपालमा सुनिएकै थिएन भन्थे ।

कसैले भन्थे, सम्भवत: २-४ दिन अगाडि नै सम्झाइबुझाइ वा पैसा र सामान दिई वा कबुल गराइसकेको हुनुपर्ने अनुमान गरे । सत्य त्यही हो भने यसलाई निष्पक्ष निर्वाचन भन्न मिल्दैन; यो सन्त्रास फैलाउने परिस्थितिलाई निर्वाचन भन्न मिल्दैन ।

XXX

सहर सहर र गाउँ गाउँमा मतदाताहरूको निर्वाचनबारे अभिव्यक्तिमा साह्रै अन्तर छ । सहरतिर 'अहिले घण्टीको लहर छ हाम्रो ठाउँमा' भनी जवाफ दिन्थे ।

गाउँमा कुन कुन पार्टीका मानिसहरू आएर मत माग्न आए भनी सोध्दा उनीहरू यस्तो कुरा नगर्नुस् तपाईंहरूको कागज दिनुस् र जानुस् अरू आए झगडा हुन्छ, तपाईंहरू यहाँबाट जानु कल्याण छ - हामीलाई डर लाग्छ' भन्थे ।

सहरका सुकिलो लुगा लगाउनेहरू भन्थे, "गुप्त मतदान भएको हुँदा 'मुखले बोल्नु हुँदैन, ज-जसले प्रचार गर्नु छ - मोबाइलमा उमेरअनुसारको गुप्त नम्बर मिलाएर प्रचार गर्नुपर्छ, पहिलेजस्तो होइन ।"

XXX

उपत्यका फर्केपछि एक-दुई टोलीका सदस्यहरूले आश्चर्य मान्दै भने, "यसपालिको निर्वाचनमा चर्चका सदस्यहरूबाट कहिले नसोचेको र कहिले नसुनेको सुन्नुपऱ्यो । चर्चका पादरीहरू भन्थे, "हाम्रा सबै सदस्यहरू वा धर्म मान्नेहरूले निर्णय गरिसकेका छौं ।"

कसैले भने, "विदेशबाट हाम्रो छोराछोरीहरूले 'फलाना चिन्हमा' छाप लगाउन भनी बारम्बार फोन गरे ।"

ती सबै कुरा सुन्दा भारतमा अङ्ग्रेजहरूसँग लड्दै गर्दा सुरुमा सबै राम्रा राम्रा कलात्मक मस्जिदहरू ढालेको सुनेको थिएँ । चीनको इतिहासमा सन् १८४४ को अफिम युद्धमा चीन हार्दा 'रोमन क्याथोलिक धर्म प्रचार गर्न पाउने' सन्धिमा लेखियो । दोस्रो अफिम युद्धमा चीन हार्दा धर्म प्रचार गर्न पाउने, चर्च बनाउने पाउने सन्धिमा सही गरायो । सन् १९०० को चीनको सङ्घाई र मेलमिलापको आन्दोलनमा जून महिनामा क्याथोलिक चर्चको भवनबाट ४ जना प्रदर्शनकारीहरू गोली हानेर मारिए ।

यी सबै विवरणले अब हुने निर्वाचनमा चर्चहरू राजनीतिक दलहरूजस्तै खुलेर प्रचारमा आउँदा के होला ? यसपालि विदेशबाट छोराछोरीहरूले आमा-बुवाहरूलाई निश्चित चिह्नमा मत हाल्न बाध्य पारे । शासक दलहरूले निर्वाचनको एक दिनअगाडि मात्रै गुप्त छलफल, लेनदेन भएको सुनियो र मत खसाल्ने दिन ती सबैको मुख उज्यालो भएको व्यापक चर्चा भयो । सिद्धान्त, नीति र उद्देश्य छोडी आतङ्क र पैसाबाट निर्वाचन गरियो । परिणाम सबैको अगाडि छ ।

प्रकाशक : सरोजराज गोसाईं | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३